# बाइबल के हो ?

“बाइबल”, “धर्मशास्त्र” वा “परमेश्वरको वचन” ख्रीष्टियान विश्वासको मुख्य पुस्तक हो । यो पुस्तक अरू किताबभन्दा पूरै फरक छ । एसियाका करिब ४० परक लेखकहरूले लेखेका ६६ वटा पुस्तकहरूको सङ्ग्रह बाइबल हो । यी सबै मानिसहरू फरक पेशाका थिए, जस्तैः राजा, कर उठाउने मानिस, मछुवा, वैद्य, किसान, सेवक, पण्डित आदि । यी मानिसहरूले १६०० वर्षभरिमा बाइबल लेखे । यीमध्ये धेरैले एकअर्कालाई चिन्दैनथे र फरक ठाउँमा बस्थे । तर पनि बाइबलका विभिन्न भागहरूलाई जोडेपछि यसको एउटै अर्थ र घटना छ । यो परमेश्वरका पवित्र आत्माले हरेक भाग लेख्नलाई प्रेरणा दिनुभएकोले हो । त्यसकारण बाइबल प्राचीन पुस्तक हो र अहिले पनि यो निकै चर्चित छ। संसारमा बाइबल नै छापिएको पहिलो पुस्तक हो र धेरै भाषाहरूमा अनुवाद भइसकेको छ।

बाइबललाई मुख्य गरी दुई भागमा बाँडिएको छः पुरानो करार र नयाँ करार । पुरानो करारमा ३९ पुस्तकहरू र त्यसका ९२७ अध्यायहरू छन् । पुरानो करार हिब्रूमा लेखिएको थियो, जुन यस्तो देखिन्छः

בראשית ברא אלהים את השמים ואת הארץ

हामीले चर्चा गरेको पुरानो करार अहिले पनि यहूदीहरूको पवित्र पुस्तक हो।

नयाँ करारमा २७ पुस्तकहरू र त्यसका २६० अध्यायहरू छन् । यो खण्डका लेखकहरूले ग्रीक भाषाको प्रयोग गरे, जुन यस्तो देखिन्थ्योः

εν αρχη ην ο λογος και ο λογος ην προς τον θεον και θεος ην ο λογος

बाइबलमा इतिहासको सत्य विवरण छ, संसारको र यसको अन्त्यको बारेमा पनि बताइएको छ । यसले मानिसको उत्पत्ति, पापको कारण एवं स्वर्ग र नरकको बारेमा बताउँछ ।

बाइबल अलौकिक पुस्तक हो भन्ने कुराको अर्को प्रमाण यो हो कि बाइबलमा भएका धेरै भविष्यवाणीहरू पूरा भएका छन्।

तपाईंका मुख्य प्रश्नहरूको बाइबलमा ठीक उत्तर छ, जस्तैः

- हामी किन यहाँ छौं ? हाम्रो उद्देश्य के हो ?
- यो संसारमा जन्मेपछि किन मर्नुपर्छ ?
- मृत्युपछि पुनर्जन्म हुन्छ कि ?
- मरेका मानिसहरूका आत्मा र भूतात्माहरू एउटै हुन् कि फरक ?
- जनावरहरू र मानिसमा के फरक छ ?
- पाप भनेको के हो ?
- हामीले पाप र कर्मबाट मुक्ति पाउन के गर्नुपर्छ ?
- परमेश्वर साँच्चै हुनुहन्छ त ?
- मानिसले किन कष्ट र निराशा भोगेर अन्त्यमा मर्नुपर्छ ?

यी सबैर अरू धेरैप्रश्नहरूको उत्तरको लागि अगाडि पढ्नुहोस्...

# अध्यायहरू


1. सुरुवात 1
2. अब्राहाम 21
3. मोशा 36
4. प्रस्थान 65
5. अगमवक्ताहरू 95
6. खीष्टको बारेमा गरिएका अगमवाणीहरू 141
7. नयाँ करार, खीष्टको जन्म र परीक्षा 157
8. सुरुको सेवा 177
9. आश्चर्यकर्म र उखानहरू 208
10. निस्तार चाड र खीष्टको कष्ट 241
11. पुनरुत्थान, पेन्तिकोस र सुरुको मण्डली 271
12. सारा संसारलाई 299



Good and Evil®



Copyright © 2006 by Michael and Debi Pearl



Published by:
No Greater Joy Ministries, Inc.
1000 Pearl Road
Pleasantville, TN 37033
www.NoGreaterJoy.org



सर्वाधिकार सुरक्षित । यो पुस्तक वा यसका कुनै पनि भागहरू प्रकाशकको लिखित पूर्वस्वीकृतिबिना प्रकाशन गर्न, फोटोकपी गर्न, रेकर्डिङ गर्न वा अरू कुनै माध्यममा राख्न पाइनेछैन, अमेरिकी प्रतिलिपि कानुनले अनुमति दिएको बाहेक ।



प्रथम प्रकाशन (मिति)



# पाठ १: सुरुवात




शैतानको बारेमा अरू जान्न यशैया १४:१२-१४, ४५:१८; इजकिएल २८:१३-१९; मत्ती २५:४१; लूका १०:१८; प्रकाश १२:४, २०:२ हेर्नुहोस् ।




अन्दाजी इ.पू. ४००४ - उत्पत्ति १:२-३


छैटौं दिनमा परमेश्वरले पृथ्वीको धुलोबाट एउटा नयाँ सृष्टि गर्नुभयो ।


परमेश्वरले भूमिको माटोबाट मानिसको शरीर बनाउनुभयो र उहाँको आफ्नै जीवन माटोको आकारमा फुकिदिनुभयो । मानिस जीवित प्राणी भयो– परमेश्वरको स्वरूपमा ।


परमेश्वरले नयाँ सृष्टिलाई मानिस भन्नुभयो र आदम नाम दिनुभयो ।
परमेश्वरले आफ्ना सबै सृष्टिमा हेरेर भन्नुभयो, “यो धेरै राम्रो छ ।”

उत्पत्ति १:३१, २:७





उत्पत्ति १:२८, २:२,१६-२२, २५




उत्पत्ति ३:१-६; प्रकाश २०:२


उनीहरूमा ज्ञान आयो र नाङ्गै रहेकोमा लजाए ।
हा, हा, हा, उसले मार्छ, तिमीलाई थाहा छ ! हेर, उसले मलाई के गऱ्यो ।
हामीले के गऱ्यौं ?
हामीले परमेश्‍वरको आज्ञा उल्लङ्घन गऱ्यौं । उहाँ चाँडै आउनुहुनेछ । हामीले हाम्रो नङ्नता ढाक्नुपर्छ ।
आदम, तँ कहाँ छस् ?
मैले तपाईंको आवाज सुनें र म डराएँ किनकि म नाङ्गै थिएँ ।
तँ नाङ्गै छस् भनी कसले भन्यो ? तैंले मैले भनेको नमानेर नखानू भनेको फल खाइस् कि के हो ?
तपाईंले मलाई दिनुभएकी स्त्रीले त्यसो गर्न लगाई ।


हिस्स.......
सर्पले मलाई धोखा दियो ।
उसले मलाई मर्दिनँ, तपाईंजस्तै हुन्छु भन्यो, तर
म तपाईंजस्तो छैनँ । मलाई दुःख लाग्यो ।


तैँले यो गरेको
कारणले म तँलाई तेरो
पेटले हिँड्ने बनाउनेछु र
तैँले भूमिको माटो
खानेछस् ।
म तेरो र स्त्रीको सन्तानलाई
एकअर्काका शत्रु बनाउनेछु ।
तेरो सन्तानले स्त्रीको सन्तानको
कुर्कुच्चो डस्नेछ, तर त्यसले
तेरो टाउको
कुच्याउनेछ ।
यहाँ भविष्यको लडाइँको प्रतिज्ञा छ । स्त्रीको
छोराले शैतानलाई हराउने समय आउनेछ ।
एक छिनमै परमेश्वरले लुसिफर र उसका
दूतहरूलाई नष्ट गर्न सक्नुहुन्थ्यो, तर उहाँले
तिनीहरूलाई मानवजातिको जाँच गर्न जिउन
दिनुभयो । मानिसहरूले परमेश्वर वा उसको
विद्रोहमा शैतान, कुन लाईपछ्याउनेछन्?

उत्पत्ति ३:१३-१५




उत्पत्ति ३:१७-२४; इजकिएल १८:४




उत्पत्ति ४:१-४; रोमी ३:२३; हिब्रू ११:४


हुँदैन कयिन
परमेश्वरले कयिनको भेटी अस्वीकार गर्नुभयो किनकि यो रगतबिनाको थियो ।
परमेश्वर हाबिल र उसको भेटीसँग प्रशन्न हुनुहुन्थ्यो । जब उहाँले निर्दोष थुमाको रगत बगाइएको देख्नुभयो, परमेश्वरले हाबिलको पाप ढाकिदिनुभयो ।
परमेश्वरले कयिनलाई भन्नुभयो, “तैँले जे गर्नुपर्ने, त्यो गरेको भए म खुसी हुनेथिएँ । तैँले आफ्नो भाइ हाबिलमाथि शासन गर्ने थिइस् र ऊ तेरो अधीनमा जिउने थियो ।”
तिमी आफू को हौ भन्ने ठान्छौ ? रगत बगाइएको थुमाभन्दा मेरा सागपातहरू धेरै राम्रा थिए । केले तिमीलाई त्यस्तो विशेष बनायो ?
मेरो दाइ, रगतको बलिदान चढाउन अझै समय छ ।
मसँग यो सबै थियो, म लिँदैछु ।
झ्याप्प
हाबिल मर्‍यो र कयिनले उसको हत्याको पाप लुकाउने कोसिस गर्‍यो ।

उत्पत्ति ४:५-८




उत्पत्ति ४:९-१६, ५:४; प्रेरित १७:२४-२६




उत्पत्ति ६:५-७; रोमी ५:१२



तर धार्मिक काम गर्ने र सधैं ठीक काम गर्ने एकजना मानिस थिए। परमेश्वरले उनीप्रति कृपालु हुन र अरूलाई नष्ट पार्दा उनी र उनको परिवारलाई नमार्ने निर्णय गर्नुभयो।
नोआ, म सबै पृथ्वी माथि ठूलो बाढी पठाउनेछु। सास भएका हरेक कुरा मर्नेछन्। तँ, तेरो परिवार र जनावरहरू बचाउन एउटा ठूलो जहाज बना।
पृथ्वीमा भएका हरेक प्राणीका एकएक जोडा तँसँग लैजा। खान हुने हरेक जनावरहरू सातवटा लैजा। जहाज कसरी बनाउने र बाढीको लागि तयारी गर्न तैंले के गर्नुपर्नेछ भनी म तँलाई बताउनेछु।
के नोआ प्रतिज्ञा गरिएका छोरा हुन्, शैतानका कामहरू नष्ट पार्ने व्यक्ति? के उनले परमेश्वरको आज्ञा मान्नेछन् वा उनी पनि असफल हुनेछन्?
पृथ्वीमा भएका सास हुने हरेक प्राणीका जोडाहरू र तिनीहरूलाई चाहिने खाना अटाउन कति ठूलो जहाज हुनुपर्छ भनी परमेश्वरले नोआलाई बताउनुभयो।




उत्पत्ति ७:७-९; २ पत्रुस २:५



अब ठाउँ बाँकी छैन ।
यो उनीहरूको लागि अन्तिम हो ।
नोह, समय भयो, तिम्रा सबै परिवार र जनावरसहित जहाजमा आऊ । पाप गर्नबाट रोकिन अस्वीकार गर्नेहरूको लागि धेरै ढिलो भइसक्यो ।
परमेश्वरले जहाजको ढोका बन्द गर्नुभयो र सात दिनका लागि केही भएन ।
हा, हा, मूर्खहरूलाई हेर, ठूलो जहाजमा ती जनावरहरूसित थुनिएका, पानीबाट माइलौं टाढासम्म जमिनको बीचमा ।
हो, म बाजी राख्छु कि सिंहहरूले तिनीहरूलाई अहिलेसम्म खाइसके ।
तिनीहरू त्यहाँ एक हप्ताको लागि छन् !
तर सातौं दिनमा पानी पर्न सुरु भयो र पृथ्वीमुनिका मुलहरू फुटे ।
मैले यस्तो कहिल्यै देखेको थिइनँ; परमेश्वरले मानिसलाई तिनीहरूका पापको लागि मार्न चाहनुभएको कुरामा जहाजका पागल मानिसहरू ठीक थिए भन्ने तपाईंलाई विश्वास लाग्छ ?
त्यस्तो दोमनको नहुनुहोस्, परमेश्वर प्रेम हुनुहुन्छ । कसरी एकजना मानिस ठीक र हाम्रा सबै धार्मिक अगुवाहरू बेठीक हुन सक्छन् ?
मैले नोआको कुरा सुन्नुपर्थ्यो । म कस्तो मूर्ख बनें !
परमेश्वर, मेरो बच्चालाई जोगाउनुहोस् ।




उत्पत्ति ७:१२, १९-२३, ८:९-११




उत्पत्ति ८:४,२०, ९:१-२९




उत्पत्ति ९:२१-२७; १ इतिहास ४:४०; भजनसंग्रह ७८:५१, १०५:२३, २७, १०६:२२




अन्दाजी इ.पू. २२४७। उत्पत्ति १०:६-१०, ११:१-९



# अध्याय २: अब्राहाम




उत्पत्ति १२:१-३, १३:१४-१७




उत्पत्ति १५:१-६, १३-१४


सन्तानको प्रतिज्ञा
कहाँ छ ? म बुढी भइसकें ।
चाँडै तपाईंले पनि सन्तान
जन्माउन सक्नुहुन्न । अब्राहाम,
म तपाईंलाई कहिल्यै सन्तान
दिन सक्दिनँ ।


यो ठाउँको
चलनजस्तै मेरी दासीले
मेरो लागि सन्तान
जन्माउनेछे ।


अब्राहाम, हाम्रो सन्तान जन्माउने
यो अन्तिम मौका हो भन्ने तपाईं देख्नुहुन्न ।
धेरै ढिलो हुनुअघि नै तपाईंले त्यसबाट सन्तान
जन्माउनुपर्छ । यो तपाईंको सन्तान हुनेछ । यो
परमेश्वरको इच्छा हो । कसरी तपाईं ठूलो
जातिको पिता हुने त ?


यो एउटैमात्र
बाटो हो ।
अब्राहामले परमेश्वरसँग प्रार्थना
गरेनन् । उनले परमेश्वरको प्रतिज्ञा
बिर्सेर आफ्नी श्रीमतीको कुरा माने ।

उत्पत्ति १६:१-४


धेरै महिनापछि
मैले अब्राहामको सन्तान जन्माउँदै छु।
अब्राहामको सन्तानको आमा भएको थाहा पाएपछि हागार घमण्डी भइन् र सारालाई हेप्न लागिन्। सारा ईर्ष्याले बेखुसी हुन थालिन्।
साराले हागारलाई गाह्रा कामहरू लगाइन् र उनीप्रति निर्दयी भइन्। परमेश्वरले कुनै मानिसका दुईटी श्रीमती भएको कहिल्यै चाहन्नुहुन्थ्यो वा दासीबाट सन्तान चाहनुहुन्नथ्यो।
जब तिमीले पानी ल्याइसक्छौ, तिमीले दाउरा पनि चिर्नुपर्छ।
हागारले भाग्ने योजना बनाइन्।
हागार साराबाट भागेर उजाडस्थानमा गइन्। जब उनी थाकिन् र अगाडि जान नसक्ने भइन्, उनी मुर्छित् भइन्। परमेश्वरले हागारलाई उनको दुःखमा देख्नुभयो र उनलाई बोलाउनुभयो।
हागार, साराकहाँ फर्केर जा र उसको अधीनमा बस्, तैंले एउटा छोरो जन्माउनेछेस् र त्यसको नाम इश्माएल राख्नेछस्, जसको अर्थ हुन्छ, परमेश्वरले सुन्नुहुन्छ।
उसका धेरै सन्तान हुनेछन्, गन्न सकिनेभन्दा बढी, इश्माएल जङ्गली मानिस हुनेछ। उसले सधैं सबैसँग झगडा गर्नेछ र सबैले ऊसँग झगडा गर्नेछन्। ऊ उसका भाइहरूको नजिक बस्नेछ।
हागार घर पर्किइन् र समय भएपछि बच्चा जन्मियो।
परमेश्वरले मलाई भन्नुभयो कि यो अब्राहामको सन्तान भएकोले धेरै जातिहरूका पिता हुनेछ।
इश्माएल सबै अरबी राष्ट्रहरूको पिता हुनेछ।

उत्पत्ति १६:४-१६




उत्पत्ति १७:१-२१, १८:१-२




उत्पत्ति १८:१०-२२




उत्पत्ति १८:२३-१९:२


लोत, ती मानिसहरूलाई बाहिर पठाऊ र हामी तिनीहरूसँग सहवास गर्नेछौं ।
जानुहोस्, तपाईंले यस्तो पाप गर्न सक्नुहुन्न ।
हामी तिम्रो ढोका फोरिदिनेछौं र तिमीलाई नराम्रो गर्नेछौं, तिमी विदेशी ।
उसले आफूलाई के ठान्छ, त्यति माथिल्लो र शक्तिशाली ? साँच्चैको कपटी ।
हामीलाई तिम्री छोरी चाहिँदैन, हामीलाई ती सुन्दर मानिसहरू चाहिन्छ ।
घिनलाग्दो मान्छे ।
परमप्रभुले तिमीहरूलाई अन्धा नबनाऊन् ।
मैले देखिनँ, के भयो !
कसले बत्ती निभायो ?
तिनीहरू कहाँ बस्छन् ?
यो कस्तो शक्ति हो ?
तिमीहरूले भोलि बिहान सहर छोड्नुपर्छ । जसलाई चाहन्छौ, चेतावनी देओ । परमेश्वर धर्मी हुनुहुन्छ र यो पापलाई अझै सहनुहुन्न ।
भोलि परमेश्वरले यो ठाउँमा स्वर्गबाट आगो बर्षाउनुहुनेछ । सदोम र गमोराका हरेक मानिसहरू मर्नेछन् ।
चाँडै गर, आगो छिट्टै झर्नेछ, कोही पनि उम्कनेछैन ।
सहर जल्न थालेपछि तिमीले त्यता नहेर्नू भनी परमेश्वरले भन्नुहुन्छ ।




उत्पत्ति १९:२४-२६; लेवी १८:२२; रोमी १:२३-३२, ६:२३, ६:२३; १कोरिन्थी ६:९-११; प्रकाश २१:८




उत्पत्ति २१:१-३, ९:१४

इसाहाक नामको अर्थ हाँसो हो ।




उत्पत्ति २२:२; रोमी ५:१२


यो तीन दिनको यात्रा हो । त्यसकारण हामी एक हप्ताको लागि जाँदै छौं ।
आफ्नो ख्याल गर्नुहोला । म मेरा दुईजना मानिसहरूको लागि प्रार्थना गर्नेछु ।
बुबा, ऊ पहाड त्यहाँ छ । रात पर्नुअघि नै हामी त्यहाँ पुग्नेछौं ।
हामी त्यहाँ गएर आराधना गरेर फर्कनेछौं ।
बुबा, हामीले काठ ल्यायौं र तपाईंले वेदी पनि बनाउनुभयो, तर बलिदान खै त ?
इसाहाक, मैले तिमीलाई परमेश्वर मसँग कसरी बोल्नुभयो र तिम्री आमा र मलाई हाम्रो यो वृद्ध उमेरमा सन्तान दिनुभयो भनेको कुरा याद छ ? उहाँ मसँग फेरि बोल्नुभयो ।
यो पटक उहाँले भन्नुभयो कि मैले तिमीलाई होमबलिको रूपमा चढाउनुपर्छ ।
**मलाई ? बुबा, पक्का हो ?**
परमेश्वरले तपाईंलाई म ठूलो जातिको पुर्खा, तपाईंको उत्तराधिकारी र मेरो सन्तान आकाशका ताराहरूझैं हुन्छन् भन्नुभएको होइन ? म अहिले मरें भने परमेश्वरको प्रतिज्ञा के हुनेछ ?
म मरें भने यो कसरी हुन सक्छ त ?
मैले परमेश्वरले आफूले गरेको प्रतिज्ञा पूरा गर्नुहुनेछ भन्ने सिकेको छु । उहाँले तिमी ठूलो जातिको पिता हुनेछौ भन्नुभएपछि तिमी हुनेछौ, तिमी मरे पनि हुनेछौ ।
मलाई थाहा छैन, उहाँले तिमीलाई मृतकबाट जीवित बनाउनुहोला ।
बुबा, जे भए पनि हामीले परमेश्वरको आज्ञा मान्नैपर्छ ।

उत्पत्ति २२:३-९




उत्पत्ति २२:९-१८; हिब्रू ११:१७-१९




उत्पत्ति २१:५, १३, २४:६७, २५:१२-१८, २१-२६, २९:२३-३०



# अध्याय ३:
# मोशा




उत्पत्ति ४६:५-७; प्रस्थान १:१-१२,२२





उत्पत्ति ४६:५-७; प्रस्थान १:१-१२, २२



मैले के गरें ? के म मेरो छोरालाई फेरि देख्न पाउनेछु ? के परमेश्वरले वास्ता गर्नुभयो ?
तिमीसँग छनौट थिएन । तिमीले सधैंको लागि लुकाउन सक्नेथिएनौ । ढिलो वा चाँडो सैनिकहरूले भेट्टाएर उसलाई मार्नेथिए । तिमीले परमेश्वरमा भरोसा गरिरहनुपर्छ ।
आमा ! आमा !




आमा, फारोको छोरी नदीमा आएकी थिई र उसले मेरो भाइलाई भेट्टाई । उसले त्यसलाई आफ्नै छोरा बनाउन चाहन्छे र उसले त्यसलाई स्याहार्ने मान्छे खोज्दै छे ! अहिले यहाँ आउँदै छे ।
अनन्त परमप्रभुको नाउँ धन्यको होस् ।

तिमीले आफ्नो बच्चा गुमायौ भन्ने मैले सुनें । मलाई त्यसको लागि दु:ख लागेको छ । मैले यसलाई नदीमा भेटें ।
यसलाई तिमीले मेरो लागि हेरविचार गरिदेऊ र म तिम्रो ज्याला दिनेछु । जब ऊ ठूलो हुनेछ, म उसलाई दरबारमा लैजान आउनेछु, जहाँ ऊ मिश्रको फारोको रूपमा बढ्नेछ । हामी उसलाई मोशा भन्नेछौं ।
जब मोशा बढ्दैगए, उनले उसलाई उसको बुबाका परमेश्वरको बारेमा सिकाइन् । यो सानो केटाको लागि परमेश्वरको विशेष उद्देश्य थियो ।




साना राजकुमार, भित्र आउनुहोस् र हामी तपाईंलाई दरबार लानेछौं ।
तिनीहरू कति छिटो दौडन सक्छन्?
मोशाको हेरविचार गरेकोमा धन्यवाद । ऊ निकै स्वास्थ देखिन्छ । ऊ धनी र शक्तिशाली हुन बढ्नेछ ।


फारोको छोरीको धर्मपुत्रको रूपमा मोशा मिश्रको ठूलो व्यक्ति बन्न हुर्किए । उनी धनी र शक्तिशाली हुनुपर्नेथियो, तर उनले आफ्नाहरूलाई बिर्सेका थिएनन् ।
मोशा, म तिमीलाई भन्दै छु, हामा पुर्खाहरू अब्राहाम, इसाहाक र याकूबका परमेश्वरले भन्नुभएको थियो कि तिनका सन्तानहरू वृद्धि हुनेछन् र अर्काको भूमिमा विदेशी हुनेछन् । अहिले हामी यहाँ छौं !
हो, उहाँले अब्राहामलाई तिनीहरू ४०० वर्षसम्म विदेशी भूमिमा बस्नेछन् भनेर उहाँले भन्नुभएको थियो । हामी यहाँ बसेको ३५९ वर्ष भयो र जानलाई ४१ वर्ष मात्रै बाँकी छ ।
यो असम्भव छ । फारोले आफ्ना दासदासीहरूलाई कहिल्यै जान दिनेछैन र उसले निश्चय नै सम्पत्ति लिएर जान दिनेछैन । सायद उपाय होला । किन अझै ४१ वर्ष पर्खने ?
उहाँले अब्राहामलाई तिनीहरूले हामीलाई गरेको दुष्टताको बदलामा देशलाई न्याय गर्नुहुन्छ पनि भन्नुभएको थियो र हामीहरू धेरै सम्पत्ति लिएर परमेश्वरले हाम्रा पुर्खाहरूलाई दिनुभएको देशमा फर्कनेछौं ।
आफ्ना मालिकको अधीनमा यहूदीहरूले कष्ट भोगिरहेका थिए । उनीहरूले आफ्नै खाल्टोमा इँटा बनाउनुपर्थ्यो । मोशाले तिनीहरूले दुःख पाएको हेर्न सकेनन् । त्यसकारण मोशाले यसको लागि केही गर्ने निश्चय गरे ।
उसले तिमीलाई मर्नेगरी पिट्ने अनि उठ् भन्ने ।
उठ्, अल्छे मानिस !
एबेर, उठ ।


एक दिन मोशाले एउटा मिश्रीले आफ्ना मानिसलाई नराम्ररी पिटेको देखे ।
छुटकाराको समय आयो । यो रोकिनुपर्छ ।
अब भयो ।
झ्याम्म !
मोशाले त्यो मिश्रीलाई मारेर उसको शरीर गाडे, तर कसैले यो देख्यो र फारोलाई खबर गरिदियो ।
हे परमेश्वर, मैले के गरें ?
पर्ख, तिमीले मृत्युदण्ड पाउनैपर्छ ।
यो मोशा हो !
अन्दाजी १४९१ इ.पू.
मोशा मिश्र छोडेर उजाडस्थानतिर भागे । उनी साथीहरू र परिवारबिनाका एक्ला थिए । उनले आफ्ना मानिसहरूलाई छुटकारा दिएनन् । उनले आफैंलाई पनि छुटकारा दिन सकेनन् ।

प्रस्थान २:११-१५





प्रस्थान २:१६-३:१०


तर तिनीहरूले तपाईंले मलाई पठाउनुभएको हो भनेर विश्वास गर्नेछैनन् । तिनीहरूले हाँसोमा उडाउनेछन् ।
आफ्नो लट्ठी भूइँमा फाल् ।
के ? मेरो लट्ठी ?
यो त डरलाग्दो साँप बन्यो !
सर्पको पुच्छर समात् ।
यो फेरि मेरो लहुरो भयो ।
मिश्रमा जा । म तैंले के बोल्नुपर्ने हो, सिकाउनेछु र के गर्नुपर्ने हो, तँलाई भन्नेछु । तेरो दाजु हारून तेरो सहयोगी हुनेछ ।


इ.पू. १४४५
तपाईं मिश्रमा फर्कंदै हुनुहुन्छ ! तपाईंलाई मार्न खोज्नेहरू सबै नि ?
अब ४० वर्ष भइसक्यो । मेरा बितेका कुराहरू जान्नेहरू मरिसके । कसैले मलाई चिन्दैन ।
तपाईं कति समयको लागि जाने हो ?
फारोले परमेश्वरका मानिसहरूलाई जान देउञ्जेल ।


पाकाहरूलाई सँगै बोलाओ ! छुटकाराको समय आएको छ ।
तिनीहरू को हुन् ?
ऊ हारून लेवी हो । अर्को हामीजस्तै देखिन्छ, तर ऊ दास होइन ।


मोशा ८० वर्षअघि आपतको समयका जन्मिएका हुन्, जब फारोले पुरुष बच्चाहरूलाई मार्न सुरु गर्‍यो । उनकी आमाले उनलाई डुँडमा नदीमा फालिदिइन् । परमेश्वरको योजनाअनुसार फारोकी छोरीले मोशालाई भेटिन् र उनी मिश्रीजस्तैगरी हुर्किए ।
४० वर्षअघि मोशाले मिश्रीजस्तै राज्य गर्नुभन्दा आफ्ना मानिसहरूसँगै कष्ट भोग्न चाहे । उनले आफ्नै शक्तिले हामीलाई छुटकारा दिलाउन चाहे र असफल भए । गत ४० वर्षदेखि उनी हाम्रा पुर्खाहरूलाई परमेश्वरले प्रतिज्ञा गर्नुभएको देशको उजाडस्थानमा बस्थे । भर्खरै उनीसँग परमेश्वर बोल्नुभयो र आफ्ना मानिसलाई फारोबाट कसरी छुटकारा दिने भनेर देखाउनुभयो ! हामीलाई जान दिन फारोलाई मनाउने चिन्हहरू मोशाले अब देखाउनेछन् ।
अझै नजिक आउनुहोस्, इस्राएलका अगुवाहरू हो ।


अब्राहामका परमेश्वर मसँग जलिरहेको पोथ्रामा बोल्नुभयो र तिमीहरूलाई तिमीहरूका पुर्खाहरूको देशमा लान भन्नुभयो । यो चिन्ह हो ।
ओहो ! उसको लहुरो त सर्प बन्यो ।
नडराउनुहोस् ।
यो हेर्नुहोस् ।
हो, यी कुराहरू फारोलाई देखाइनेछ ।
परमेश्वरले छुटकारा दिलाउने पठाउनुभएको छ ।
यो आश्चर्यकर्म हो !
अब हामी फारोकहाँ जानेछौं !
अब्राहामका परमेश्वर !

प्रस्थान ४:१७,३०


मैले ४० वर्षअघि यो ठाउँ छोडे पनि यो परिवर्तन भएको रहेनछ । मैले तपाईंलाई भनेका कुराहरू मात्रै भन्न सम्झनुहोस् ।


इस्राएलका परमेश्वर मोशासँग बोल्नुभयो । परमेश्वरले तपाईंले उहाँका मानिसहरूलाई ३ दिनको बाटो उजाडस्थानमा गएर उहाँको आराधना गर्न र उहाँलाई बलि चढाउन जान दिनुपर्छ भन्नुभएको छ ।
हा ! इस्राएलका परमेश्वर ? हा हा हा हा, म तिमीहरूका परमेश्वरलाई चिन्दिनँ । मैले आज्ञापालन गर्नुपर्ने तिमीहरूको परमेश्वर को हो ? त्यो असम्भव छ । म मेरा दासदासीहरूलाई ३ दिनको बाटो उजाडस्थानमा जान दिनेछैन ।
मेले सुनें कि तिमीहरूले मेरा मानिसहरूलाई भड्काउँदै छौ रे, काम रोक्न लाउँदै छौ रे । अब तिनीहरू मैले नजानेको परमेश्वरलाई आराधना गर्न ३ तिनको बाटो जान चाहन्छन् । म तिनीहरूलाई अझै बढी काम दिनेछु ।
देबदेखि तिनीहरूले इँटा बनाउँदा पराल आफैँले ल्याउनुपर्छ, अब तिमीहरू जहाँबाट आएका थियौ, त्यहीँ जाओ ।


के तिमीहरू दमनमा विश्वास गर्छौ?
त्यो हाँसउठ्दो थियो । तिनीहरूले आफैँलाई परमेश्वरको आवाजजस्तै सोचेर यहाँ आए ।
तिमीले भनेको कुरा पूरा भएर हाम्रो काम दोब्बर भयो । के यही छुटकारा हो । तिमी सौच्छौ कि तिमीलाई परमेश्वरले पठाउनुभयो ?
उसले आफूलाई के सोच्छ ?
दन्त्यकथाको कुनै राजा ।
हामी उसको जालमा पर्‍यौं भन्ने म विश्वास गर्न सक्दिनँ ।
त्यसो भए तिम्रो काम बाँकी छैन । तिमी तिम्रो परमेश्वरलाई आराधना गर्न जान चाहन्छौ । म तिमीलाई ठीक मान्छे हुन सिकाउनेछु ।
यहोवा, म तपाईंको नाउँमा बोल्न आएको हुँ, अझै कुराहरू बिग्रिए, तपाईंले किन मलाई यहाँ पठाउनुभयो ?
म तेरा पुर्खाहरू अब्राहाम, इसाहाक र याकूबका यहोवा परमेश्वर हुँ । मैले मेरा मानिसहरूको कष्ट देखेको छु र तिनीहरूको चित्कार सुनेको छु ।
यो मैले अब्राहामलाई दिएको प्रतिज्ञा पूरा गर्ने र यी मानिसहरूलाई कनानतिर डोऱ्याउने समय हो । तैं मोशाले नै तिनीहरूलाई छुटकारा दिनेस् ।
तर म राम्रोसँग बोल्न सक्दिनँ, फारोले मेरो कुरै सुन्दैन ।
हारूनले कुरा गर्नेछ । मैले भनेको कुरा सुनेर उसलाई के भन्नुपर्ने हो भन्ने काम तेरो हो । सुरुमा फारोले तेरो कुरा सुन्नेछैन, तर मिश्रीहरूले म नै सत्य परमेश्वर भनेर थाहा नपाउञ्जेल म ठूला चिन्ह देखाउनेछु ।
हा हा यहाँ फेरि किन आएको ?
परमेश्वर भन्नुहुन्छ, "मेरा मानिसहरूलाई जान दे ।"
परमेश्वरले बोल्नुभएको हो भन्ने कुराको यो चिन्ह हो ।
हा-हा-हा, केही जादूगरी ? त्यसले मलाई पक्कै डर लाग्छ । हाम्रा जादूगरहरूलाई बोलाऊ ।
उसले निकै गजब गऱ्यो । यो सक्कलीजस्तै देखिन्छ, होइन र
उसले यसो गर्न कहाँ सिक्यो होला ?


छिटो आऊ र
लहुरोलाई सर्प बनाउने
तिम्रो जादू देखाऊ ।
हाम्रा सर्पहरूका देवता
निसर्टले तिमीहरूले अझै इँटा
बनाउनुपर्छ भन्न पठाएका
छन् । हा हा हा ।
मोशा, अब हामीले
के गर्ने ? हामीहरू
मूर्खजस्तै देखियौं ।


हेर, उसका सर्पहरू हाम्रा सँग लडाइँ गर्न खोज्दै छन् ।
उसको सर्पले हाम्रो एउटालाई खाँदै छ !
उसले हाम्रो सर्पलाई पूरै निल्यो !
यसले अर्कोलाई पनि खान खोज्दै छ भनी मलाई नभन ! हाम्रा सर्पहरूका ईश्वर निसर्ट रिसाउनेछन् ।
मलाई यो विश्वासै लाग्दैन ! उसको सर्पले हाम्रा सबैलाई खाइदियो ।
यो कसरी हुन सक्छ ?
यहोवा सृष्टिकर्ता परमेश्वर हुनुहुन्छ । उहाँले भन्नुहुन्छ, “मेरा मानिसहरूलाई जान दे ।”



तिमीले त्यो कसरी गऱ्यौ भन्ने मलाई थाहा छैन, तर म त्यो प्रस्तुतिको लागि मेरा हजारौँ दासदासीहरू तिमीलाई दिन सक्दिनँ । मबाट भागिहाल !
प्रस्थान ७:१३, "फारोको हृदय कठोर भयो र परमप्रभुले भन्नुभएअनुसार नै उनले तिनीहरूका कुरा सुनेनन् ।"
किन परमेश्वरले हामीलाई फारोका जादूगरहरूले नक्कल गर्ने चिन्हहरूसँग पठाउनुभयो त ? केही समयको लागि यसले हामीलाई मूर्खजस्तै बनायो ।
म जान्दिनँ, तर परमेश्वरले भन्नुभएको थियो कि उहाँले फारोको हृदय कठोर पार्नुहुनेछ । यो निश्चय नै उहाँले गर्नुभएको हो । तपाईंले देख्नुभयो कि मेरो लहुरोले उसका पाल्तु साँपहरूलाई खाएपछि ऊ पागल भएको थियो ?
मैले यहोवासँग कुरा गर्ने ठाउँ पत्ता लाउनुपर्छ । अब के गर्ने भनेर मलाई थाहा छैन ।
परमेश्वरले मोशालाई फेरि भेट्नुभयो र के गर्ने भनी बताउनुभयो । मिश्रीहरूले मोशालाई दिक्क लाए । उनका आफ्नै मानिसहरूले उनलाई अस्वीकार गरे किनकि फारोले तिनीहरूका बन्धन अझै कष्टमय बनाइदिए, तर मोशाले परमेश्वरलाई विश्वास गरे र उनले केही नबुझे पनि उहाँको आज्ञा माने ।
परमप्रभु भन्नुहुन्छ, "तैँले मेरा मानिसहरूलाई जान दिन अस्वीकार गरेको कारणले तैँले म नै सत्य परमेश्वर हुँ भनेर जान्नेछस्, मिश्रको सबै पानी रगत बन्नेछ ।"
अब यो प्रभावकारी छ । उसले यो कसरी गऱ्यो ?
गएर मेरा जादूगरहरूलाई ल्याओ । नील नदीका ईश्वरले यसलाई रोक्नेछन् ।




प्रस्थान ७:२१-२५, ८:६


मेरो घर भ्यागुताहरूले भरियो ।
पूरै मिश्र भ्यागुताहरूले भरिए । हाम्रा देवताहरू रिसाए ।
पूजाहारीहरू कहाँ गए ? उनीहरूले केही गर्न सक्दैनन् ?
आम्मामा !
फारो ! हेर्नुहोस्, हामी जादूगरहरू पनि भ्यागुता बनाउन सक्छौं ।
तिनीहरूले मागेजस्तै तिनीहरूलाई उजाडस्थानमा जान किन नदिएको ? हामी यो अझै सहन सक्दैनौं ।
मोशालाई बोलाऊ, म कुरा गर्न चाहन्छु भनेर उसलाई भन ।
हुन्छ हजुर, जो हुकुम ।
हुन्छ हजुर, जो हुकुम ।
यहोवालाई भ्यागुताहरू लैजान भन । त्यसो भयो भने म तिम्रा मानिसहरूलाई उजाडस्थानमा बलिदान चढाउन जान दिनेछु ।
तपाईंले भ्यागुता मर्ने समय भन्नुहोस् र त्यसै हुनेछ ।
भोलि बिहान ।
तपाईंको बोलिअनुसार नै त्यो हुनेछ, सबैले जानून् कि यहोवाजस्तो परमेश्वर अरू कोही पनि छैन ।


आफूले भनेको समयमा भ्यागुताहरू मरेको फारोले देखेपछि उनले आफ्नो हृदय अझै कठोर पारे र यहूदीहरूलाई जान दिन अस्वीकार गरे ।
हाम्रो देश भ्यागुताले भर्ने कस्तो परमेश्वर हो ?
देवताले त्यसो गर्छन् भनेर तिमीले कसरी सोच्यौ ? यो प्राकृतिक विपत्ति हुन सक्छ ।
यो हुन्छ भनेर कसरी थाहा भएर मोशाले भविष्यवाणी गरे त ? फेरि यिनीहरू मर्ने ठीक समय उनलाई कसरी थाहा भयो त ?
ओहो, चुप लाग र काम गर नत्र हामीले कहिल्यै सक्दैनौं ।
यहोवाले मोशालाई भन्नुभयो, “हारूनलाई भन्, तेरो हात तन्का र पृथ्वीका धुलोहरू सबै मिश्रभरि भुसुना बन्नेछन् ।”
र मिश्रको सबै धुलो भुसुना भयो ।
आम्मामा !
तिमीले भुसुना बनाउन सक्दैनौ भनेर के भनेको ? मानिसहरूले सोच्नेछन् कि उसको परमेश्वर हाम्रो भन्दा शक्तिशाली छ ! जादूगरी छलहरू, तिमीहरूले गर्न जानेको त्यति हो ।
तर हजुर, यो निश्चय नै परमेश्वरको काम हो । ती दुवैले गरेको काम कुनै मानिसले गर्न सक्दैन । हामी शक्तिहीन छौं ।
यो स्वाभाविक कुरा हुन सक्छ, तर हामी यो अझै सहन सक्दैनौं । मोशालाई खबर पठाऊ । उसका परमेश्वरले भुसुनाहरू हटाए भने यहूदीहरूलाई परमेश्वरको आराधना गर्न जान दिन्छु भन ।

प्रस्थान ८:१३-१९


भुसुनाहरू गए, तर दासदासीहरू जान दिन सकिन्नँ । सबै कुरापछि अब उसको परमेश्वरले के गर्न सक्छ र ?
परमेश्वर मोशासँग बोल्नुभएको छ । परमेश्वर भन्नुहुन्छ, "म मिश्रमा झिँगाको विपत्ति पठाउनेछु । तिम्रा घरहरू झिँगाले भरिनेछन् । तर यो पटक म मिश्री र यहूदीहरूलाई छुट्याउनेछु ।
मेरा मानिसहरूको माझमा कुनै झिँगा हुनेछैन । यसबाट सबैले जान्नेछन् कि सारा पृथ्वीमा म नै परमेश्वर हुँ ।"
बुबा, हाम्रा पुरोहितहरूले किन यो मानिसलाई रोक्न सक्दैनन् ? तिनीहरूको शक्ति कहाँ छ ?
मलाई धर्मको बारेमा केही थाहा छैन । म मेरो आफ्नै काममा व्यस्त छु ।
यो उसले भनेजस्तै छ । हिब्रूहरूको बीचमा झिँगा छैन । यो तिनीहरूका परमेश्वरको काम हुनुपर्छ ।
गएर मोशालाई खोज ।
अब जाऊ र तिम्रा परमेश्वरलाई बलिदान चढाऊ, तर मिश्रको भूमि नछोड ।
हामी कम्तिमा ३ दिनको बाटो जानुपर्छ ।
मैले तिमीहरू जान सक्छौ भनें, तर तिमीहरू धेरै टाढा नजाओ । अब तिमीहरूका परमेश्वरलाई यी दुःख दिने झिँगाहरू हटाइदिन बिन्ती गर ।
एउटै पनि झिँगा अब मिश्रमा जीवित छैन । त्यो त आश्चर्यकर्म हो ।
चुप लाग् । तिमीले ती फत्फतेहरूलाई विश्वास गर्न थालेजस्तो छ ।
फेरि फारोले आफ्नो हृदय कठोर बनाए र मानिसहरूलाई जान दिन अस्वीकार गरे ।


परमेश्वरले मिश्रमा अर्को विपत्ति पठाउनुभयो । तिनीहरूका गाईवस्तु, भेडाहरू, गोरुहरू, घोडाहरू र ऊँटहरूमा रुढी आयो र तिनीहरू मरे । तर हिब्रूहरूका जनावरहरू मरेनन् ।
हाम्रा सबै जनावरहरू मरे, तर तिमीहरूका सबै राम्रा छन् । तिमी यसलाई कसरी व्याख्या गर्छौ ?
मोशाले भनेका छन् कि हाम्रा पुर्खाहरूका परमेश्वर हामीलाई तिमीहरूका निर्दयी बन्धनबाट छुटाउन आउनुभएको छ । तर म साधारण मानिस हुँ । म यस्ता कुराहरू जान्दिनँ ।
हाम्रा पूजाहारीहरूले हाम्रा देवताहरूलाई बलिदान चढाउँदै छन् । हाम्रो पवित्र साँढे रिसाउनेछ ? यसलाई रोक्नेछ ।


फारोलाई भन कि धेरै ढिलो भइसक्यो । हाम्रा पवित्र साँढेहरू मरिसके । हिब्रूहरूका अचम्मलाग्दा परमेश्वरदेखि आफैंलाई हाम्रा देवताहरूले बचाउन नसकेको थाहा पाएपछि मानिसहरू रिसाउनेछन् ।
मिश्रीहरूका ईश्वरहरू कता छन् ? तिनीहरूसँग कुनै शक्ति छैन र ?
तर फारोले आफ्नो हृदय कडा बनाए ।

प्रस्थान ९:६-७



परमेश्वर मोशासँग फेरि बोल्नुभयो र सहरतिर खरानी छर्कन भन्नुभयो । खरानीले मिश्रीहरूलाई खटिरा आउनेछ ।
परमेश्वर भन्नुहुन्छ, "तैंले मेरा मानिसहरूलाई जान नदिएकोले म तँ र तेरा जनावरहरूमा खटिराको विपत्ति पठाउनेछु ।
नाइँ, फेरि त्यसो नहोस् ।
जादूगरहरूलाई बोलाओ । तिनीहरूलाई आफ्नो सम्पूर्ण शक्ति प्रयोग गर्न भन । देवताहरूलाई बलि चढाओ । यो कुरालाई रोक ।
तिमीले सबैभन्दा ठूलोलाई बोलायौ ?
तिमी पनि ? तिमीसँग मोशाको यो परमेश्वरको विरुद्धमा शक्ति छैन त ?
मबाट भाग, तिमीहरू शक्तिहीन झूटका झुण्ड, तिमीहरूले हातका खेल देखाएर मानिसहरूलाई मूर्ख बनाउँछौ, तर मलाई थाहा छ कि तिमीहरू धोखेबाज हौ । तिमीहरूका देवताहरू कहाँ छन् ?
बिहानै उठ् र फारोको अघि खडा भएर भन्, "हिब्रूहरूका परमेश्वर भन्नुहुन्छ, 'मेरा मानिसहरूलाई जान दे । अर्को विपत्ति झनै खराब हुनेछ । यसले ठूलो विनाश ल्याउनेछ र तेरा धेरै मानिसहरू मर्नेछन् । यसबाट तैंले जान्नेछस् कि मजस्तै अर्को ईश्वर छैन । तँ मान्दैनस् तर मैले तँलाई फारो बनाएँ । तैंले तेरो हृदय अझै कठोर बनाउनेछस् र मेरा मानिसहरूलाई जान दिन इन्कार गर्नेछस् ।
मैले तँलाई भन्दै छु ताकि तैंले बाहिर भएका सबै जनावर भित्र हाल्नुपर्नेछ किनकि गोठबाहिर र घरबाहिर भएकाहरू मात्रै मर्नेछन् ।
तेरो अटेरीपनले मलाई मेरो शक्ति प्रकट गर्ने मौका दिनेछ र मेरा मानिसहरूलाई कठोर व्यवहार गरेकोमा मिश्रमा न्याय ल्याउने मोका दिनेछ । तैंले आफ्नै इच्छा बढाउनेछस् र मेरो इच्छा पूरा गर्न इन्कार गर्नेछस् । त्यसकारण भोलि यही समयमा म असिना र आगोको वर्षा पठाउनेछु, यस्तो पृथ्वीले पहिले कहिल्यै देखेको थिएन ।"


यहोवाले भनेजस्तै होस् ।
जसले चेतावनी मान्दैन र बाहिरै भेटिनेछ, त्यो मारिनेछ ।
यस्तो कुरो कसरी सम्भव हुन्छ, आगो र असिना मिसिएको ?
शक्तिशाली देवता शेथ, हामीलाई बचाउनुहोस् ।
ओहो ।
बुबा, त्यो मानिस मोशाले कसरी यस्तो गरे ? के यो ईश्वर आँधी र बाढीका देवता शेथभन्दा शक्तिशाली छन् ?
उसले दाबी गर्छ कि एउटैमात्र परमेश्वर छन् र हिब्रूहरू उहाँका सन्तानहरू हुन् ।
कसैले पनि तिनीहरूका ईश्वरलाई देखेको छैन, हिब्रूहरूले पनि । उसले भनेको, उनीहरूका ईश्वर आत्मा हुन् रे, उनले फारोलाई तिनीहरूलाई उजाडस्थानमा आराधना गर्न जान दिन मनाउँदै छन् ।
हे शक्तिशाली शेथ, आँधी र बाढीका ईश्वर, हामी तपाईंलाई पुकार्छौं । यो खतरनाक आँधीलाई रोक्नुहोस् । तपाईं त्यो मोशाको नदेख्ने ईश्वरभन्दा महान् हुनुहुन्छ ।










प्रस्थान ९:२६-३५, १०:१३-१५


आमा-आमा ।
हजुर
त्यो लेऊ !


सागपातका ईश्वर गेब, तपाईंले हिब्रूहरूका ईश्वरले हाम्रो अन्नलाई के गरे भनेर देख्नुभएन र ?
ओसिरिस, अहिले तपाईं शक्तिशाली हुनुहुन्छ भनेर देखाउनुहोस् ।
फारोले मोशालाई बोलाएर उनका मानिसहरूलाई जान दिने प्रतिज्ञा गरे । तर जब परमेश्वरले सलह हटाउनुभयो, फारोले आफ्नो हृदय अझै कठोर पारे र आफ्ना दासदासीहरूलाई जान दिन अस्वीकार गरे ।




प्रस्थान १०:२२-२९, ११:४-५, १२:३-७





प्रस्थान १२:२६-२८, ३५-३६



किन तपाईंले ढोकाको
चौकोशमा भेडा मारेर
रगत नलाएको ?
हा, तिमी अन्धविश्वासी हौ त ?
कसरी चौकोशको थोरै रगतले आउने
मृत्युलाई रोक्नेछ ? मेरो छोरा डराएको
छैन । तिमी, जो इमिक हौ ?
निश्चय नै होइन ।
तिमी मलाई मूर्ख भन्ने
ठान्छौ त ? धर्म कमजोर
बनाउने कुरा हो ।
साँचो ईश्वरले ढोकामा रगत
राख्न असफल हुनेबित्तिकै मार्दैनन् । यो
कुरा नसुन्नेहरूलाई के हुनेछ ?
बुबा, यो रात किन अरू
रातभन्दा फरक छ ?
किनकि यो रात
परमेश्वरले उहाँलाई विश्वास
नगर्नेहरूको जेठालाई मार्न मृत्यु
पठाउनुहुनेछ । तर जब उहाँले
रगत देख्नुहुनेछ, उहाँले त्यो
घरलाई छोडिदिनुहुनेछ ।
यो हाम्रो लागि दिनको सुरुवात हो ।
हामी हरेक वर्ष यो दिन निस्तार चाड मनाउँछौं
र परमेश्वरले हामीलाई फारोको हातबाट
छुटकारा दिएको सम्झनेछौं ।
बुबा, त्यो रुवाइ
सुन्नुहोस् त ! मृत्यु
यहाँ पनि आउनेछ !
नडराऊ । हामीले
परमेश्वरले भनेको मानेका
छौं । चौकोशमा रगत छ । हामी
पाठो खाँदै छौं ।
मेरो छोरा मऱ्यो ! हे
परमेश्वर, केही गर्नुहोस् ।
मोशालाई बोलाऊ !




प्रस्थान १२:२९:३१








प्रस्थान १२:२१-२२, ३१-३८



# अध्याय ४:
# प्रस्थान


तिनीहरूले पहाड र लाल समुद्रको छेउमा
नपुगुन्जेल पछ्याए । त्यहाँ तिनीहरूले पाल टाँगे
र कसरी गहिरो समुद्र तर्ने भनेर छलफल गरे ।


जब फारोले आफ्नो छोराको शोक
मनाइसके, तब उनको क्रोध अझ वृद्धि
भयो । किन कमाराहरूलाई छुटकारा
दिएँ भन्ने कुरा उनले बुझ्न सकेनन् ।
रथहरू तयार पार ।
हिब्रूहरूलाई पछ्याओ,
तिनीहरू सबैलाई मार कि
फिर्ता ल्याओ ।
तपाईंले
भनेझैँ हुनेछ, हुन्छ
सरकार ।


हेर, मिश्री सेनाहरू आउँदै छन् । हामीहरू यो उजाडस्थानमा अप्ठ्यारोमा पऱ्यौं ।
मोशाले हामीलाई यहाँ मार्न ल्याए । परमेश्वरले त्यागनुभएको यो ठाउँमा मर्नुभन्दा दास भएर बस्नु नै असल थियो ।
जब मिश्रीहरूले असहाय हिब्रूहरू देखेर मोशाले तिनीहरूलाई दिएको दुःख सम्झे, उनीहरू तिनीहरूलाई मार्न तयार भए ।
हाम्रो एकापट्टि पहाड छ र अगाडि समुद्र छ । हामी अप्ठ्यारोमा पऱ्यौं ।
परमेश्वरले हामीलाई बचाउनको लागि गर्न सक्ने अब केही छैन ।
जहाँ छौ, त्यहीँ उभ । परमेश्वरले हामीलाई शक्तिशाली तरिकाले बचाउनुहुनेछ ।
परमेश्वरले फारोको हृदय फेरि एक पटक कडा बनाउनुभएको छ । आजको दिनपछि तिमीहरूले मिश्री सेनाहरूलाई कहिल्यै देख्नेछैनौ ।

प्रस्थान १४:५-१३




प्रस्थान १४:१५-२२


मिश्रमा हामीले देखेको सबै कुराभन्दा यो ठूलो छ ।
आम्मामा, हाम्रा परमेश्वर सबैभन्दा राम्रा हुनुहुन्छ ! हामी समुद्रको बीचमा छौं ।
योशियाह तिमीलाई के भयो ? त्यहाँबाट आऊ । तिमी पौडिन सक्दैनौ !
म सुन्दर माछा छुन मात्रै चाहन्छु ।
जब हिब्रूहरूले पार गर्नै लागेका थिए, परमेश्वरले मिश्रीहरूलाई छेक्ने आगोको पर्खाल हटाइदिनुभयो । तिनीहरूले समुद्र देखेनन् र हिब्रूहरूको पछि दौडिए ।
अघि जाऊ, हिब्रूलाई मार !







प्रस्थान १४:२७-२८




प्रस्थान १४:२१-२२, ३०, १६:२-६, १६:७-८




प्रस्थान १६:१४-१५, १७:२-४; भजनसंग्रह ७८:२४-२५


परमेश्वरले मोशालाई के गर्नुपर्छ भनेर भन्नुभयो ।
आएर यहोवाको शक्ति हेर । तिमीहरू उहाँलाई विश्वास गर्दैनौ । तिमीहरूले गनगन र विरोध गर्‍यौ ।


उहाँले तिमीहरूलाई रोटी दिनुभयो र अब उहाँले तिमीहरूलाई चट्टानबाट पानी दिनुहुनेछ ।


झ्याम्म !
ओ हो !


पानी नदीजस्तै बग्यो ।


बादल फेरि हिँड्यो र हिब्रूहरू आफ्ना सामान बाँधेर उजाडस्थानमा सिनै पर्वततिर लागे ।


त्यहाँ मोशाले प्रार्थना गरे र परमेश्वर तिनीसँग बोल्नुभयो ।
मैले मिश्रीहरूलाई के गरें, तिनीहरूलाई कसरी छुटकारा दिएँ, खुवाएँ र चट्टानबाट पानी पियाएँ भनेर तिनीहरूलाई सम्झाइदे ।
तिनीहरूलाई भन् कि तिनीहरूले मेरा आज्ञाहरू माने भने तिनीहरू पृथ्वीभरिमा मेरा विशेष मानिसहरू हुनेछन् । तिनीहरूले पालन गरे भने तिनीहरू पूजाहारीहरूका राज्य हुनेछन् ।
मोशा, जब म तँसँग बोल्छु, म बाक्लो बादलमा आउनेछु ताकि तिनीहरूले देखून्, सुनून र जानून् कि यो म नै हुँ ।

प्रस्थान १७:५-६


मोशा पहाडबाट आएर परमेश्वरले भन्नुभएका कुरा मानिसहरूलाई भने ।
हामीहरू आज्ञाकारी हुनेछौं । परमेश्वरले भन्नुभएका सबै कुरा हामी गर्नेछौं ।
त्यसो भए जाऊ र नुहाइ-धुवाइ गर । आफैंलाई परमेश्वरको आराधना गर्न तयार पार । आजको तीन दिनपछि परमेश्वरले तिमीहरूलाई भेट्नुहुनेछ ।


परमेश्वरले आज्ञा दिनुभएझैं मानिसहरू परमेश्वरको आवाज सुन्न पहाडको फेदीमा भेला भए । पहाडबाट अनौठो बादल उठ्यो र... ।
मोशा, पहाडको माथि आइज ।


मोशा, म यहोवा परमेश्वर हुँ । जसले तिमीहरूलाई मिश्रबाट ल्याएँ । तल गएर पहाडको चारैतिर घेरा लगा ।
कसैले यो पहाड छुन्छ भने मर्नेछ । म तँलाई दश आज्ञा दिनेछु, जुन तैंले सबैलाई भन्नुपर्नेछ ।


मबाहेक अर्को
परमेश्वर छैन ।
तिमीहरूले पुज्नलाई कुनै
मूर्तिहरू नबनाउनू ।
मेरो नाम आदर र
महत्त्वपूर्ण नभई नकाढ्नू ।
हप्ताको सातौं दिन मेरो
आराधना गर्न
छुट्याउनुपर्नेछ ।
आफ्ना बुबा र आमालाई
आदर गर्नू ।
हत्या नगर्नू ।
आफ्नो श्रीमान् र
श्रीमतीबाहेक अरूसँग
शारीरिक सम्बन्ध
नराख्नू ।
नचोर्नू ।
अरूको बारेमा झूटो
कुरा नबोल्नू ।
अरूको कुनै सामानको
लोभ नगर्नू ।

प्रस्थान २०:३-१७


जब मोशा पहाडबाट तल ओर्ले, उनले मानिसहरूलाई भेला गरेर परमेश्वरको वचन पढी सुनाए ।
हामी ती कुरा पालन गर्नेछौं ।
ती राम्रा आज्ञाहरू हुन् ।
तिमी ७० जना मसँगै पहाडमा जानुपर्छ । परमेश्वरले मसँग भेटेजस्तै त्यहाँ तिमीहरूसँग पनि भेट्नुहुनेछ । तिमीहरूले आफैं देख्नेछौ । तर सुरुमा मैले परमेश्वरले मलाई भन्नुभएका कुराहरू पुस्तकमा लेख्नुपर्छ ।
परमेश्वरले बोलेको कुरा दुरुस्तै लेख्न मोशा होशियार थिए । परमेश्वरका आत्माले उनलाई भुल नगर्न मद्दत गर्नुभयो ।
जब मोशाले वचन लेखेर सिध्याए, उनले मानिसहरूलाई भेला गरेर परमेश्वरको वचन पढिदिए ।
परमेश्वरले भन्नुभएका सबै कुरा असल छन्, हामीहरू ती सबै पालन गर्नेछौं ।
त्यसरी इस्राएलले परमेश्वरसँग करार गऱ्यो । उहाँले तिनीहरूलाई आशिष् दिनुहुनेछ, जीवन दिएर शत्रुहरूबाट छुटकारा दिनुहुनेछ र तिनीहरूले धार्मिकतामा हिंडेर सबै आज्ञाहरू पालन गर्नेछन् ।
परमेश्वरले मोशालाई बलिदान गरेर मानिसहरूलाई रगत छर्किदिन आज्ञा गरिदिनुभयो ।
सबै पापी र मृत्युका योग्य थिए, मोशा र हारून पनि । तर परमेश्वर कृपालु हुनुहुन्थ्यो । उहाँले उम्कने उपाय दिनुभयो । थुमा मारेर त्यसको रगत सारा इस्राएलीहरूमाथि छर्केपछि परमेश्वरले तिनीहरूका पाप ढाकिदिनुहुनेछ र तिनीहरूलाई मार्नुहुनेछैन । निर्दोष पाठो मृत्युका योग्य धेरैको साटोमा मारियो ।
अब तिमीहरूको पाप ढाकियो, तिमी ७० जना मसँगै पहाडमा जानेछौ र तिमीहरूले परमेश्वरको महिमा देख्नेछौ ।


परमेश्वर मोशासँग बोल्नुभएको ठाउँ पहाडमा इस्राएलका ७० अगुवाहरू मोशाको पछिपछि गए ।
अकस्मात्, तिनीहरूको अघि परमेश्वरको सिंहासन देखियो ।
परमेश्वरको महिमा !
इस्राएलका ७० अगुवाहरूले मोशा पहाडको चुचुरोमा पुगेर परमेश्वरको चम्किलो महिमामा हराएको देखे ।
यस्तो सुन्दरता !
र महिमा ।
परमेश्वरसँग आमनेसामने कुरा गर्ने मोशाजस्तो अर्को मान्छे छैन ।

प्रस्थान २४:९-१०




प्रस्थान २०:४, २५:८-९, २८:१-३, ३२:१-४; इजकिएल १:१०, १०:११, २८:१४


तिमीहरूलाई मिश्रबाट निकालेर ल्याउने ईश्वर यहाँ छ । भोलि हामी ठूलो बलिदान गरेर यहोवाको आराधना गर्नेछौं ।
हारून धेरै मूर्ख थिए । उनलाई यो मूर्ति साँचो ईश्वर भनेर थाहा थियो, तर उनले मानिसहरूको डर माने ।
परमेश्वरले तिनीहरूलाई पहिले नै मूर्ति बनाएर आराधना नगर्न आज्ञा दिनुभएको थियो । तर तिनीहरूले आफ्नै कल्पनाहरूलाई पछ्याए ।
मानिसहरू नाचेर नाङ्गै भए । तिनीहरूले पिएर व्यभिचार गरे । परमेश्वरले तिनीहरू सबैलाई नष्ट पार्न शैतान र त्यसका दूतहरूलाई नष्ट पार्ने आगो पठाउन तयार हुनुहुन्थ्यो ।
परमेश्वरले मोशालाई भन्नुभयो, "अब तल जा । मानिसहरूले ठूलो पाप गरेका छन् । तिनीहरूले आफैंलाई नाङ्गै बनाएर, मूर्तिहरूको अघि नाच्दै छन् । मैले ती सबैलाई नष्ट पार्नुपर्छ । तिनीहरूको हृदय कडा छ । तिनीहरू धार्मिकतामा हिँड्दैनन् ।"

प्रस्थान ३२:५-१०










प्रस्थान २०:३-४, ३२:१५-२०











प्रस्थान ३२:२६-२८


मोशा फेरि पहाडमा गए र परमेश्वरले आफ्नो औंलाले दुईवटा ढुङ्गामा फेरि दश आज्ञा लेखिदिनुभयो । जब उनी तल ओर्लेर त्यो मानिसहरूलाई देखाए, सबैले पालन गर्ने सहमति जनाए ।
परमेश्वर भन्नुहुन्छ कि तिमीहरू कडा हृदय भएका र विद्रोही मानिसहरू हौ । तिमीहरूले पाप गऱ्यौ र उहाँले तिमीहरूलाई मार्न चाहनुहुन्थ्यो, तर मैले तिमीहरूको लागि प्रार्थना गरें र उहाँले तिमीहरूको पाप हटाइदिनुभयो । यहोवा वास्तवमै कृपालु र क्षमाशील हुनुहुन्छ ।
परमेश्वरले पवित्रस्थान बनाउने तरिका भन्नुभएको छ । हामीले उहाँले भनेअनुसार बनायौं भने उहाँले त्यहाँ हामीसँग भेट्नुहुनेछ । हामी सबै पापी भएकोले हामीले उहाँलाई भेट्न सक्ने उपाय उहाँले दिनुभएको छ ।
हरेक लेवीहरूले रगतको बलिदान चढाउनेछन् । वर्षको एक पटक रगत करारको सन्दुकमा पनि राखिनेछ । मिश्रमा गरेझैं सन्दुकमा रगत देखेपछि उहाँले हाम्रा पाप हटाइदिनुहुनेछ र हामीहरू मर्नेछैनौं । यो परमेश्वरको क्षमादानको तरिका हो ।
त्यसरी पवित्र स्थानको निर्माण सम्पन्न भयो र पूजाहारीले दैनिक बलिदान चढाउन सुरु गरे । जब परमेश्वरले रगतको बलिदान चढाउनेहरूको विश्वास देख्नुभयो, उहाँले तिनीहरूको पाप क्षमा गरिदिनुभयो ।
तर मानिसहरू उजाड स्थानमा बस्न खुसी थिएनन् र सधैं गनगन गरिरहे ।
तर एक दिन तिनीहरूको गनगन र अविश्वासले तिनीहरूमाथि परमेश्वरको न्याय आयो ।
ओहो ! हेर । कति धेरै सर्पहरू ।
परमेश्वरले धेरै सर्पहरू आएर ताता शरीर खोज्न अनुमति दिनुभयो । परमेश्वर कृपालु हुनुहुन्छ, तर उहाँले पापलाई सधैं सहनुहुन्न ।


चाँडै पालहरू विषालु सर्पहरूले भरिए ।
परमेश्वर, हामीलाई मद्दत गर्नुहोस् ।
तर सर्पहरू तिनीहरूको पालमा राती पनि आए ।
मलाई मद्दत गर्नुहोस् । म रोकिएँ ।
नाइँ !
नाइँ, योआब !
आमा !
बुबाआमाको पापको परिणाम छोराछोरीले पनि भोगे ।


सबै पालहरूबाट रुवाइ र पीडाको चित्कार सुनिन्थ्यो । पापको ज्याला दुःखदायी थियो ।
सबै पालहरूमा झनै खराब अवस्था हुँदै छ । धेरैजना मरिसके ।
हामीले मोशालाई खोज्नुपर्छ । निश्चय नै यो परमेश्वरको काम हो । उहाँ मानिसहरूको पापको लागि तिनीहरूसँग रिसाउनुभएको छ ।


तपाईंले परमेश्वरसँग कुरा गर्नुपर्छ । हामी यो सजायको योग्य छौं, तर उहाँलाई कृपा देखाउन बिन्ती गर्नुहोस् ।
परमेश्वर पापको बारेमा गम्भीर हुनुहुन्छ भनेर मानिसहरूले कहिले जान्ने ? उनीहरूले उहाँका आज्ञाहरू मान्नुपर्छ र पवित्र जाति बन्नुपर्छ ।


हे परमेश्वर, आफ्ना मानिसहरूप्रति कृपालु हुनुहोस् । तिनीहरूका अपराध क्षमा गर्नुहोस् ।
**जा । मानिसहरूलाई टोक्ने सर्पजस्तै पित्तलको एउटा सर्प बना । यो सबैले देख्न सक्ने गरी खम्बामा झुण्डमा । तिनीहरूलाई पित्तलको सर्पमा हेर्न मात्रै भन् र तिनीहरू बाँच्नेछन् ।**


परमेश्वरले उपाय दिनुभयो । पित्तलको सर्पलाई हेर र तिमीहरू बाँच्नेछौ ।
ऊ मर्दै छ ।
नाइँ ! परमेश्वरले उपाय दिनुभएको छ । आँखा खोलेर हेर र बाँच !
यो आश्चर्यकर्म हो ।
हामीले अरूलाई भन्नुपर्छ ।
यसले मलाई राम्रो भयो ! म अरूहरूलाई भन्नेछु ।
हेर र बाँच ।


तिमीले उसलाई झूटो आशाले किन जिस्क्यायौ ?
अरूहरूले हेरे र पूर्ण बनाइए ।
म मरेको तिमीले देखेनौ । तिमीले यस्ता मूर्ख कुराले किन मलाई सताएको ?
ऊ मऱ्यो ।
उसले विश्वास गरेन भनेर मलाई दुःख लाग्यो ।
ऊ निकै घमण्डी थियो ।
फेरि एक पटक मानिसहरूले परमेश्वरको शक्ति देखे । सर्प पालबाट हट्यो र जीवन सामान्य बन्यो ।
तर, मानिसहरू आफ्नै बाटो निरन्तर हिँडिरहे, सधैँ परमेश्वरको आज्ञा मान्न असफल भएर ।
इस्राएलका सन्तानले बादललाई पछ्याए । परमेश्वरले तिनीहरूलाई स्वर्गबाट मन्न खुवाउनुभयो र पिउन पानी दिनुभयो ।
उहाँले मानिसहरूलाई प्रतिज्ञाको मुलुकमा लान सक्नुहुन्थ्यो, तर तिनीहरू अनाज्ञाकारी भएर परमेश्वरका आज्ञाहरू पालन गरेनन् । त्यसकारण परमेश्वरले तिनीहरूलाई ४० वर्षसम्म उजाड स्थानमा भौँतारिन छोडिदिनुभयो ।

गन्ती २१:९, ३२:१३


मोशा, तिमी आफू मात्रै परमेश्वरको नजिक छु भन्ने सोच्छौ । हामी पनि तिमीझैं पवित्र छौं । वास्तवमा सबैजना पवित्र छन् । हामी बीचमा कोही पापी बाँकी छैन र परमेश्वर हाम्रा बीचमा बास गर्नुहुन्छ । हामीलाई के गर्ने भनेर हाम्रा बीचमा सिकाउन हाम्रो न्यायकर्ता हुन तिमी र हारून चाहिँदैन । हामी पनि तिमीहरूझैं निसाफ गर्न सक्षम छौं ।
हो, मलाई उजाड स्थानमा घुम्दाघुम्दा र परमेश्वरले हामीलाई सानो कुरामा पनि मारेको देख्दादेख्दा वाक्क लागिसक्यो ।
हो, यो मोशाको भुल हो । उसको स्तर निकै माथि छ ।
मोशाले पवित्रस्थानमा गएर परमेश्वरसँग के गर्ने भनी सोधे ।
परमेश्वर बोल्नुभएको छ, “तिमीहरूले आफैंमाथि धेरै जिम्मेवारी लियौ, तिमी लेवीका छोराहरू । तिमीहरू परमेश्वरले नबनाए पनि पूजाहारी बन्न खोज्छौ ।
भोलि परमप्रभुले हाम्रा बीचमा न्याय गर्नुहुन्छ र हामीले परमेश्वरका पूजाहारी को हो, को पवित्र छ र छैन भनेर थाहा पाउनेछौं ।”

गन्ती १६:२-६


अर्को दिन
नजिक आओ, पवित्र भएकाहरू, मानिसहरूको पूजाहारी र शासक हुने तिमीहरू ।
आज परमेश्वरले हामीलाई यहाँ भेटेर छनौट गर्नुहुनेछ । हामीले उहाँको शक्ति र महिमा देख्नेछौं ।
आफैंलाई यी दुष्ट मानिसहरूबाट अलग गर् किनकि म तिनीहरूलाई तुरुन्तै नष्ट गर्नेछु ।
तिनीहरूको पालबाट पर हट्, तिनीहरूको पालको नजिक नआइज नत्र तँ पनि तिनीहरूसँगै मर्नेछस् ।

गन्ती १६:१९-२४


अब यो जाँच हो । यी मानिसहरू सामान्य किसिमले मरे भने तिमीहरूले जान्नेछौ कि म झूटो अगमवक्ता हुँ र परमेश्वर मद्वारा बोल्नुहुन्न ।
तर आज तिमीहरूले नयाँ कुरा देख्नेछौ, पृथ्वी फाटेर तिनीहरू र तिनीहरूका सबै थोकलाई निल्नेछ, नरकको खाल्डोमा । त्यसपछि तिमीहरूले जान्नेछौ कि तिनीहरूले परमेश्वरको विरुद्ध पाप गरेका छन् र म उहाँको अगमवक्ता हुँ ।
कच्याक् !
गद्याम्म !
गुहार !
ओहो !
नाइँ !
पूजाहारी हुन खोज्ने सबैमानिसहरू सबै जिउँदै नरकको भट्टिमा निलिए, जुन शैतान र त्यसका दूतहरूको लागि तयार पारिएको थियो ।


तिनीहरूको पित्तलका सामान लेऊ र वेदीको ढकनी बनाऊ ।
जब तिमीहरूले पित्तलले वेदी ढाकेको देख्नेछौ, तिमीहरूले यो दिन सम्झनेछौ, मानिसहरूले परमेश्वरको आज्ञा उल्लङ्घन गरेर आफैंलाई पूजाहारी बनाउन खोजे ।
त्यो इस्राएलका सन्तानले कहिल्यै नबिर्सने दिन थियो । परमेश्वरले मोशा परमेश्वरका अगमवक्ता हुन् र उहाँले छानेको मान्छे मात्रै पूजाहारी हुन सक्छ भनी प्रष्ट पार्नुभयो ।


परमेश्वरको महिमा पवित्रस्थानमाथि सधैँ रह्यो र मानिसहरूले मोशालाई ४० वर्षभरि उजाडस्थानमा पछ्याइरहे ।
परमेश्वरको महिमा हामीसँग छ र उहाँले हामीलाई स्वर्गबाट रोटी दिनुहुन्छ ।
परमेश्वरले स्वर्गबाट रोटी पठाइरहनुभयो र तिनीहरूलाई चट्टानबाट पानी पियाइरहनुभयो । तिनीहरूलाई राती आगोको र दिनमा बादलको खाँबोले सुरक्षा दियो । तिनीहरूले व्यवस्थित भएर परमेश्वरको आज्ञापालन गर्न सिके ।

गन्ती १६:३७-३८











अन्दाजी इ.पू. १४५१ - व्यवस्था ३४:४-५




व्यवस्था ३४:९; यहोशू ५:१२







व्यवस्था ३४:९; यहोशू ५:१२



# अध्याय ५:
# अगमवक्ताहरू


प्यालेष्टाइन, जहाँ इस्राएलीहरू आए, त्यहाँका मानिसहरू दुष्ट थिए । तिनीहरूलाई कनानी भनिन्थ्यो र तिनीहरूको इस्राएलीहरूको भन्दा बेग्लै भाषा थियो । तिनीहरूले मानिसको बलिदान चढाउँथे र सुन, चाँदी, पित्तल र काठका देवताहरूको अघि झुक्थे ।
हे बाल, हामी तपाईंलाई यो निर्दोष बच्चा चढाउँछौं । यसको रगतले तपाईंको क्रोध शान्त पारोस् ।
मेरो आत्माको पापको लागि म मेरो छोरोको बलिदान चढाउँछु ।
कुनै दिन हामी पनि मुख्य पूजाहारी बन्नेछौं र हामी पनि बलिदान चढाउनेहरूमध्ये एउटा बन्नेछौं ।
यो टाढा हो तर यो हुनुपर्छ । असल गर, असल फल पाऊ, खराब गर, खराब फल पाऊ ।
परमेश्वरले तिनीहरूलाई पूजाहारी र अगमवक्ताहरू पठाएर पश्चात्ताप गर्न भन्नुभयो, तर तिनीहरूले आफ्नो पाप जारी राखे । उहाँले नोआको समयमा मानिसहरूलाई नष्ट पारेझैं, सदोम र गमोरालाई नष्ट पारेझैं कनानीहरूलाई पनि नष्ट पार्नुहुनेछ ।

व्यवस्था १८:९-११


प्रतिज्ञाको मुलुकमा बस्ने मूर्तिपूजकहरूले इस्राएलीहरूसँग आफ्नै भूमिमा रहन लडाइँ गरे, तर परमेश्वरले इस्राएलका सन्तानलाई तिनीहरूलाई हराउने शक्ति दिनुभयो ।
यो पवित्र मन्दिरमा आउने साहस कसरी गर्‍यौ ?
तिमीले आफ्नो पहिलेको बच्चा मार्‍यौ ।
रक्तालु लडाइँ सकिएपछि हिब्रूहरूले आफ्ना शत्रुहरूलाई जिते र भूमि तिनीहरूले अधिकार गर्न तयार थियो । यहोशूले मानिसहरूलाई भने ।
हाम्रा पुराना पुर्खा अब्राहाम मूर्तिपूजकहरूको देशबाट आए । परमेश्वर उनीसँग बोल्नुभयो र ठूलो जाति बनाउने प्रतिज्ञा गर्नुभयो ।
उहाँले आफ्ना मानिसहरू मिश्रमा ४०० वर्षसम्म रहनेछन् र त्यसपछि उहाँले तिमीहरू अहिले उभिएको जमिनमा ल्याउने पनि भन्नुभएको थियो । परमेश्वरले अब्राहामलाई प्रतिज्ञा गर्नुभएको ५०० वर्षपछि त्यो पूरा भयो ।
अब जाऊ र देशमा बस । तिमीहरूभन्दा पहिले यस भूमिमा बस्ने पापीहरूको मार्ग नपछ्याओ किनभने उहाँले तिनीहरूलाई गरेझैँ तिमीहरूको पनि न्याय गर्नुहुनेछ ।



नयाँ देशमा तिनीहरू शान्तिमा थिए । सबैको आफ्नै खेत थियो र खानेकुरा पनि प्रशस्तै थियो । परमेश्वरले तिनीहरू सबैलाई आशिष् दिनुभयो ।
तपाईंको खाना तयार छ ।
हामीले यो ढुङ्गो पल्टाइसकेपछि ।


परमेश्वरले प्रतिज्ञा गरेझैँ हिब्रूहरू बढेर देश ढाके । तिनीहरूका सहरमा भलाइ र न्याय थियो । नयाँ देशलाई इस्राएल भनियो ।
बहिनी, तिमीलाई शान्ति । आजको माछा कस्तो छ ?
सधैँको जस्तो समुद्रबाटको ताजा छ ।




प्रस्थान २१:२८-२९; यहोशू २४:१५-२४











न्यायकर्ता ३:७-८, १२-१३, ४:१-२, १०:६-७


जब न्याय परमेश्वरका मानिसहरूमाथि पऱ्यो, उनीहरूले उहाँका आज्ञा सम्झे र आफ्ना पाप स्वीकार गरे ।
हे यहोवा, हाम्रा पापहरू क्षमा गर्नुहोस् र हाम्रो शान्ति पुनर्स्थापना गर्नुहोस् ।
जब तिनीहरूले आफ्ना पाप स्वीकारे, उहाँले तिनीहरूको पाप क्षमा गर्नुभयो र तिनीहरूको देशमा पुनर्स्थापन गर्नुभयो ।


मानिसहरू परमेश्वरको व्यवस्थाबाट डोऱ्याउने अगमवक्ताहरूबाट थाके । त्यसकारण तिनीहरूले आफूमाथि शासन गर्न राजा छान्ने निर्णय गरे ।
राजाको माग गर्नु परमेश्वरलाई आफ्नो राजा इन्कार गर्नु हो भनेर अगमवक्ता शमूएलले तिनीहरूलाई चेतावनी दिए, तर तिनीहरूले विश्वासमा हिँड्न चाहेनन् । राजा शाऊलले तिनीहरूलाई सताए, तिनीहरूबाट कर लिए, सम्पत्ति लिए, तिनीहरूलाई आफ्ना छोराहरूका सेवक र तिनीहरूका छोरीसँग दूर्व्यवहार गरे ।
तिमीहरूको भूमिले राज्यलाई सहयोग गर्नुपर्छ । तिमीहरूले आफ्ना छोरीहरू यहाँ छोड्न सक्छौ । हामी तिनीहरूको राम्रो हेरविचार गर्नेछौं ।





१ शमूएल १८:१०-११, ३१:४, १६:१-१३; भजनसंग्रह २३-१-५







२ शमूएल २:४; भजनसंग्रह १; प्रेरित:२२-२३







२ शमूएल ७:१२; भजनसंग्रह ७२:१-२०




१ राजा १२:२०, २८:२९; भजनसंग्रह २:७, १२, २२:६, १४:१८, ४०:८, ७८:२, ४५:६-७, ८९:२६-२७, ११०:१, ४, १३२:११







१ राजा १२:२८, १३:१-२; यर्मिया ४४:१७-२५


यस्ता कुरा कसरी देखेको ? परमेश्वरबाहेक अरूले भविष्यका कुराहरू भन्न सक्दैन ।
परमेश्वरको वचनअनुसार म भन्दै छु कि योशियाहले हरेक पूजाहारीहरूको हाड यही वेदीमा जलाउनेछन् ।
मैले परमेश्वरको लागि बोलेको हो भने उहाँले एउटा चिन्ह दिनुहुनेछ । आज तिमीहरूले झूटो परमेश्वर र मूर्तिलाई पुजेकोले उहाँले कष्ट दिनुहुनेछ ।
हा हा हा ! गधाको आवाज सुन । उसले ठान्छ कि ऊ नै ठीक र अरू सबै झूटा हुन्!
उसलाई पक्र । उसलाई मार । अर्को मानिसको धर्मको बारेमा के आँटले उसले बोल्यो !
मेरो हात सुक्यो ! यहोवाले मलाई सजाय दिनुभयो । प्रार्थना गर्नुहोस् कि म निको हुन सकूँ ।
परमप्रभु, तपाईंलाई आज सबैले देख्न सकून् । राजाको हातलाई निको पार्नुहोस् ।
यो आश्चर्यकर्म हो ! परमेश्वरले मेरो हात निको पार्नुभयो !

१राजा १३:२-६


गड्ड्याम ! बुम !
ऐया !
नाइँ !
यहोवा यति छिटो ?
साँच्चै तपाईं जीवित परमेश्वरका जन हुनुहुन्छ । बालका कुनै अगमवक्ताले यस्तो कहिल्यै गरेका थिएनन् । मसँग आउनुहोस् । हामी सँगै खानपान गरेर ताजा हुनेछौं र परमेश्वरको लागि आज तपाईंले गरेको ठूलो सेवाको लागि म ठूलो पुरस्कार दिनेछु ।
उसले मेरो धर्म नष्ट गऱ्यो । केही कुरा बाँकी छैन ।
हुन्न, म तपाईंसँग जान सक्दिनँ । परमेश्वरले मलाई म इस्राएलमा हुँदा तपाईंसँग खानपान नगर्न र म आएको भन्दा अर्कै बाटो फर्कन हुकुम गर्नुभएको छ ।
तर तपाईंले भन्नुभयो कि पूजाहारीको हाड वेदीमा जलाउनुपर्छ । वेदी पनि भत्क्यो र कोही पनि मरेको छैन ।
यो परमेश्वरको काम हो, मेरो होइन ।

१ राजा १३:५, ७-९


परमेश्वरले आज्ञा गरेझैँ परमेश्वरका अगमवक्ता अर्कै बाटो भएर फर्किए । उनी २ दिनसम्म खाना र पानीबिना हिंडे र उनी निकै भोकाएका र तिर्खाएका थिए । सुनको बाछा पुज्ने दुईजनाले उनी कुन बाटो फर्कन्छन् भनेर हेरिरहेका थिए ।
बुबा, मैले यो नदेखेको भए म विश्वास गर्नेथिइनँ । यो इस्राएलका पुराना अगमवक्ताहरू-जस्तै छ ।
बुबा, उसले भनेका कुरा सत्य हुन् भनेर तपाईं विश्वास गर्नुहुन्छ त ? के यहोवा मात्रैजीवित ईश्वर हुन् त ? हाम्रा मूर्तिहरू काठ र सुनबाहेक केही होइनन् त ?
छिटो ! गधाको काठी कस ! मैले उसलाई भेट्नैपर्छ ।
उसले यहोवाका अगमवक्तालाई रूखको मुनि बसिरहेका भेट्टायो । ऊ यस्तो शक्तिशाली मान्छेको नजिक हुन चाहन्थ्यो । ऊ एक पटक यहोवाको अगमवक्ता भएको थियो तर राज्य टुक्रेपछि उसले आफ्ना मानिसहरूसँगै मूर्तिपूजालाई पछ्यायो । उसको कारण थियो, “सबै धर्म एउटै होइन र ?”
तपाईं यहूदाबाट आउनुभएको परमेश्वरका जन हुनुपर्छ । तपाईं थाक्नुभएको छ । मेरो घर आउनुहोस् र म तपाईंलाई खाना र पानीले सेवा गर्नेछु ।
हुँदैन, परमेश्वरले मलाई यहाँ नखान र नपिउन हुकुम गर्नुभएको छ ।
तर तपाईंलाई थाहा छ, म पनि तपाईंजस्तै अगमवक्ता हुँ र आज बिहान यहोवाका दूतले मलाई तपाईंलाई खानपान गर्न घरभित्र ल्याउन भनेका छन् ।
धन्यवाद परमेश्वर, म धेरै तिर्खाएको छु ।
खाना मीठो थियो, तर म यहूदा फर्किनुपर्छ ।
यहोवाले भन्नुभएको छ, “तैँले यहोवा परमेश्वरको आज्ञा नमानेर यो ठाउँमा खानपान गरेकोले तेरो लाश तेरो परिवारको चिहानमा गाडिन यहूदा लगिनेछैन ।”
बुबा, तपाईंले अगमवाणी गर्दै हुनुहुन्छ । परमेश्वर तपाईंसँग बोल्नुभयो र ?
तपाईंले ऊ मर्छ भन्न खोजेको ।
हो मेरा छोरा, वर्षको पहिलो पटक !
म यसरी डराएको छु र यो मेरो भुल हो ।

१ राजा १३ः १०-२२













१ राजा १३:२३-३१; २ राजा २१:२४, २२:८-११, २३:१-३


पवित्र माता, हामीलाई बचाउनुहोस् ।
मानिसहरूले परमेश्वरको आज्ञा माने र देशका सबै मूर्तिहरू नष्ट पारे । सूर्य, चन्द्र, ग्रहहरू र स्वर्गकी रानीलाई पुज्ने पूजाहारीहरूलाई तिनीहरूले मारे ।
मोशाले दिएको परमेश्वरको व्यवस्थाले एकै लिङ्गका मानिसहरूको यौन सम्बन्धलाई निषेध गर्थ्यो । त्यसकारण सबै सदोमीहरू देशबाट खेदिए ।
सामना गर्न नसकिने जब्बरहरू ।
तिनीहरूले आत्माहरू, जोखाना हेराउने र मन्त्रतन्त्र गर्नेहरूलाई देशबाट लघारे ।
उसको काँचको बाल फुटाऊ र घर जलाइदेऊ ।

२ राजा २३:५, ७, १०


३०० वर्षपहिले इस्राएलका पहिला राजा यारोबामले गरेझैँ योशियाहले पनि गरे ।
तिनीहरूले वेदीहरू भत्काए, मूर्तिहरू भत्काए र पुजिरहेका रूखहरू काटेर ढाले ।
एक मात्र र सत्य परमेश्वर हुनुहुन्छ र उहाँ मूर्तिहरूबाट पुजिनुहुन्न ।
तिमी मर्नैपर्छ ।
एक पटक फेरि वेदी जल्यो र खरानी उड्दै छ ।
सबै झूटा पूजाहारीहरू मारिए र तिनीहरूको शरीर वेदीको विनाशसँगै जलाइयो ।
नजिकै झूटा अगमवक्ताको चिहानघारी छ । मानिसहरूले चिहानमा नपुजून् भनेर योशियाहले ती हाडहरू खनेर वेदीमा जलाइदिए ।

२ राजा २३:१५-१६


सबै हाडहरू जलाऊ ।
तर महाराजा, यो त झण्डै ३०० वर्षपहिले यहूदाबाट आएका परमेश्वरका मानिसको चिहान हो । उनले नैयो दिनको बारेमा भविष्यवाणी गरेका थिए ।
उनले भनेझैँ योशियाह नामका मानिस आएर यो दिन यो सबै गर्नेछन् र तपाईं नै त्यो व्यक्ति हो ।
त्यसो भए उसका हाडहरू मात्रै छोड । अरूहरू जलाइदेऊ । परमेश्वरले हामीलाई आशिष् दिनु हो भने यो मूर्तिपूजा बन्द हुनुपर्छ ।
परमेश्वरका मानिसले भनेझैँ ३०० वर्षपछि त्यो भविष्यवाणी पूरा भयो ।


अब मूर्तिपूजा हट्यो, आफ्ना पुर्खाहरूलाई मिश्रबाट ल्याएर यो देश दिएको सम्झनामा योशियाहले निस्तार चाड मनाउने हुकुम गरे ।
तपाईं धन्य, हे परमप्रभु हाम्रा परमेश्वर, संसारका राजा, जसले पृथ्वीबाट अनाज उब्जाउनुहुन्छ ।
बुबा, आज अरू दिनभन्दा किन फरक छ ?
त्यसरी बुवाले परमेश्वरले कसरी मिश्रीहरूका बन्धनबाट छुटाउनुभयो र तिनीहरूलाई व्यवस्था र पवित्रस्थान दिनुभयो भन्ने कुरा बताइदिए । उनले चौकोशको रगतले कसरी बिनाशबाट जेठा छोराहरू जोगायो भनेर पनि बताए । त्यो सबैभन्दा ठूलो निस्तार चाड थियो ।


त्यसपछि उत्तरी राज्यमा आहाब भन्ने दुष्ट मान्छे राजा भए (८७४ इ.पू.)। उनी सामरियामा सिदोनीहरूको नजिकै बस्थे। सिदोनीहरूले बाललाई पुज्थे। आहाबले बालका पूजाहारीकी छोरीसँग विवाह गरे।
इजबेल आफ्नो धर्मप्रति कट्टर भनेर चिनिन्थिन्। उनले इस्राएलका परमेश्वरको आराधना हटाएर देशमा बाललाई पुज्नेहरूको सङ्ख्या बढाइन्।
यहोवाका सबै अगमवक्ताहरूलाई खोजेर मार। बाल हाम्रा परमेश्वर हुनेछ।
राजाको ओबदिया नामका यहोवाको आराधना गर्ने सेवक थिए।
पहिले परमेश्वरका अगमवक्ताहरू खोजेर तिनीहरूलाई चेतावनी दिनुपर्छ।
ओबदियाले १०० जना अगमवक्ताहरूलाई ओडारमा लुकाएर खाना र पानी पुऱ्याइदिए।


तर लुक्न नचाहने परमेश्वरका अर्का एउटा अगमवक्ता थिए: एलिया
हे राजा आहाब, तिमीले तिम्रा पुर्खाहरूको परमेश्वरलाई त्यागेर तिम्री स्वास्नीको खराब काम पछ्याएकोले यहोवा भन्नुहुन्छ कि मैले फेरि आज्ञा नगरेसम्म देशमा फेरि पानी पर्नेछैन ।
हा हा ! त्यसकारण तिमीले आफूलाई अगमवक्ता ठान्छौ, होइन र ? मसँग हजारौंहजारौं अगमवक्ताहरू छन् र कसैले पनि खडेरीको बारेमा केही भनेको छैन । गत वर्षहरूमा प्रशस्तै वर्षा भयो । तिमी काम नलाग्ने झूट, मबाट भाग ।
जब भोकमरी बढ्यो, मानिसहरू मर्न थाले । झूटा अगमवक्ताहरूले बाललाई पुकारे, तर बालले जवाफ दिन सकेन । एक थोपो पानी र शीतबिना खडेरी भइरह्यो परमेश्वरले एलियालाई एउटी विधवाको घरमा पठाउनुभयो, उनले एलियालाई कोठा र खडेरी नसकुञ्जेल खाना दिन्छिन् भनेर ।
के मलाई पानी पिउन दिन्छ्यौ, रोटी पनि ?
म तपाईंलाई सत्य भन्छु । मसँग दुईटा साना रोटी बनाउन पुग्ने पीठो छ । यो म र मेरो छोराको लागि बनाउन आँटेको छु ।
परमेश्वरले हाम्रा पापको लागि सजाय दिनुभएको छ ।
नडराऊ । परमेश्वरले तिम्रो हेरविचार गर्नुहुन्छ ।
तिमीले भनेझैं रोटी बनाऊ र पहिले मलाई देऊ । त्यसपछि तिमी र तिम्रो छोराले खान सक्छौ किनकि इस्राएलका परमेश्वर यहोवा भन्नुहुन्छ, "परमेश्वरले इस्राएलमा वर्षा नपठाउञ्जेल पीठो र गरियोमा तेल सकिनेछैन ।
यो सत्य हो ! मेरो भाँडोमा अझै पिठो छ र गरियोमा अझै तेल छ ।


हामी यो सबै खन्याउन सक्दैनौं ! यो आइरहन्छ !
यो आश्चर्यकर्म हो ! परमेश्वर असल हुनुहुन्छ ।
अर्को दुई वर्षती तीनजना त्यही पिठो र तेलको खानाले बाँचे ।
एक दिन एलिया ती विधवाको घरको कोठामा आउँदा उनका छोरालाई मरेको भेट्टाए ।
उसलाई ज्वरो आयो र ऊ मऱ्यो !
मैले के कुराले तपाईंको चित्त दुखाएँ ? तपाईं यहाँ मेरो पाप सम्झाउन र परमेश्वरले हाम्रा छोरा मार्न आउनुभयो ?
इस्राएलमा अझै पनि परमेश्वर हुनुहुन्छ ।
हे यहोवा, यो केटाको शरीरमा प्राण फेरि आओस् ।
परमेश्वरले एलियाको प्रार्थना सुन्नुभयो र उसको शरीरमा पस्न प्राणलाई फेरि पठाउनुभयो ।
अब्राहाम, इसहाक र याकूबका परमेश्वर, धन्यवाद । तपाईं मात्रै परमेश्वर हुनुहुन्छ ।
मैले तिमीलाई इस्राएलमा परमेश्वर हुनुहुन्छ भनेको थिएँ ।
मेरो छोरा !

१ राजा १७:१७-२४




१ राजा १८:१, ४, १७-२१


तिमी बालको लागि वेदी बनाऊ र म यहोवाको लागि वेदी बनाउनेछु । हामी वेदीमा दाउरा र त्यसमाथि बलि राख्नेछौं । हामी यसमा आगो लाउनेछैनौं ।
तिमी बाललाई पुकार र म यहोवालाई पुकार्छु ।
जुन ईश्वरले आगो पठाएर बलिलाई भष्म पार्छ, त्यही नै परमेश्वर हो र हामी उहाँको मात्र आराधना गर्नेछौं । तिमीहरू मभन्दा धेरै भएकोले पहिले तिमीहरू गर ।
हे बाल, आज हाम्रो पुकार सुनिदिनुहोस् ! हामी तपाईंको महान् नाउँमा यो बलि चढाउँछौं ।
हे बाल, महान् र शक्तिशाली ।
हे स्वर्गकी रानी, आज आएर बाललाई सहायता गर्नुहोस् ।
बाल ईश्वर हो भने उसले तिमीलाई ध्यान दिएको छैन । कुरा गरिरहेकोले उसले तिमीहरूको कुरा सुन्न नसकेको होला
अथवा ऊ घुम्न गएको होला वा त सुतिरहेको होला ।
हो, त्यो त्यही हो ! ऊ निदाएको छ र तिमीहरूले ठूलो स्वरले उसलाई ब्यूँझाउनुपर्छ ।
तिमी फोहोरी $!?!$!
तिमीले केही राम्रो गर्न सक्दैनौ । नछोडौं, प्रियहरू, हामीले आफैंलाई चोट पुऱ्याएमा बाल खुसी हुन्छन् ।

१ राजा १८:२२-२७


बालका अगमवक्ताहरू थाके र भूइँमा लड्न थाले: आफ्नो शरीर काट्दै र बालले सुन्छ भनेर रुँदै ।
ऐया !
ऊफ् !
हे बाल म तपाईंलाई आफ्नो रगत चढाउँछु । हाम्रो पुकारा सुन्नुहोस् ! आगो पठाउनुहोस् ! आफैँलाइ प्रकट गर्नुहोस् ।


हा ! हा आफैँलाई हेर ! ९ घण्टादेखि तिमीहरू उत्तर नदिने ईश्वरलाई पुकार्दै छौ । ऊ परमेश्वर हो भने उसले आफैँलाई प्रमाणित गर्ने यो मौकाको फाइदा उठाउनेथियो ।
अब मेरो पालो । नजिकै आएर मैले के गर्छु, हेर ।
हे बाल, किन उत्तर नदिएको ?


उसले किन यति गहिरो खाडल खन्दै छ ?
उसले पर्खिरहेको छ, अँध्यारो हुन पर्खिरहेको छ ।
तिमीले कहिले प्रार्थना गर्छौ ? यो खाल्टो खन्ने प्रतिस्पर्धा होइन ।
गएर चार गाग्रा पानी ल्याएर बलिदान र दाउरामा हाल ।
पानी ? यो भिज्यो भने जल्दैन ।


यो अगमवक्ता पागल हो । उसले घाम अस्ताएको कहिल्यै देख्दैन ।
यो राम्ररी भिजेन । अझ चार गाग्री पानी यसमा हाल ।
यसको दिमाग खुस्कियो । राजाले किन यो कुरा सहिरहेका होलान् ?

१ राजा १८:३२-३४


हा ! हा ! जीवित परमेश्वरलाई कुनै कुरा असम्भव छ र ?
अझै ४ गाग्री पानी हाल । तिमीहरूले जान्नेछौ कि इस्राएलमा
परमेश्वर हुनुहुन्छ र उहाँको नाम बाल होइन ।
आहाबले यसको
लागि उसको टाउको
लिनेछन् ।
पछि हट ।
बुवा
अझै पछि हट ।
यहोवा, अब्राहाम, इसहाक र
इस्राएलका परमेश्वर, आज तपाईं नै जीवित
परमेश्वर हुनुहुन्छ र म तपाईंको सेवक हुँ र तपाईंले
तिनीहरूको हृदय तपाईंतिर फर्काउनुभएको छ
भनेर जान्न दिनुहोस् ।
बुरुरुम् !
ओहो !
आम्मामा
क्याक् !

१ राजा १८:३५-३८


अब्राहामका परमेश्वर !
यो त ज्यादै तातो छ ।
स्वर्गबाट आगो !
गुहार !


अब्राहाम र इसहाकका परमेश्वरले आगोबाट जवाफ दिनुभएको छ ।
यसले धुलो र ढुङ्गाहरू पनि जलायो ।
यो कस्तो परमेश्वर होला, जसको कुनै आकृति छैन र पनि यस्तो गर्छ ?


मोशाले हामीलाई यहोवालाई मात्रै आराधना गर्न आज्ञा दिएका थिए । अर्को देवतालाई पुज्ने इसाएलका सन्तानलाई मार्नुपर्छ भनी उनले आज्ञा दिएका थिए ।
नाइँ ! दया गर्नुहोस् !

१ राजा १८:३८-४०





१ राजा १८:४०-४१, ४४-४६, १९:१


मैले ती सबैलाई मारें । तिनीहरू झूटा र धोकेबाज थिए ।
तपाईंले के ? तपाईं दुष्ट ! तपाईंले एलियालाई मार्नुपर्थ्यो!
तर उनका परमेश्वरले आगोले जवाफ दिए । यो आश्चर्यपूर्ण काम थियो । हाम्रा पूजाहारीहरू शक्तिहीन थिए । सबै मानिसहरू यहोवातिर फर्के ।
तर मायालु, मैले के गर्न सक्थें र ? मलाई मानिसहरूको डर लाग्यो ।
तपाईंले मेरा पूजाहारीलाई मार्नुभयो ।
तपाईं मूर्ख !
कुनै पनि आश्चर्यकर्मले बालको क्रोधबाट एलियालाई बचाउन सक्दैन ।
मैले एलियालाई यसको लागि मार्न सकिनँ भने देवताहरूले मलाई पनि त्यसै गरून्, त्योभन्दा बढी !
म भाग्नुपर्छ ।
एलियाले परमेश्वरलाई विश्वास गर्न बिर्सेर आफ्नो जीवन बचाउन भागे ।


हे परमेश्वर, अब म सहन सक्दिनँ । मलाई इजबेलले भेट्नुअघि अब मर्न दिनुहोस् ।
मलाई आफैंदेखि लाज लागेको छ । मैले तपाईंको विश्वास गर्न सकिनँ । म मेरा पापी पुर्खाहरूभन्दा बढी छैन । मलाई मर्न दिनुहोस् ।
एलिया एउटा गुफामा लुक्न चालीस दिनसम्म उजाडस्थानमा भागे । उनी मोशाले दश आज्ञा पाएका सिनै पर्वतमा आइपुगे । त्यहाँ परमेश्वर तिनीसँग बोल्नुभयो ।
एलिया, यहाँ के गर्दै छस् ?
मबाहेक सबैले तपाईंको व्यवस्था त्यागे । तपाईंका सबै अगमवक्ताहरू मारिए । तपाईंको आराधना गर्न म मात्रै जीवित छु, तिनीहरूले मलाई पनि मार्न खोज्दै छन् ।
गएर पहाडमा परमप्रभुको अघि खडा हो ।
एलिया परमप्रभुको अघि उभिएपछि ठूलो बतास आयो, तर परमेश्वर बतासमा हुनुहुन्नथ्यो ।
त्यसपछि भूइँचालो आयो, तर त्यसमा पनि परमेश्वर हुनुहुन्नथ्यो ।
अन्त्यमा स्वर्गबाट आगो आयो, तर परमेश्वर आगोमा हुनुहुन्नथ्यो ।
परमेश्वरले एलियालाई उहाँ इजबेलभन्दा धेरै शक्तिशाली हुनुहुन्छ भनेर देखाउँदै हुनुहुन्थ्यो ।

१ राजा १९:४, ८-१२


जब बतास, भूइँचालो र आगो गइसक्यो एलियाले परमेश्वरको मधुरो आवाज सुने । उहाँले पहिले सोधेकै प्रश्न फेरि एलियालाई सोध्नुभयो ।
एलिया, तँ यहाँ के गर्दै छस् ?
एलियाले केही सिकेका थिएनन् । उनलाई आफैंदेखि दुःख लागेको थियो र फेरि त्यही उत्तर दिए ।
मबाहेक सबैले तपाईंको व्यवस्था त्यागे । तपाईंका सबै अगमवक्ताहरू मारिए । तपाईंको आराधना गर्न म मात्रै जीवित छु, तिनीहरूले मलाई पनि मार्न खोज्दैछन् ।
ठीक छ, तैंले यसरी गरेको हो भने गएर एलिशालाई मेरो अगमवक्ताको रूपमा तेरो ठाउँ लिन अभिषेक गर् ।
तँलाई थाहा छैन कि बालको मूर्तिलाई नढोग्ने ७००० इस्राएलीहरू जीवित छन् र तिनीहरूले उसको खुट्टालाई म्वाइ खाएनन् । अब आफ्नो बाटो लाग्, आहाबका सबै परिवार मारिनेछन् ।


एलियाले एलिशालाई हलो जोतिरहेका भेट्टाए र उनलाई अगमवक्ता अभिषेक गरे ।
परमप्रभु भन्नुहुन्छ, तिमी उहाँका अगमवक्ता हुनेछौ ।
म मेरा गोरुहरू परमप्रभुलाई बलि चढाउँछु र अहिल्यै तपाईंको पछि लाग्नेछु ।




प्रस्थान २०:१७; १ राजा २१:१-७




प्रस्थान २०:१६; १ राजा २१:१०-१६


एलिया, आहाब नाबोतको दाखबारी अधिकार गर्न गएको छ। त्यसलाई त्यहाँ गएर भेट। उसलाई मेरो वचन सुनाइदे।
आहाब, परमेश्वरले मलाई तपाईंले निर्दोष मानिसलाई मारेर उसको दाखबारी लिनुभयो भन्न अह्राउनुभएको छ। यो र अरू पापको लागि जहाँ कुकुरहरूले नाबोतको रगत चाटेका थिए, त्यहीं तपाईंको रगत पनि चाट्नेछन्।
मेरो शत्रुले मलाईयहाँ पनि भेट्यो ?
तपाईं परमेश्वरबाट लुक्न सक्नुहुन्न। तपाईंले आफ्नो सम्पत्तितिर मन लाएकोले परमेश्वरले तपाईंको पूरै परिवारमा समस्या ल्याउनुहुनेछ। तपाईंका छोराछोरी र सबै नातेदारहरू मर्नेछन्, साना बच्चाहरू पनि।
तपाईंले परमेश्वरको क्रोध जनाउनुभयो। तपाईंको घरको पर्खालनजिकै कुकुरहरूले इजबेललाई खानेछन्। जब सहरमा तपाईंको परिवारका मानिसहरू मर्नेछन्, कुकुरले तिनीहरूका लाश खानेछन्। तिनीहरू खेतमा मरे भने गिद्धले तिनीहरूका लाश खानेछन्। कसैलाई पनि आदरसाथ गाडिनेछैन।
यो परमप्रभुको वचन हो। यो पूरा हुने नै छ।
म यहोवालाई बलिदान चढाउन सुरु गर्नेछु।

१ राजा २१:१७-२६




१ राजा २१:२७, २२:६:२२


तिमी ठान्छौ कि यहोवाका आत्मा मलाई छोडेर तिमीसँग बोल्न थाल्नुभयो ?
चड्याङ !
तिम्रो जीवनको लागि भित्री कोठामा लुक्न गएको दिन तिमीलाई कोसँग यहोवा हुनुहुन्छ भन्ने थाहा हुनेछ ।
यो के हो ? अर्को भविष्यवाणी ? हा !
म युद्धबाट नफर्कुन्जेल यो मानिसलाई जेलमा राखेर बाँच्न सक्ने खाना मात्रै देऊ । त्यसपछि हामी यसलाई मार्नेछौं ।
तपाईं युद्धबाट जीवितै फर्कनुभयो भने म झूटो अगमवक्ता हुँ र म मारिनुपर्छ ।
त्यो राम्रो तरिका हो, आफूलाई सामान्य सिपाहीजस्तै बनाउनुहोस् । तिनीहरूले तपाईं राजा हो भनेर कहिल्यै जान्दैनन् । हाम्रा मानिसहरूले राम्रो काम गर्दैं छन् । तपाईं जीवित आएपछिको अगमवक्ताको अनुहार हेर्न मलाई हतार लागिसक्यो ।
हो, यो छातीपाताले मलाई कुनै पनि वाणबाट बचाउँछ ।


एउटा सैनिकले हावामा कसैलाई नताकी आफ्ना शत्रुहरूलाई लागोस् भनेर एउटा वाण हान्यो ।
ख्वाम् !
ऐया
के भयो ?
चाँडो गर, रगत नराम्ररी बग्दै छ ।
धैर्य गर्नुहोस् !

१ राजा २२:३४




१ राजा २२:३७-३८; २ राजा ९:८-१०


तिमी मूर्ख ! तिमी परमेश्वरका अगमवक्ता होइनौ । तिमी झूटो बोल्ने मानिस हौ । यहोवाका अगमवक्ता मीकाले अगमवाणी गरेझैँ राजा मरे ।
तर यो असम्भव छ । सबै भक्तहरू सहमत थिए । आहाबको विजय हुनुपर्थ्यो ।
भएन । मीकालाई तिमीले हिर्कायौ र जेलमा हाल्यौ । मानिसहरूले यो कुरा थाहा पाए तिम्रो टाउको काट्नेछन् ।
तपाईं जान सक्नुहुन्छ । आहाब मरे ।
हो, मलाईं थाहा छ र परमेश्वरले भनेझैँ कुकुरहरूले उनको रगत चाटे होलान् । अब इजबेलको पालो र त्यसपछि अरूहरू मर्नेछन् । परमेश्वर बोल्नुभएको छ ।
म लुक्नुपर्छ ।
होइन ! कोठाभित्रको सानो कोठामा म लुकें भने मैले थाहा पाउँछु कि परमेश्वरको आत्मा कोसँग हुनुहुन्छ भनेर मीकाले भनेका थिए ।
आहाबका छोराहरूले उनको ठाउँमा शासन गरे र १२ वर्षसम्म इजबेल रानी भएर जीवित थिइन् । इस्राएलले परमेश्वरको आज्ञा तोडेर निरन्तर झूटा देवताहरूको पूजा गरिरहेको थियो ।
परमेश्वर आहाबको परिवारको विरुद्ध यसो भनेर बोल्नुभयो, “समय आएको छ । आहाबका पूरै परिवार नाश हुनेछ, साना बच्चाहरू पनि । कोही पनि जीवित छोडिनेछैन । इजबेललाई कुकुरहरूले खानेछन् र उसको लागि रुने र गाड्ने कोही पनि हुनेछैनन् ।”
बाह्र वर्षपछि
मैले अनुहार बदल्नुपर्छ । त्यसपछि म उनी युद्धबाट फर्केपछि सेना प्रमुख येहूको मन पर्दोहुनेछु ।

२ राजा ९:३०


मलाई सबैले शक्तिमा भएको देख्न म यहाँ उभिनुपर्छ ।
को मेरो पक्षमा छ ?
हामी तपाईंसँग छौं, हजुर ।
त्यसो भए इजबेललाई तल फाल ।
तिमीले त्यसो गर्न सक्दैनौ। म रानी हुँ ।
ऐया !


लाशलाई त्यतिकै छोडिदेऊ ।
परमेश्वरका भविष्यवक्ताले भनेझैँ उनका श्रीमान्को रगत चाटेकै ठाउँमा कुकुरहरूले उनको मासु खाएर रगत चाटे ।
डुर्रर!
तर कुकुरहरूले थुप्रै दुष्ट काम गरेका हातहरू खाँदैनन् ।
उनको परिवारमा सबै नसिद्धिउञ्जेल अगमवक्ताले भनेझैँ आहाबका बाँकी परिवार पनि जनताद्वारा मारिए ।
खेतमा मारिनेहरूलाई गिद्ध र सहरमा मारिनेहरूलाई कुकुरले खाए । गाड्न कोही बाँकी भएन । वास्तवमै पापको ज्याला मृत्यु हो ।


एलियाले सानो केटा एलिशाको लागि प्रार्थना गरे र उनी सन्देश सुनाउन आए ।
परमेश्वर केही साना भविष्यवक्ताहरूसँग बोल्नुभएको छ । तिमीलाई थाहा छ, आज तिम्रा मालिक एलियालाई स्वर्गतिर लगिनेछ ?
हो, परमेश्वरले मलाई पनि भन्नुभएको छ, तर चुप लाग; अरू केही नभन ।
एलिशा, तिमी यहीँ बस । म यरिहो जानेछु ।
जस्तो परमेश्वर जीवित हुनुहुन्छ, म तपाईंबाट टाढा रहँदिनँ । तपाईं जहाँ जानुहुन्छ, म पनि त्यहाँ जानेछु ।
तपाईंको मालिक एलियालाई आज स्वर्ग लगिन्छ भन्ने तपाईंलाई थाहा छ के ?
हो, मलाई थाहा छ, हामीलाई बाधा नपुऱ्याऊ । यो तिमीसँगै राख । म उहाँबाट टाढा हुनुहुँदैन ।
तिमी यहीँ यरिहोमा बस । म केही तल यर्दन नदीसम्म जानुपर्छ ।
परमेश्वर जीवित भएझैँ तपाईं जीवित छउञ्जेल जहाँ तपाईं जानुहुन्छ, म पनि त्यहीँ जानेछु ।
ती साना अगमवक्ताहरूले पनि हामीलाई फेरि पछ्याइरहेका छन् ।
हामीले कसरी नदी तर्नेत ? पानी आज धेरै पर्दै छ ।
सुख्खा जमिनबाट ।


झ्याण्ण !
ओहो !
तिमीले त्यो देख्यौ? पानी थामियो र तिनीहरू तरे ।
हो, मोशाजस्तै।
मैले यो कुनै पनि छुटाउनुहुन्नथ्यो ।
बालका अगमवक्ताहरूले यो देखेको भए हुन्थ्यो !
म जानुअघि तिम्रो लागि के गरिदिऊँ त ?
तपाईंसँग बस्नुहुने आत्माको दोब्बर भाग मलाई दिनुहोस् ।
तिमीले गाह्रो कुरा माग्यौ, तर तिमीले मलाई स्वर्गतिर उचालिएको देख्यौ भने यो सम्भव हुनेछ ।
परमेश्वरको रथ !
र आँधीबेहरी

२ राजा २:८-११


सुइँय
आगोको रथले एलिया र एलिशालाई छुट्यायो ।


एलियालाई आँधीबेहेरीले स्वर्गमा उठाएर लग्यो ।


त्यसपछि सबै कुरा शान्त भयो । अब एलिया परमेश्वरको उपस्थितिमा थिए ।
अब उहाँको खास्टो मात्रै बाँकी छ । यो नै उहाँले नदीलाई भाग गर्न प्रयोग गर्नुहुन्थ्यो ।


एलियाका परमेश्वर कहाँ हुनुहुन्छ ?



एलियाको आत्मा एलिशामाथि छ !
स्याप्!
साथी, आज फरक दिन हो !


एलिशाले एलियाको भन्दा दोब्बर आश्चर्यकर्म देखाउँदैगए । उनी परमेश्वरप्रति विश्वासयोग्य थिए, तर मानिसहरू पूर्णरूपमा मूर्तिहरूबाट फर्केनन् ।
एलिया कहाँ गएछन् त ?
हामीले उनलाई खोज्नुपर्छ ।
अब त्यसको कुनै अर्थ छैन । उनी स्वर्ग गइसके ।


२ राजा २:१४-१६



# अध्याय ६:
# ख्रीष्टको बारेमा गरिएका अगमवाणीहरू




यशैया १:२-४,७, १६, २०, ३९:७; यर्मिया २१:८-१०



परमप्रभु भन्नुहुन्छ, "म आफैं तिमीहरूको
विरुद्धमा लड्नेछु, एउटा ठूलो बाहु र
बलवान् सैनिकसहित मेरो ठूलो क्रोधमा । म
यस सहरका मानिस र ठूलाहरू सबैलाई
नष्ट पार्नेछु, तिनीहरू ठूलो महामारीले
मर्नेछन् र त्यसपछि परमप्रभु भन्नुहुन्छ, म
यहूदाका राजा सिदकियालाई उसका
सेवकहरू र महामारीले, तरवार र भोकले
बाँचेकाहरूलाई बेबिलोनका राजा
नबुकदनेसरको हातमा
छोडिदिनेछु र तिनीहरूका शत्रुहरूका
हातमा र तिनीहरूलाई मार्न खोज्नेहरूका
हातमा र उसले तिनीहरूलाई तरवारले नष्ट
पार्नेछ, उसले तिनीहरूलाई बाँकी राख्नेछैन
न त दया देखाउनेछ न कृपा देखाउनेछ ।
मेरो रिस आगोझैँ दन्कनेछ र कसैले पनि
सम्हाल्न सक्नेछैन ।
तिनीहरूले तिमीहरूलाई दासदासी बनाएर
बेबिलोनमा लानेछन्र तिनीहरूले तरवारले
मार्नेछन् । त्यहाँ गएकाहरूमध्ये धेरैजना
बेबिलोनमै मारिएर गाडिनेछन् ।"

यर्मिया २१:५-१०; आमोस १:४-७


आमोस उज्जियाह र यारोबा दोस्रोको शासनकालका अगमवक्ता थिए (करिब इ.पू. ७६५-७५०)। परमेश्वर आमोसद्वारा बोल्नुभयो, "तिम्रा स्त्रीहरू गाईजस्ता छन्, जसले आफ्ना श्रीमान्सँग प्रशस्तै पिउने कुराहरू माग्छन्। तिमीले अझै आफ्ना श्रीमान्हरूलाई सताउन पाउनेछैनौ। तिमीहरू आफ्ना शरीरको कारणले बेबिलोनमा दास बनिन लगिनेछौ।"
"तिमीहरू महङ्गा ओछ्यानमा ढल्किन्छौ र मोटो हुन मीठो खानेकुरा खान्छौ। तिमीहरू धेरै मद्य पिउँदै सङ्गीत सुन्छौ। तिमीहरूले धार्मिकतालाई भूइँमा लतारेका छौ, गरिबहरूलाई सताएका छौ, तिनीहरूको धार्मिकतालाई दबाएर लुटेका र घुस लिएर तिमीहरूको न्यायलाई बिगारेका छौ। तिमीहरूले दाखबारी लाउनेछौ र तिमीहरूका शत्रुले दाखमद्य पिउनेछ। तिमीहरूका सेनाहरू नास पारिनेछन् र तिमीहरू विदेशमा दासदासी बन्न लगिनेछौ।"
परमेश्वर भन्नुहुन्छ, "म बेथेलको वेदी नष्ट पार्नेछु र तिमीहरूका हिउँदका घर र गृष्मका विश्रामगृहहरू भत्काउनेछु। तिमीहरूले गरिबलाई दुःख दियौ, घुस लियौ र अभावमा परेकाहरूलाई सतायौ। मैले बृष्टि रोकेको छु, भोकमरी पठाएको छु र रोग पठाएको छु र पनि तिमीहरूले पश्चात्ताप गरेनौ। तिमीहरूले अझ धेरै मद्य बनाउन दाखबारी लाउनेछौ र तिमीहरूले पिउन पाउनेछैनौ।
आमा, मलाई भोक लाग्यो।




यशैया १०:२१, ३५, ५१:११, यर्मिया ३०:११; इजकिएल १७:२१, योएल ३:२; होशे १३:१६, १४:१-६




यर्मिया २५:११-१२; मीका ३:१२, ४:१-७ (इ.पू. ७५०-६८६)




यर्मिया ३४:३, ५१:६०-६१, ५२:११ (इ.पू. ६२७-५८६); योएल ३:२०-२१; आमोस ९:११-१५; इजकिएल १२:१५-१६




इजकिएल २५, २६:१५-१९, २९:१२-१६, ३०:१-८, ३८:३९; यर्मिया २५:१५-२६; आमोस १




दानिएल १:२-७, १७-२१, २:१-११


तिमीहरू झूटा हौ भन्ने मलाई थाहा छ । ईश्वर तिमीहरूसँग बोल्दैन । तिमीहरू आफ्ना परिवारसहित मारिनेछौ र तिमीहरूका घरहरू उजाड हुनेछन् ।
मलाई दु:ख लागेको छ । दानिएल, तर भोलि तिमी र बेबिलोनका सबै मानिसहरू मारिनेछन् । राजाले आफ्नै पूजाहारीहरूलाई विश्‍वास गर्दैनन् ।
तर यहोवा परमेश्‍वरले उनका सपना र त्यसका अर्थ प्रकट गरिदिन सक्छन् । म एकलै भएर प्रार्थना गर्नेछु । सक्छौ भने राजालाई एक दिन पर्खाऊ ।
परमप्रभु, तपाईं मात्रै सारा संसारका मालिक र परमेश्‍वर हुनुहुन्छ । तपाईंले आफ्नो सेवकलाई भविष्यमा हुन आउने कुराहरू देखाउनुहोस् । तपाईंजस्तो ईश्‍वर अरू छैन ।
दानिएल, मेरो कुरा सुन ।
छिटो गर, मलाई राजाकहाँ लैजाऊ !
तपाईंले उनको सपना भन्नुभएन भने उनले मलाई त्यहीँ मार्नेछन् ।
हे राजा, तपाईंलाई स्वर्गका परमेश्‍वरले राजाहरूका राजा बनाउनुभएको छ । उहाँले आउने दिनको बारेमा तपाईंलाई बताउनुभएको छ ।
मेरो समय बर्बाद नगर । मेरो सपना बताउन सक्छौ कि सक्दैनौ ?
हे राजा, तपाईंले ठूलो मूर्तिको दर्शन देख्नुभयो । यो मूर्तिले तपाईंको राज्य बुझाउँछ र अरू ३ वटाले आउने राज्यहरू ।


हे राजा, तपाईंले ठूलो मूर्तिको दर्शन देख्नुभयो । यो मूर्तिले तपाईंको राज्य बुझाउँछ र अरू बाँकीले अरू क्रमैसँग ।
यो सत्य हो ! मैले कसैलाई भनेको थिइनँ ! तिम्रा ईश्वर मात्रै साँचो परमेश्वर हुन् ।
तपाईं त्यो सुनको टाउको हुनुहुन्छ, सबै राजाहरूका राजा । तपाईंले यहूदालाई अधीन गर्नुपहिले हाम्रा अगमवक्ताहरूले परमेश्वरले हाम्रो पापको लागि हामीलाई सजाय दिनुहुन्छ र तपाईंलाई राज्य दिनुहुनेछ भनेका थिए । अहिले तपाईंको राज्य महिमित छ ।
चाँदीको छातीले अर्को राज्य मादी र पर्सिएनलाई जनाउँछ । तपाईंको मृत्युपछि तिनीहरूले बेबिलोनलाई अधीन गर्नेछन् र तपाईंले जस्तै राज्य गर्नेछन् ।
हे राजा, सुनको टाउको । चाँदीको छातीपछि तपाईंले पित्तलको पेट देख्नुभयो । पित्तलले तेस्रो राज्यको प्रतिनिधित्व गर्छ, ग्रीस यो पर्सियापछि आउँछ र यसले पनि विजय गर्नेछ ।
चौथो राज्य अरूभन्दा फरक हुनेछ । खुट्टा फलामका छन् र यसले लागेपछि सबै राज्यहरू टुक्रा हुनेछन् । तपाईंले फलामका औंलाहरूमा माटो मिसिएको देख्नुभयो । अन्तिम दिनमा राज्य दश किसिमले विभक्त हुनेछ र यो कमजोर हुनेछ ।




हितोपदेश १२:१३-१४, यशैया ९:६, ७, ४५:१, दानिएल २:३४, ३५, ४४-४८, ५:१-२९, प्रकाश २०:११-२१:५




दानिएल ९:१-२; यर्मिया २५:११-१२, २९:१०

दानिएल धेरै वृद्ध भएकोले अरूहरूसँग फर्केनन् तर पनि उनले मादी पर्सिएन साम्राज्यका राजालाई, जो अब बेबिलोमा थिए, सल्लाह दिएर महत्त्वपूर्ण भूमिका खेले । परमेश्वरले उनलाई भविष्यको बारेमा अझै धेरै दर्शनहरू दिनुभयो, अन्त्यको दिनको बारेमा पनि । एउटा दर्शनमा उनले धातुको जनावरको बारेमा बताए । एउटा स्वर्गदूतले उनलाई त्यसको अर्थ बताइदिए ।




दानिएल ११:१७-२८; मत्ती २४:४-२५

दानिएल, परमेश्वरले तिमीले कहिले के हुन्छ
जानेकको चाहनुहुन्छ । मन्दिर पुनर्निर्माण र पुनर्स्थापित गर्न आज्ञा दिएको
समयदेखि ४८३ वर्ष हुनेछ । त्यसपछि मसीहलाई मानिसको पापको ज्याला
तिर्न मारिनेछ र मन्दिर फेरि विनाश हुनेछ ।

दानिएलले लेखेझैं ४८३ दिन पूरा भएकै दिन येशूको
यरूशलेममा विजयी प्रवेश भएको थियो ।



आदम र हव्वाको सृष्टिसँगै आउने ख्रीष्टको बारेमा थुप्रै भविष्यवाणीहरू दिइएका थिए:

परमेश्वरले आदम र हव्वालाई स्त्रीको सन्तानले आएर दुष्ट कामहरू नष्ट गर्नेछ भन्नुभएको थियो । परमेश्वरले शेमको परिवारको लागि मसीह आउनेछन् भनी नोआलाई भन्नुभयो, येपेत र हामको परिवारको लागि होइन । परमेश्वरले अब्राहामलाई इसहाकको सन्तानबाट छुटकारा दिने व्यक्ति आउनेछ भन्नुभएको थियो । परमेश्वरले इसहाकलाई प्रतिज्ञा गरिएका व्यक्ति याकूबबाट र याकूबलाई ख्रीष्ट यहूदाबाट आउनेछन् भन्नुभयो ।


जकरिया ९:९– नम्र र गधामा सवार भएर ।
मीका ५:२– जसको सुरु पुरानो समयदेखि अर्थात् प्राचीन कालदेखि नै छ ।
उत्पत्ति ४९:९-१०– शिलो, यहूदाको एउटा छोरा
यशैया ७– एउटी कन्ये स्त्री ।
यशैया ९:१-२– जातिहरूको गालील (यो ख्रीष्टको समयभन्दा अघि भएन)
भजनसंग्रह २२– कष्ट भोग्ने मसीह
यशैया ५३– उहाँलाई आफ्नैहरूले त्याग्नेछन् र हात र खुट्टा छेडिएर मर्नुहुनेछ ।

उहाँलाई नाङ्गै टाँगिनेछ र तिर्खा लाग्दा पानीको साटो सिर्का पिउन दिइनेछ । उहाँ चोरहरूको बीचमा मारिनुहुनेछ र धनीको चिहानमा गाडिनुहुनेछ ।
यशैया ४२:१– मेरो आत्मा उनीमाथि राख । उनले अन्यजातिहरूमा न्याय ल्याउनेछन् ।
यशैया ४९:६– उनी अन्यजातिहरूको लागि ज्योति हुनेछन् र पृथ्वीमा भएकाहरूलाई मुक्ति ल्याउनेछन् ।
यशैया ४२:२-३, नम्र देखिने ।

उत्पत्ति ४९:९-१०; भजनसंग्रह २२,५३; यशैया ७,९:१-२, ४२:१, ४९:६, ५३; दानिएल ९:२५-२६; मीका ५:२; जकरिया ९:९; मत्ती २४:१-२; हिब्रू २:९

दानिएलको भविष्यवाणी उनले गरेझैँ चारवटा राज्यहरूमा पूरा भयो । इ.पू. ३३० मा ग्रीकबाट अलेक्ज्याण्डर महान्‌ले अभियान सुरु गरे, जसले वर्षौं लियो र थाहा भएको संसार मादी-पर्सियन साम्राज्यसहित लियो । चौथो राज्य रोमले इ.पू. १६७ मा अधीन गर्न सुरु नगरेसम्म त्यसले आफ्नो शक्ति राखिरह्यो ।

नबुकदनेसरको सपनाको मूर्तिको खुट्टाको फलामले रोमको अर्थ दिन्छ र दानिएलको दर्शनमा भविष्यवक्ताहरूले भनेझैँ धातुको जनावरले आफ्नो शक्ति र इलाका बढाउँदै लग्यो । इ.पू. ५ मा यसले इस्राएललाई फलामको डण्डाले शासन गर्‍यो ।



# अध्याय ७:

# नयाँ करार, ख्रीष्टको जन्म र परीक्षा

## ५०० वर्षपछि

दानिएलको भविष्यवाणी पछि ५०० वर्ष बित्यो । इ.पू. ४ मा रोमीहरूले यहूदीहरूलाई धार्मिक स्वतन्त्रता दिए, तर तिनीहरूबाट धेरै कर लिए । मन्दिरको पुनर्निर्माण गरियो र यो यहूदी जीवनको केन्द्र थियो । धेरैले आउने मसीहको बारेको भविष्यवाणी बिर्से, तर केहीले अझै पनि व्यवस्था पालन गरे र ख्रीष्टको बाटो हेरे । तिनीहरूका बीचमा शिमियोन नामका वृद्ध मानिस पनि थिए । उनी पवित्र मानिस थिए र भविष्यवक्ताले बताएका व्यक्तिलाई हेर्न चाहन्थे । उनले धेरै वर्षदेखि भविष्यवाणीहरू पढ्दै समय नजिक छ भन्ने विचार गरिरहेका थिए । तर अब उनी वृद्ध थिए र धेरै बाँच्दैनथे होला । परमेश्वरले हव्वालाई उनको सन्तानले दुष्टका कामहरू नष्ट गर्नेछ भनेको करिब ४००० वर्ष पुगिसकेको थियो ।

**अब समय भयो । ३५० भन्दा बढी प्रतिज्ञाहरू पूरा हुन आँटेका थिए ।**




उत्पत्ति ३:१५; भजनसंग्रह ४५:६; यशैया ७:१४, ९:६; दानिएल ९:२५-२६; मीका ५:२; लूका २:२५-२६

जसै शिमियोन वृद्ध हुँदै र प्रतिज्ञा गरिएका ख्रीष्टलाई मन्दिरमा पर्खिरहेका थिए, जकरीया नामका पूजाहारी मन्दिरमा प्रार्थना गर्न गए । उनी र उनकी श्रीमती वृद्ध भइसकेका थिए तर तिनीहरूका कुनै सन्तान थिएनन् ।










एलिशिबा !
मेरी, मेरी छोरी !
तिमी धन्य र तिम्रो तिम्रो गर्भको फल धन्य । मेरो प्रभुकी आमा मलाई भेट्न आइन्, म कस्ती स्त्री ? जब मैले तिम्रो सोर सुनें, मेरो गर्भको बालक खुसीले उफ्रियो ।
मेरो मन मेरा परमेश्वरमा रमाएको छ, यसले मेरो मुक्तिदाताको प्रशंसा गर्दछ । योपछि सबै पुस्ताले मलाई धन्यकी भन्नेछन् किनकि उहाँले महान् कुराहरू गर्नुभएको छ ।
नम्रहरूलाई उहाँले उच्च पार्नुभएको छ । हाम्रा पिता अब्राहामलाई भनेझैँ उहाँले हामीलाई कृपा गर्न सम्झनुभएको छ ।
मरीयम एलिशिबाकहाँ तीन महिना जति बसिन् ।
समय आएपछि एलिशिबाले छोरो जन्माइन् ।
जकरीया छोरा हुन्छ भन्नेमा निश्चित थिए, स्वर्गदूतले उनलाई यसो भने भन्छन् ।
ठीक छ, अब यसको नाउँ पनि जकरीयाको जस्तै राख्नुपर्छ ।
उनी आए । उनैलाई सोधौं
उनले विश्वास नगरेकोले स्वर्गदूतले उनलाई गुँगो बनाए भन्छन् ।
बच्चाको नाम के राख्ने भएका छौ त ?
उनलाई लेख्ने पाटी चाहियो रे ।
स्वर्गदूतले आज्ञा गरेझैँ बच्चाको नाम यूहन्ना राख्ने भनेर उनी भन्छन् ।
तर उनको परिवारमा कसैको नाम यूहन्ना छैन ।
यो छोरो हो, राम्रो कपाल भएको छोरो ।
परमप्रभुको वचनअनुसार उसको नाम यूहन्ना हो । उसले मसीहलाई हाम्रा मानिसहरू इस्राएलको माझमा चिनाउनेछ ।
उनले बोल्न सके ! यति धेरै महिनापछि उनी बोल्न सक्छन् !
यो बच्चा साँच्चै भविष्यवाणीको एलिया बन्ला त ?




उत्पत्ति ३:१५; यशैया ७:१४, ९:७; मत्ती १:१८-२३; लूका १:३२-३३


योसेफ र मरीयम गालीलको नासरतमा बस्थे । तर पुरानो भविष्यवाणीले मसीह यहूदाको बेतलहेममा जन्मन्छन् भन्थ्यो (मीका ५:५-२) । चाँडै मरीयमले आफ्नो बच्चा गलत सहरमा जन्माउँदै थिइन् । उनीहरूलाई भविष्यवाणीको बारेमा थाहा थिएन र लामो यात्रा गरेर बेतलहेम जानुपर्ने कुनै कारण थिएन ।
सुन-सुन, हाम्रा सम्राट कैसरको हस्ताक्षर भएको आधिकारिक घोषणाअनुसार सबैजना आफ्ना पुर्खाहरूको सहरमा नाम लेखाउन जानू, जनसङ्ख्या लिएर कर उठाउन सजिलो हुनेछ ।
योसेफ त्यसको अर्थ तपाईं बेतलहेम जानुपर्छ । तपाईं गएपछि बच्चा जन्मिनेछ ।
म गएँ भने मानिसहरूले राम्रो ठान्दैनन् । म तिमीलाई पनि सँगै लानेछु ।
मरीयम, मैले तिमीलाई यो लामो यात्रामा नल्याउनुपर्नेरहेछ । हामी फर्कनुपर्छ कि जस्तो छ ।
हुँदैन, बच्चा जन्मँदा म तपाईंसँगै हुनुपर्छ । अरू कसैले बुझ्दैनन् ।
झण्डै १०० माइलको यात्रा गर्न तिनीहरूलाई करिब एक हप्ता लाग्यो ।
हामीले छिटो गर्नुपर्छ । अब समय भयो ।
म पौवामा ठाउँ खोज्ने कोसिस गर्छु ।
मरीयम, मैले हामीलाई मद्दत गर्ने सुँडेनी ल्याएँ ।
पौवामा ठाउँ थिएन र ?
छैन, त्यो त भरिएछ ।
तपाईंले आफ्नो पहिलो बच्चाको लागि धेरै राम्रो गर्नुभयो । उसले गोठमा जन्मनुपऱ्यो, बिचरा !
त्यसलाई ठूलो नमान । यसले कुनै दिन संसारमा शासन गर्नेछ ।
हो र ? तपाईंले महारानी क्लियोपाट्रा उसको सुडेनी थिइन् भन्न सक्नुहुन्छ ।


के हो ? यो स्वर्गदूत हो !
हजारौं स्वर्गदूत ?
नडराओ, परमेश्वरले मलाई सबै मानिसहरूको लागि खुसीको समाचार तिमीहरूलाई भन्न पठाउनुभएको छ । दाऊदको सहरमा तिमीहरूका निम्ति एकजना मुक्तिदाताको जन्मभएको छ, उहाँ यहूदी मसीह र प्रभु हुनुहुन्छ ।
तिमीहरूले बालकलाई डुँडमा सुताइरहेको भेट्नेछौ र त्यो तिमीहरूलाई चिन्ह हुनेछ ।
परमधाममा परमेश्वरलाई महिमा ! परमेश्वरले पृथ्वीमा शान्ति पठाउनुहुन्छ किनकि उहाँले मानिसहरूको भलाइ चाहनुहुन्छ ।
तिमी यो विश्वास गर्न सक्छौ ? स्वर्गदूत हामीकहाँ देखा परेका !
मैले मेरी श्रीमतीलाई नभनुन्जेल पर्ख !
उसले के भन्यो, तिमीले सुन्यौ त ? इस्राएलमा मसीह जन्मनुभयो रे ।
म हेर्न जान चाहन्छु ।
मुक्तिदाता ! मानिसहरूलाई शान्ति ! एउटा बालक ? हेर्न जाऔ !
तपाईंहरूलाई दुःख दिएकोमा माफी माग्छु, तर एउटा स्वर्गदूतले हामीलाई यहाँ पठाए ।
मसीह !
कसले यस्तो सोचेको थियो होला ! परमेश्वर बालक बन्ने कुरा ?


मरीयम र योसेफले नयाँ बालकलाई पूजाहारीकहाँ लाने र व्यवस्थाअनुसार बलिदान चढाउने समय आयो ।
योसेफ, ऊ पहिलो पटक मन्दिर आउँदै छ र कसैलाई पनि येशू नै ख्रीष्ट हुनुहुन्छ भन्ने थाहा छैन ।
मेरो विचारमा हामीले सबैलाई यो कुरो भन्दै हिंड्नुपर्दैन । ऊ हुर्केन्जेल पर्खौं ।
शिमियोन मन्दिरमा थिए ।
उहाँ त्यहाँ हुनुहुन्छ ! हामीले धेरै पर्ख्यौं ।
मरीयम उनी को हुन् ?
मलाई थाहा छैन । यहाँ हामीलाई कसैले चिन्दैन ।
तपाईं धन्य हुनुहुन्छ, हे प्रभु हाम्रा परमेश्वर । तपाईंले प्रतिज्ञा गरेझैं मैले तपाईंको मुक्ति देखेर अब म शान्तिसँग मर्नेछु । उहाँ इस्राएलका महिमा र अन्यजातिहरूका लागि ज्योति हुनुहुन्छ ।
तर, तपाईंले कसरी थाहा पाउनुभयो ?
मेरो कुरा सुन्नुहोस्, यो बालक इस्राएलमा धेरैको उन्नति र कसैको लागि लड्ने कारण हुनेछ, उसको विरोध पनि हुनेछ ।
उहाँले के हुन्छ, सो देखेपछि तिमीहरूको हृदय पनि टुक्रनेछ ।
हेर ! मसीह । उहाँ आफ्नो मन्दिरमा आउनुभएको छ । अगमवक्ताहरूले उहाँकै बारेमा कुरा गरेथे ।
त्यो हन्ना हो । उसले आफ्नो जीवन नै मसीहलाई पर्खेर बिताई ।
सुन बाबु, यो बालक नै ख्रीष्ट हो, सारा संसारका मुक्तिदाता । उहाँले इस्राएलीहरूलाई तिनीहरूको पापबाट जोगाउनुहुन्छ ।
त्यो बेलादेखि हन्नाले छुटकाराको बाटो हेररिहेका सबैलाई उहाँको बारेमा भनिन् ।

लूका २:२७-३८


इस्राएलभन्दा पूर्वका देशमा ज्ञानी मानिसहरू बस्थे र तिनीहरूले इतिहासको अध्ययन गरिरहेका थिए, परमेश्वरको बारेमा पनि तिनीहरूलाई थाहा थियो । उनीहरूलाई आउने मसीहको बारेमा भनिएको भविष्यवाणी थाहा थियो । दर्शन र सपनामा तिनीहरूलाई परमेश्वरले देखाउनुभयो कि प्रतिज्ञा गरिएका व्यक्ति जन्मिसक्नुभएको छ । त्यसपछि तिनीहरूले अनौठो तारा देखे, जसले इस्राएलतिर देखायो ।
हामी टाढा आइसक्यौं । हामी विदेशी भूमिमा जाँदै छौं । हामीले धेरै हप्तादेखि यात्रा गरिरहेका छौं ।
तारा अघि बढिरह्यो । हामी यसलाई जति टाढा गए पनि पछ्याउनेछौं ।
अकस्मात ताराले तिनीहरूलाई इस्राएलतिर डोऱ्यायो र तिनीहरू यरूशलेम गएर भर्खरै जन्मेका राजाको बारेमा सोधखोज गरे ।
महाराज हेरोद, पूर्वबाट धेरै धनीजस्ता लाग्ने तीनजना मानिसहरू आएका छन् । तिनीहरू भन्छन् कि तिनीहरूले इस्राएलका नयाँ राजालाई खोजिरहेका छन्, एउटा बालक ।
एउटा बालक ? एउटा राजा ? राजा त म हुँ । तिनीहरूलाई भित्र ल्याओ र प्रधान पूजाहारी र शास्त्रीहरूलाई पनि मकहाँ ल्याओ ।
तपाईंहरू बालक राजालाई भेट्न आउनुभएको भन्नुहुन्छ ? तपाईंहरूले कसरी यस्ता कुरा जान्नुभयो ?
हामीले पूर्वमा उहाँको तारा देख्यौं र यहाँ उहाँलाई आराधना गर्न आयौं ।
उनी कहाँ छन् त ?
हामीलाई कुन ठाउँ भन्ने थाहा छैन । त्यसकारण हामी यहाँ आयौं ।
मैले विद्वानहरूलाई बोलाएको छु । तिनीहरूले यस बारेमा के जानेका छन् भनेर हामीले हेर्नेछौं । मसँग गोप्य कोठामा आउनुहोस् ।
तिनीहरू भन्छन् कि तिनीहरू यहूदीहरूका राजालाई आराधना गर्न आएका हुन्, प्रतिज्ञा गरिएका व्यक्ति र मानिसहरूलाई बचाउने । तिमीहरूको शास्त्रले यसबारे के भन्छ त ?
हो, धेरै अगमवक्ताहरूले उहाँको आगमनबारे भनेका छन्, तर यी भविष्यवाणीहरू अक्षरशः पूरा हुन्छ भनेर हामी विश्वास गर्दैनौं ।
मलाई तिमीहरूको विचारसँग कुनै सरोकार छैन । भविष्यवाणीले केचाहिँ भन्छ ?
मीकाको भविष्यवाणीले मसीह यहूदाको कुलबाट बेतलेहेममा जन्मनेछन् भन्छ ।
सुन्नुहोस्, म पनि राजालाई आराधना गर्न चाहन्छु । त्यसकारण जब तपाईंहरूले राजालाई पत्ता लाउनुहुन्छ, मलाई पनि उहाँ कहाँ छन् भनेर खबर गर्नुहोला ।
निश्चय नै हामीले उहाँलाई भेट्नेबित्तिकै खबर गर्नेछौं ।
हेरोद राजा जन्मेका सुनेर डराए । त्यसकारण उनले भर्खर जन्मेका बालकहरूलाई मार्ने विचार गरे ।



शास्त्रीहरूलाई मसीह कहाँ जन्मनेछन् भन्ने थाहा भएकोले हामीलाई मद्दत भयो । तर तिनीहरू आफ्नै अगमवक्ताहरूमा फरक थिए ।
इस्राएलका अगमवक्ताहरूको पुस्तक अरूहरूको जस्तै छैन । मैले यस्तो पूर्ण विवरण भएको भविष्यवाणी पहिले देखेको थिइनँ ।
हेर ! हामीले पूर्वमा देखेको यो तारा अरूजस्तै छैन । यो अरू ताराहरूझैँ चल्दैन र यो अझै चम्किलो छ ।
यो हामीले अरू बेला देखेको अरू कुनै ताराजस्तो छैन । यसको अरू ताराको झैँ गति छैन र यो धेरै चम्किलो छ ।
यसको स्थानलाई सम्झिराख र भोलि यसलाई पछ्याउनुपर्छ ।
त्यहाँ, त्यो घरको माथि रोकियो । तर यो बेतलहेम होइन ! धेरै महिना भइसक्यो । उनीहरू अन्तै सरिसके कि ।
हाम्रो यात्रा निकै लामो भइसक्यो र हामी पुग्नैलाग्यौं ।
वास्तवमै यो अनौठो तारा हो । यो बादलभन्दा माथि छैन ।
हामी तपाईंलाई बाधा दिन चाहन्नौं, तर हामीले भर्खर जन्मेका राजालाई हेर्न र आराधना गर्न धेरै हप्ताको यात्रा गरिसक्यौं ।
तपाईंहरूलाई यो कसरी थाहा भयो ?
हामीले पवित्र शास्त्रहरू पढेका थियौं । तपाईंका अगमवक्ताहरूले उहाँको आगमनको बारेमा भविष्यवाणी गरेका थिए र एउटा ताराले हामीलाई यहाँसम्म डोऱ्यायो । यो अहिले पनि तपाईंको घरमाथि छ ।
हामी सारा संसारका मुक्तिदातालाई नम्रतामा यी साना उपहार चढाउँछौं । उनले धेरैलाई धार्मिकतामा डोऱ्याउनेछन् ।
त्यो रात सपनामा परमेश्वर ज्ञानी मानिसहरूसँग बोल्नुभयो र हेरोदलाई नभेट्न, तर आफ्नो देश अर्को बाटोबाट फर्कन भन्नुभयो । हेरोदले बालकहरू मार्नलाई खोज्ने हुनाले परमेश्वरले योसेफलाई पनि मिश्रमा जान भन्नुभयो ।




यर्मिया ३१:१५; होशे ११:१; मत्ती २:१३-२३




यशैया ९:७; लूका २:४२-४६; २तिमोथी ३:१६:१७


येशू, हामीले तिमीलाई सबैतिर खोज्यौं । तिमीले हामीलाई किन यस्तो गरेको ?
ऊ दुई दिनदेखि हामीसँग थियो । तपाईंको छोरा अलौकिक छ ।
तपाईंहरूले किन सबैतिर खोज्नुभयो ? मैले मेरा पिताको काम गर्नुपर्छ भनेर तपाईंहरूलाई थाहा थिएन र ?
मैले यति धेरै धर्मशास्त्रका कुराहरू जान्ने यस्तो सानो मान्छे कहिल्यै भेटेको थिइनँ ।
'उसले आफ्नो पिताको काम गर्नुपर्छ' भनेर के भन्न खोजेको ? उसलाई खोजिरहने नै उसको बुबा होइनन् र ?
येशू आफ्ना अभिभावकहरूसँग फर्केर तिनीहरूप्रति आज्ञाकारी हुनुभयो । उहाँले सिकर्मीको काम गरिरहनुभयो र कद र बुद्धिमा वृद्धि हुनुभयो ।
उहाँ सधैँ धार्मिकतामा हिँडेको र आफ्ना साथीहरूमा असल भएकोले सबैले उहाँलाई मन पराउँथे । जब अरू युवाहरूले पाप गरिरहेका थिए, येशूले परमेश्वरका सबै आज्ञाहरू सम्पूर्ण हृदयले पालन गर्नुभयो ।
तपाईं ज्यादै असल हुनुहुन्छ र नासरतमा तपाईंजस्तो सिकर्मी अर्को छैन । म योजस्तै अरू ६ वटा लिनेछु ।





मलाकी ३:१; लूका ३:२-१८, ७:२४,२७




यशैया ४०:३; मत्ती ३:१-१२; लूका ३:१५-१८,२३; यूहन्ना १:१९-२७, ३३




मत्ती ३:१३-१७; लूका ३:२१-२२











लूका ३:२२; यूहन्ना १:२९-३४; १ यूहन्ना २:१-२




मत्ती ४:१-३; लूका ४:१-३; रोमी ३:२३, ५:१२-२१; हिब्रू ४:१५


शैतानले पहिलो मानिस आदमलाई खान निषेध गरिएको कुरा खान परीक्षा गरेको थियो । अब उसले त्यही कुरा भोकाउनुभएको र कमजोर हुनुभएको मानिसका पुत्रलाई गराउने कोसिस गर्दै छ ।
वास्तवमै यो ४० दिनसम्म केही नखाएका मानिसलाई गरिएको परीक्षा थियो ।
अब तपाईं यो ढुङ्गालाई रोटी बनाएर खाई आफ्नो भोक मेटाउन सक्नुहुन्छ ।
हुँदैन, म त्यसो गर्दिनँ किनभने धर्मशास्त्रमा लेखिएको छ, मानिस रोटीले मात्र बाँच्दैन, तर परमेश्वरको मुखबाट निस्केको हरेक वचनले बाँच्दछ ।
त्यसो हो भने मसँग आउनुहोस्, म तपाईंलाई तपाईंले परमेश्वरको आज्ञा पालन गर्न सक्ने ठाउँमा लैजान्छु ।
तपाईंले यहाँबाट फाल हालेर स्वर्गदूतहरूले आएर तपाईंलाई थामेपछि मानिसहरूले त्यो देख्नेछन् र तपाईंलाई मसीहको रूपमा ग्रहण गर्नेछन् र तपाईं किन आउनुभयो भन्ने बुझ्नेछन् ।
तपाईंले धर्मशास्त्रको उल्लेख गर्नुभयो र धर्मशास्त्रले भन्छ कि स्वर्गदूतले तपाईंलाई हातहातै थाम्नेछन् र तपाईंको खुट्टा ढुङ्गामा बजारिनेछैन । अब तिनीहरूलाई तपाईंको शक्ति देखाउने समय आयो ।
धर्मशास्त्रले यो पनि भन्छ, "तैंले आफ्ना परमप्रभु परमेश्वरको परीक्षा नगर ।"
मलाई थाहा छ कि तपाईंले संसारलाई माया गर्नुहुन्छ र तपाईं यसलाई बचाउन आउनुभएको हो । त्यसकारण म तपाईंलाई मन पर्ने कुरा देखाउनेछु ।

मत्ती ४:३-७




मत्ती ४:८-११; लूका ४:१४



# अध्याय ८:
# सुरुको सेवा



हेर, संसारका पाप उठाइलैजाने परमेश्वरका थुमा आउँदै हुनुहुन्छ ।
उहाँ नै मसीह हुनुहुन्छ ।
उहाँकै बारेमा भविष्यवक्ताहरूले भविष्यवाणी गरेका थिए ।
उहाँले के गर्नुहुनेछ त ?
येशूको पछि लाग ।
तर गुरु, म तपाईंलाई छोड्न सक्दिनँ ।
म तिम्रो गुरु होइन । म घट्नुपर्छ र उहाँ सबै थोक हुन्जेल बढ्नुपर्छ । उहाँ नै साँचो मसीह र संसारका मुक्तिदाता हुनुहुन्छ, उहाँलाई पछ्याओ ।
गुरु, हामी तपाईंलाई पछ्याउनेछौं र तपाईंको चेलाहरू हुनेछौं । तपाईं कहाँ बस्नुहुन्छ ?
आएर हेर ।
फिलिप, मेरो पछि लाग ।
हुन्छ प्रभु, हामीले तपाईंलाई पर्खिरहेका थियौं, तर सुरुमा मैले गएर नथानेललाई भेट्नुपर्छ । उनले पनि
परमेश्वरको व्यवस्था पालन गरेर मसीहलाई पर्खिरहेका छन् ।
नथानेल कहाँ छन् ?
ऊ बगैंचामा छ । के भो त्यस्तो ?
होइन, सबै कुरा ठीकै छ ।


नथानेल, कता हो ?
यता छु, मेरो भाइ ।
नथानेल, हामीले मोशा र अगमवक्ताहरूले वर्णन गरेका मानिसलाई भेट्यौं, नासरतका येशू, योसेफका छोरा ।
मसीह ? तिमीले उहाँसँग कुरा गऱ्यौ त ? तर नासरत ? नासरतबाट कुनै असल कुरा आउँदैन । कसरी मसीह यस्तो गरिब र त्यागिएको ठाउँबाट आउनुहुन्छ त ? उहाँ यहूदाको बेतलहेममा जन्मनुपर्ने हो ।
आफैंले आएर हेर । यूहन्नाले उनको साक्षी दिए र आन्द्रियास उहाँसँगै छन् ।
साँच्चै, यहाँ हृदयमा छल नभएको एउटा इस्राएली छ ।
फिलिप, तिमीले उहाँलाई मेरो बारेमा केही भन्यौ कि ?
केही पनि भनिनँ ।
तपाईंले मलाई चिन्नुहुन्न, कसरी तपाईं मेरो हृदय शुद्ध छ भन्नुहुन्छ ?
फिलिपले तिमीलाई बोलाउनुअघि तिमी नेभाराको रूखमुनि बसिरहँदा मैले तिमीलाई देखेको थिएँ ।
तपाईंले मलाई कसरी देख्नुभो ? म कहाँ थिएँ भन्ने कसैलाई थाहा थिएन ।
तपाईं परमेश्वरका पुत्र हुनुहुन्छ । तपाईं इस्राएलका राजा हुनुहुन्छ ।
यसले तिमीलाई प्रभाव पाऱ्यो त ? तिमीले यीभन्दा ठूला काम देख्नेछौ । तिमीले स्वर्ग उघारिएर परमेश्वरका दूतहरूलाई ममाथि आइरहेका र गइरहेका देख्नेछौ । आऊ । हामीले अझै धेरै गर्नुछ ।













यूहन्ना १:४०-४२, २:१२-१४; मर्कूस ३:१६


उनले के गर्दै छन् ? उनी एक घण्टादेखि एकै ठाउँमा बसेर केही पनि नबोली जान्नेहरूलाई अभिवादन गर्दै छन् ।
आज निकै फाइदा भयो । यो बाँच्नलाई काम गर्नुभन्दा राम्रो छ ।
कोर्रा ! उहाँले कोर्राले हान्दै हुनुहुन्छ ।
मेरो पिताको घर प्रार्थनाको घर हुनुपर्छ, तर तिमीहरूले यसलाई डाकुहरूको ओडार बनाएका छौ । यसलाई सफा गर, अहिले नै !
उसको पिताको घर ! उसले आफैँलाई के भन्छ ? मसीह ?
मेरा पिताको घरलाई व्यापार गर्ने ठाउँ नबनाओ । तिमीहरू डाकुहरूका भीड हौ ।
क्याक !







मत्ती ६:५-७, १२:३४; यूहन्ना २:१५-१६; १ तिमोथी ६:१०




भजनसंग्रह ६९:९; यूहन्ना २:१७-२२




लूका ४:१६-२१ शबाथ साप्ताहिक आरामको धार्मिक दिन हो, परमेश्वरले सातौं दिनमा स्थापना गर्नुभएको र दश आज्ञामध्ये एउटा मानेर दिनुभएको ।


ईश्वरनिन्दा ।
तिमी सिकर्मीको छोरा मात्रै हौ ।
उसलाई ढुङ्गाले हानेर मार । उसले आफैँलाई मसीह भन्दै छ ।
शान्त हुनुहोस् । हामीहरू जाँदै छौं ।
केही चेलाहरू बसोबास गर्ने तालको छेवैमा भएको सहर कफर्नहुममा येशू र उहाँका चेलाहरू आउनुभयो । उनीहरू फेरि सभाघरमा गए ।
अनि अगमवक्ताहरूले भनेका थिए कि मसीह अन्यजातिहरूका लागि ज्योति हुनुहुनेछ र उनीहरूले उहाँमा भरोसा गर्नेछन् । धन्य हृदय शुद्ध हुने मानिस किनभने उसले परमेश्वरलाई देख्नेछ । परमेश्वरले आफूकहाँ आउने कसैलाई पनि इन्कार गर्नुहुन्न, यहूदी वा अन्यजाति जे भए पनि ।
पवित्र व्यक्ति । हामीलाईछोडिदिनुहोस्।
तपाईं को हो भन्ने मलाई थाहा छ । तपाईं परमेश्वरका पवित्रजन हुनुहुन्छ ।
उसलाई दुष्टले अधीन गरेको छ । उसलाई यहाँबाट निकालिदेओ ।
हाम्रो समयभन्दा पहिले नै तपाईं हामी दुष्टहरूलाई नष्ट गर्न आउनुभयो ? हामीलाई छोडिदिनुहोस् । तपाईंको हामीसँग के सरोकार ?
कसले उसलाई यहाँ आउन दियो ? हेर ! ऊ खतरनाक छ ।
दुष्ट, म तँलाई यो मानिसबाट निस्केर जाने आज्ञा गर्दछु र तैंले यसलाई अझै सताउन पाउँदैनस् ।




मर्कूस १:२५-२८; लूका ४:३५-३८




मर्कूस १:३०-३४; लूका ४:३८-४०




मत्ती ५:४३-४४, ६:१२, ५:८, ३८-४२, ५:-२१-२२; मर्कूस १:३४; लूका ४:३९-४१




मत्ती ५:२७-२८, ७:१३-१४, २८-२९, २३:२७-२८; यूहन्ना ५:१८-१९,२३, २९-३०, १४:६





गन्ती २१:५-९; यूहन्ना ३:१-१

* यहूदी परम्परामा परमेश्वरको आज्ञा पूर्णरूपमा पालन गर्ने भनेर चिनिएका इस्राएलीहरूका प्राचीन पुर्खाहरूमध्ये एक जना ।


हो र अझै पनि सबै मानिसहरू पाप नामको सर्पको टोकाइमा मरिरहेछन् । तर यो पटक म सबै मानिसहरूले देख्नेगरी उचालिनेछु । जसलाई पापले डसेको छ, तिनीहरूले मद्वारा छुटकारा पाउनेछन् ।
परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो कि उहाँले आफ्ना एकमात्र पुत्र दिनुभयो, जसले उहाँमाथि विश्वास गर्छ, उसले अनन्त जीवन पाउनेछ । जसले ममाथि विश्वास गर्दैन, उसले दण्ड पाउनेछ ।
नयाँजन्मले मात्रै पापको उपचार गर्छ भन्ने तपाईंको भनाइ हो र तपाईंले खाँबोमा टाँगिएर छुटकारा दिनुहुन्छ ।
यो नयाँजन्म कहिले हुन्छ त ?
सबैले देख्नेगरी म उचालिएपछि ।


सामरीहरू यरूशलेम र गालीलको बीचमा बस्थे । यहूदीहरूले सामरीहरूसँग कुनै सम्बन्ध राख्दैनथे, उनीहरूको सहरबाट भएर पनि जाँदैनथे किनभने तिनीहरूले सामरीहरूलाई आत्मिक रूपमा तल्लो स्तरको ठान्थे । एक दिन येशूले आफ्ना चेलाहरूलाई यसो भनेर आश्चर्यमा पार्नुभयो ।
आओ, म सामरीयाबाट जानुपर्छ ।
प्रभु, तिनीहरू असिद्ध छन् । त्यागिएका मानिसहरू ! तिनीहरू गरिब र अनैतिक छन्
म सामरीया जानुपर्छ भन्ने पिताको इच्छा हो ।
मध्य दिनमा उहाँहरू सहर बाहिरको इनारमा आइपुग्नुभयो ।
तिमीहरू सहरमा गएर खानेकुरा किन । म तिमीहरूलाई यहीँ इनारमा पर्खनेछु ।
तपाईं यहाँ एक्लै बस्ने हो ?
हो, मैले मेरो पिताको काम गर्नुपर्छ ।
येशू भोकाउनुभयो, तिर्खाउनु र थाक्नुभएको थियो । यो स्त्रीहरूलाई इनारमा आउने समय थिएन, तर पनि एउटी सामरी स्त्री पानी भर्न आई ।


मलाई तिम्रो बाल्टीबाट पानी पिउन देऊ ।
हा ! तपाईं यहूदी पुरुषले किन म सामरी स्त्रीले दिएको पानी पिउने ? मेरो विचारमा यहूदीहरूले हामीसँग कुनै कुराको लागि सम्बन्ध राख्दैनन् ।
तिमीले परमेश्वरको उपहार र म को हुँ भनेर चिनेकी भए तिमीले मसँग माग्ने थियौ र म तिमीलाई जीवित पानी दिनेथिएँ ।
तपाईंले मलाई पानी दिने ? तपाईंसँग गहिरो इनारबाट पानी निकाल्ने कुनै भाँडो छैन । तपाईंले जीवित पानी कहाँबाट ल्याउने ?
यो इनारको पानी पिएपछि तिमीलाई फेरि तिर्खा लाग्नेछ । मैले दिने पानी तिम्रो हृदयभित्र अनन्त जीवनको फोहोराझैं हुनेछ ।
त्यसो हो भने मलाई त्यो जीवित पानी पिउन दिनुहोस् र म कहिल्यै तिर्खाउनेछैनँ ।
गएर आफ्ना श्रीमान्लाई बोलाऊ र म तिमीलाई त्यो पानीको बारेमा भन्नेछु ।
मेरा कुनै श्रीमान् छैनन् ।
तिम्रा पाँचवटा श्रीमान्हरू भइसकेका छन्, तर अहिले तिमी जोसँग बसिरहेकी छौ, ती पनि तिम्रा श्रीमान् होइनन् ।
मेरा भित्री पाप जान्ने तपाईं साँच्चै भविष्यवक्ता हुनुहुन्छ ।
तपाईं यहूदीहरूले यरूशलेममा आराधना गर्नुहुन्छ र हाम्रा मानिसहरूले यो पहाडमा आराधना गर्दछन् । आराधना गर्न कुन पहाडचाहिँ ठीक हो त ?
परमेश्वर आत्मा हुनुहुन्छ । उहाँ मानिसको हातले बनाइएको मन्दिरमा पुजिनुहुन्न । परमेश्वरले सत्यमा विश्वास गरेर उहाँलाई आत्मामा आराधना गर्ने मान्छे खोज्दै हुनुहुन्छ ।
हामीलाई मसीह आउँदै हुनुहुन्छ भन्ने थाहा छ र उहाँ आएपछि हामीलाई सत्य देखाइदिनुहुनेछ ।
तिमी मसीहसँगै कुरा गर्दै छौ ।
मैले गएर आफ्ना साथीहरूलाई भन्नैपर्छ !
येशू सामरीयामा दुई दिन बसेर मानिसहरूलाई परमेश्वरको वचन सिकाउनुभयो ।

यूहन्ना ४:७-२९, ४०




मत्ती १४:१५, ६:१-७, ६:१९-२१




मत्ती १४:१९-२१; लूका ९:१६-१७


परमेश्वरको प्रशंसा होस् !
उहाँले हामीलाई स्वर्गबाट रोटी दिनुहुन्छ... मोशाले जस्तै ।
आमाले यो कुरा पत्याउनुहुन्न !
मानिसले रोटी र माछा डालोबाट लिइरहँदा खाना आफैँ बढिरह्यो ।
प्रभु, सबैले खाइसके र डालाहरू अझै भरि नै छन् । हामीले त्यसलाई खाली गर्न सक्दैनौं !
बाँकी रहेका सबै जम्मा गर र तिमी र अरूले पनि तलाउको पल्लोपट्टि जान डुङ्गा ल्याओ । म तिमीहरूलाई पछि भेट्नेछु । मैले पहाडमा गएर प्रार्थना गर्नुपर्छ ।
येशू पहाडमा एक्लै जानुभयो र उहाँका सबै चेलाहरूले डुङ्गा लिएर तालको अर्कोपट्टि गए ।
येशू प्रार्थना गर्न प्रायः एकान्त ठाउँमा जानुहुन्थ्यो ।

मत्ती १४:२०-२३


चेलाहरू तालको बीचमा पुगेपछि डरलाग्दो आँधी आयो र तिनीहरू सबै डुब्नेछौं भनी डराए ।
मैले यस्तो खराब आँधी कहिल्यै देखेको थिइनँ ।
हामी अब अगाडि जान सक्दैनौं ।
हामी डुब्न लाग्यौं !
हेर ! पानीमा केही कुरा देखियो !
यो त भूत हो !
यो त भूत हो !
यो त पानीमाथि हिंडिरहेको मानिस हो !
पत्रुस, म हुँ, नडराऊ !
प्रभु, तपाईं नैहो भने मलाई पनि तपाईंझैं पानीमा हिंडेर आउन दिनुहोस् ।
पत्रुस, मकहाँ आऊ ।

मत्ती १४:२४-२९


प्रभु, म आउँदै छु।
पत्रुस, हुँदैन !
पत्रुस साँच्चै पानीमाथि हिंडेर येशूतिर गए।
पत्रुसले ठूलो छाल देखेर येशूलाई नदेखेपछि उनी डराए।
डरले उनको विश्वास हरायो र उनी डुब्न लागे।
प्रभु, मलाई बचाउनुहोस् !




मत्ती १४:३१-३३, ४:३८-४१


पछि
यो चाडको समयमा निकै भीड हुन्छ । यहाँ सबै देशका मानिसहरू आएका हुन्छन्, रोम र मिश्रजस्ता टाढाका देशबाट पनि ।
हामी पोखरीको छेउबाट जाऔं ।
मैले सम्झन सक्ने समयदेखि ऊ यहीं छ ।
तिमी निको हुन चाहन्छौ त ?
मलाई मद्दत गर्ने कोही छैन ।
उठ, आफ्नो ओछ्यान बोकेर हिंड ।
तपाईं येशू होइन र ? मैले तपाईंका आश्‍चर्यकर्महरूको बारेमा सुनेको छु ।
कस्तो नराम्रो ठट्टा । त्यो गरिब मानिस ३८ वर्षदेखि लङ्गडो थियो ।
यो हाम्रो पवित्र शबाथ हो । उसले शान्ति खलबल्याउने काम गरिरहेको छ ।





लूका १४:५-६; यूहन्ना ५:९-१७


उसले परमेश्वरलाई आफ्ना पिता भन्छ । उसले आफैंलाई परमेश्वरको बराबरी बनाउँदै छ ।
उसलाई रोक ! उसलाई ढुङ्गाले हानेर मार्नुपर्छ ।
उसलाई मार !
तपाईंहरूले शबाथमा निको पारेकोमा मानिसलाई मार्नुहुन्छ ?
उसले हाम्रो व्यवस्थाको विरुद्धमा बोल्यो ।
उहाँले व्यवस्थाको विरुद्धमा केही पनि भन्नुभएन ।
उहाँले के भन्नुहुन्छ, सुनौं ।
मेरो कुरा सुन । मैले यो आश्चर्यकर्म गरेकोले तिमी खुसी हुन्छौ । तिमीले यीभन्दा ठूला आश्चर्यकर्महरू देख्नेछौ । मेरा पिताले मृतकबाट मानिसलाई ब्यूँताउनुभयो र त्यो अधिकार पनि मलाई दिनुभएको छ । पिताले मलाई यो संसारको सम्पूर्ण अधिकार दिनुभएको छ ।
मलाई आदर गरेनौ भने तिमीहरूले पितालाई आदर गर्दैनौ । साँच्चै म तिमीहरूलाई भन्दछु, मलाई विश्वास गर्नेले मलाई पठाउनुहुनेलाई विश्वास गर्नेछ र ऊसँग अनन्त जीवन हुनेछ ।
तपाईंले कसरी अनन्त जीवन दिन सक्नुहुन्छ त ?
समय आउनेछ, जब मृतकहरूले मेरो स्वर सुनेर चिहानबाट उठ्नेछन् । असल काम गर्नेहरू अनन्त जीवनको लागि र खराब काम गर्नेहरू आगोको कुण्डमा अनन्त दण्डको लागि उठ्नेछन् ।
त्यो ईश्वरनिन्दा हो, कसैले पनि मृतकलाई ब्यूँताउन सक्दैन । परमेश्वरले मात्रै अनन्त जीवन दिन सक्नुहुन्छ ।

यूहन्ना ५:१८-२९




मत्ती ५:६, ९; यूहन्ना ४:१४,७:४५-५२


धन्य धार्मिकताको निम्ति तिर्खाउनेहरू किनभने तिनीहरू तृप्त हुनेछन् ।
धन्य शान्ति कायम गर्नेहरू किनभने तिनीहरू परमेश्वरका छोराछोरी कहलाइनेछन् । आफ्ना शत्रुहरूलाई प्रेम गर र आशिष् देओ ।
कुनै मानिस तिर्खाउँछ भने त्यसले मकहाँ आएर पियोस् । पवित्र आत्मा ऊभित्र आउनुहुन्छ र अनन्त जीवनको मूलका फोहोराहरू पनि निस्कनेछन् ।
उसले अपराधीले जस्तै बोल्दैन ।
उनीहरू भन्छन् कि ऊ ४००० वर्षको भविष्यवाणीको उत्तर हो ।


तिमीहरूले किन उसलाई हामीकहाँ ल्याएनौ ? ऊ तिमीहरूकै अगाडि उभिइरहेको थियो । तिमीहरूले उसलाई किन ल्याएनौ ?
यो मानिसले जस्तै अरू कसैले अहिलेसम्म सिकाएको थिएन ।
उनले प्रेम र क्षमाको कुरा गरिरहेका थिए ।
हा, उसले तिमीहरूलाई पनि भुक्याएछ ? कुनै शिक्षित शासक वा फरिसीहरूले उसमाथि विश्वास गरेका छन् र ? यो येशू मारिनुपर्छ ।


निकोदेमस, येशूलाई राती भेट्न आउने मानिसले भने ।
उनले भनेका कुराहरू सुन्नुभन्दा अघि यो कुरा भन्नुहुन्न भनी हाम्रो व्यवस्थाले घृणा गरेको छ र ?
निकोदेमस, तपाईं पनि गालीलबाट आएका त्यसका चेलाहरूझैं एक हो कि के हो ? धर्मशास्त्रमा खोज्नुहोस्, मसीह गालीलबाट आउँदैनन् । उहाँ यहूदाको बेथलहेमबाट आउनेछन् र दाऊदका पुत्र हुनेछन् ।


उसले साधारण मानिसहरूलाई आफ्नो झूटले धोखा दिन्छ ।
ऊसँग सबै कुराको उत्तर छजस्तै गर्छ।
हामी किन हाम्रा सबैभन्दा जान्ने पण्डितलाई उसलाई शब्दको जालमा पार्न नपठाउने त ?
म पण्डितलाई चिन्छु । उनी चलाख र धोखा नखाने खालका हुन्छन् ।
पण्डित येशूलाई चुनौती दिन गए ।
प्रभु, अनन्त जीवन पाउन मैले के गर्नुपर्छ ?
व्यवस्थाले के भन्छ ?
यसले भन्छ कि आफ्ना परमेश्वरलाई सारा हृदय, सारा प्राण, सारा शक्ति र सारा समझले प्रेम गर्नू र आफ्नो छिमेकीलाई आफूलाई जस्तै प्रेम गर्नुपर्छ ।
उत्तर तिमीसँगै छ । व्यवस्थाको पूर्णता प्रेम हो । तिमीले आफूलाई जस्तै आफ्नो छिमेकीलाई प्रेम गर्‍यौ भने परमेश्वरलाई खुसी पार्नेछौ ।
हुन्छ, तर मेरो छिमेकी को हो ? तपाईंले सबैलाई भन्नुभएको होइन, हामीमाथि शासन गर्ने रोमीहरूलाई पनि ?
म एउटा कथा भन्नेछु:
यरिहोबाट यरूशलेमतिर यात्रा गरिरहेको एकजना मानिस डाकुको फेला पर्‍यो । उसका सबै कुरा लुटिएर र पिटिएर ऊ मर्न छोडियो ।
एउटा पूजाहारी त्यही बाटो जाँदै थिए र त्यस मानिसको लडिरहेको शरीरलाई फन्को लाएर आफ्नो बाटो लिए, मद्दत गर्न रोकिएनन् ।

लूका १०:३२-३५




मत्ती ५:४३-४४; लूका १०:३६-३७




मत्ती ५:४३-४४; लूका १०:३६-३७



# अध्याय ९:
# आश्चर्यकर्म र उखानहरू


सबैतिर...
धेरै दिन भइसक्यो मैले केही खाएकै छैन ।
तिमीले मुसा र छुचुन्द्राहरू खान सिकेनौ भने तिमी मर्नेछौ । बाँच्नको लागि यही मात्रै उपाय छ ।
मेरो विचारमा म पहिले मर्नेछु । एक वर्षअघि म धनी र इज्जतदार मानिस थिएँ । अहिले मलाई हेर ।
अब तिमी आदरणीय छैनौ । तिमी अब कोरी र त्यागिएका छौ ।
पहिले मलाई म कुनै दिन निको भएर श्रीमती र छोराछोरीहरूकहाँ जान सक्छु भन्ने आशा थियो । तर म यहाँ बसेको दश वर्ष भइसक्यो र मैले यहाँबाट कसैलाई पनि निको भएर फर्केको देखेको छैन ।
पहिलेपहिले त मेरी श्रीमतीले बच्चाहरू ल्याएर मसँग टाढैमा कुराकानी हुन्थ्यो । तर अब तिनीहरू कहिलेकाहीँ मात्र आउँछन् । अब बच्चाहरू हुर्किसके । तिनीहरूले अब त मलाई देखे पनि चिन्दैनन् । यो त मर्नुभन्दा खराब भयो ।
ओहो, आफैँप्रति दुःखी हुन छोडिदेऊ । कसैले वास्ता गर्दैन, परमेश्वरले पनि गर्नुहुन्न । हामी जौं र खानलाई केही माग्दा पाउँछौं कि ।
आज हामी मूल सडकबाटै जाँदै छौं, हामीले सानो कुराबाट पनि डराउनुपर्ला ।
हामीले सँगै यात्रा गर्नु सुरक्षित होला । मैले अगाडि केही अग्ला ठाउँहरू देख्दै छु ।


मैले अरू धेरै यात्रुहरू सडकमा आउँदैगरेको देख्दै छु !
हेर ! ती केटाहरू नै फेरि आए ।
यहाँबाट भाग, तिमी फोहोरी कोरीहरू । कुनै ठाउँमा गएर मर ।
तिमी फोहोरी किराहरू ! परमेश्वरले तिमीहरूलाई सजायँ दिँदै हुनुहुन्छ ।
भाग ! भाग !
अशुद्ध ! अशुद्ध, हामीहरू अशुद्ध ।
यी कोरीहरू । तिनीहरूलाई आफ्नो नजिक आउन नदेऊ । तिमीलाई पनि रोग सर्ला ।
हामीलाई दया गर्नुहुन्छ कि ? हाम्रो लागि पनि सानो टुक्रा दिनुहुन्छ कि ?
तिनीहरूलाई केही दिनुहोस् । तिनीहरू जानेछन् ।
जाओ । तिमी अशुद्धहरू !
पर हट र हामी भूइँमा राखिदिनेछौं ।
अब नजिक नआओ । पहिले मलाई जान देओ ।


रोटी !
खाना !
मलाई केही बचाऊ !
सबै नलेऊ !


यो मेरो हो !
तिमी सुँगुर !
रोटी ! रोटी !
हे परमेश्वर !


धेरै मानिसहरू आउँदै छन् ।
हामी होशियार हुनुपर्छ, तिनीहरू धेरै छन् ।
तिनीहरू सबै पुरुषहरू हुन् ।


उनी त नासरतका येशू हुन् । मलाई रोग लाग्नुपहिले मैले उनलाई एक पटक भेटेको थिएँ । उनैले मानिसहरूलाई निको पार्छन् ।
उनले आफूलाई परमेश्‍वरबाटको हो भन्‍ने दाबी गर्छन् । भन्छन् कि उनी र उनका पिता एउटै छन् । मैले उनले अन्धा र ढाड कुप्रेकाहरूलाई निको पारेको देखेको छु ।
येशू ! हामीलाई मद्दत गर्नुहोस् !
गुरुज्यू, तिनीहरू त कोरीहरू हुन् ।
तिनीहरूलाई नजिक आउन नदेओ ।
म तिमीहरूलाई के गरिदिऊँ त ?
हामीमाथि दया गर्नुहोस् र हामीलाई निको पार्नुहोस् ।
तपाईंले इच्छा गर्नुभयो भने मलाई निको पार्न सक्नुहुन्छ ।
तपाईंले मलाई छुनुहुँदैन ।
अब ठीक भइसक्यो । मन्दिरमा गएर पूजाहारीलाई देखाओ । उनले तिमीलाई शुद्ध भएको देखेर तिमीहरूको घरमा परिवारकहाँ जान अनुमति दिनेछन् ।
हामी शुद्ध भयौं भनेर उहाँले भन्नुहुन्छ ।
हामी मन्दिर पुग्नुपहिले नै तिनीहरूले हामीलाई भगाउनेछन् ।
म उहाँले भनेभैँ गर्नेछु ।
म तिमीसँग छु । जौं ।


येशूले भन्नुभयो कि हामीहरू पूर्ण बनाइयौं ।
मलाई राम्रो हुँदैछ ।
हामीहरू फेरिँदै छौं !
मेरो छाला निको भयो !
येशूले यो गर्नुभयो ! तिमी पूर्ण छौ !
अब तिमी नराम्रो देखिदैनौ !
मैले गएर मेरी श्रमितीलाई खोज्नुपर्छ ।
तपाईं धन्य हुनुहुन्छ, परमेश्वरका पुत्र, इस्राएलका राजा, तपाईंले मलाई मेरो जीवन फिर्ता दिनुभएको छ । परमेश्वर अनुग्रही र कृपालु हुनुहुन्छ ।
दशवटै शुद्ध भएका होइनन् र ? तर एउटा मात्रै आएर मलाई धन्यवाद दिन्छ र ऊ यहूदी पनि होइन । ऊ सामरी हो ।

लूका १७:१४-१९


अनन्त जीवन
एकजना मानिसले उहाँलाई स्वर्गको राज्यमा पस्ने धेरै हुन्छन् कि भनी सोधे । येशूले जवाफ दिनुभयोः
म तिमीलाई भन्दछु, जीवनमा प्रवेश गर्ने बाटो साँघुरो र अप्ठेरो छ अनि थोरैमात्र यो बाटोमा आउँछन् । तर विनाशमा पुऱ्याउने बाटो फराकिलो र धेरै मानिसहरू त्यहाँ अनन्त विनाशको लागि हुनेछन् ।
साँघुरो ढोकाबाट पस्न प्रयास गर किनभने धेरैजना जीवनमा प्रवेश गर्न प्रयास गर्नेहरू हुनेछन् र असफल हुनेछन् । जब न्यायको दिन आउनेछ, धेरैले परमेश्वरसँग यसो भन्दै पुकार्नेछन्, "प्रभु, साँच्चै म तपाईंको हुँ । म धार्मिक मानिस हुँ । मैले उपवास बसेर प्रार्थना गरेको थिएँ । मैले धर्मकार्यमा पैसा दिएको छु । मैले तपाईंको नाउँमा भविष्यवाणी गरें र दुष्ट आत्मालाई भगाएँ ।"
त्यसपछि म तिनीहरूलाई भन्नेछु, "मैले तिमीहरूलाई कहिल्यै चिनेको छैनँ । मबाट हटिजाओ, तिमी अनन्त आगोका हकदारहरू । त्यहाँ रुवाइ र दाह्रा किटाइ हुनेछ ।
त्यहाँ तिनीहरूको आत्मा कहिल्यै मर्दैन र आगो पनि कहिल्यै निभ्दैन । तिनीहरूको कष्टको पीडा अनन्तअनन्तसम्म रहनेछ ।




लूका १६:१९-२२; हिब्रू ९:२७


जब सहरमा धनी मानिसको अन्तेष्टि सकिँदै थियो, तिनीहरूले थाहा पाए कि लाजरस भिखारी पनि मऱ्यो ।
यो त बुढो भिखारी लाजरस हो । ऊ पनि आज राती नै मरेछ । ऊ निकै शान्तिपूर्ण देखिन्छ ।
लाजरसको लाशलाई गाडामा हालेर जनावरहरूको सिनो फाल्ने ठाउँमा जलाइयो । उसको अन्तेष्टि कार्यक्रम भएन र उसको मृत्युमा कोही पनि रोएन ।
तर स्वर्गदूतहरू आएर लाजरसलाई स्वर्गधाममा लगे ।
लाजरस हाम्रा भाइ, तिमीलाई आफ्नो घरमा स्वागत छ । अब तिमीलाई कहिल्यै भोक लाग्नेछैन । कहिल्यै तिम्रो शरीर दुख्नेछैन । आऊ, तिम्रो लागि भोज तयारी छ ।
आम्मामा ! कस्तो रमाइलो ! मैले कहिल्यै पनि मृत्यु यस्तो मज्जाको हुन्छ भन्ने सोचेकै थिइनँ !
धनी मानिसको उत्तम अन्तेष्टि कार्यक्रम भयो र सुन्दर चिहानमा उसको लाश राखियो अनि उसको पैसालाई प्रेम गर्नेहरू सबै उसले आफ्नो इच्छामा उनीहरूलाई केही छोडेको छ कि भनी हेर्न आए ।
उनी असल मान्छे थिए । कहिलेकाहीँ उनले माया गरेका मानिसहरूप्रति उनी अलि कडा भए पनि हामी उहाँलाई यो देशप्रति उहाँको प्रेम र आफ्नो काममा इमानदार रहेकोमा सधैं सम्झनेछौं ।
उनी आफ्नो पुरस्कार पाउन गए । उनको आत्माले अनन्त शान्ति पाओस् ।
तर धनी मानिस मरेपछि उसले आफैँलाई अगाध खाडलमा फालिएको पायो ।

लूका १६:२२


मलाई मद्दत गर्नुहोस् ! हे परमेश्वर कसैले मलाई मद्दत गर्नुहोस् । म यो ज्वालामा डढिसकें ।


पिता अब्राहाम, ममाथि दया गर्नुहोस् । मैले लाजरसलाई त्यहाँ देखें । उनलाई उनको खुट्टाको औँलाले पानीमा चोपेर मेरो मुखमा झारिदिन पठाउनुहोस् किनभने म यहाँ तापले तड्पिरहेको छु ।
छोरा, सक्नेभए म नै तिमीलाई मद्दत गर्नेथिएँ, तर हाम्रा बीचमा तल आगोको कुण्ड भएको ठूलो खाडल छ । हामी तिमीलाई मद्दत गर्न यसलाई नाघ्न सक्दैनौं र तिमी पनि त्यो नाघेर यता आउन सक्दैनौ ।
त्यसो हो भने लाजरसलाई मेरो पिताको घरमा पठाउनुहोस् । उनले गएर मेरा पाँचजना भाइहरूले मेरो साक्षी दिएर यसरी यो कष्टमा अन्त्य नहुने चेतावनी दिनेछन् ।
तिनीहरूसँग मोशा र अगमवक्ताका पुस्तकहरू छन् । तिनीहरूले धर्मशास्त्रलाई विश्वास गरून् ।
तर त्यो तिनीहरूका लागि प्रशस्त छैन । तिनीहरूले मृतकलाई जीवित भएको देखे भने आफ्नो अविश्वासको लागि पश्चात्ताप गर्नेछन् ।
तिनीहरूले धर्मशास्त्रलाई विश्वास गरेनन् भने मृतकबाट जीवित भएकालाई पनि मान्नेछैनन् । तिम्रो लागि धेरै ढिलो भइसक्यो । तिनीहरू आफैंले निर्णय गर्नुपर्छ । अब मैले गर्न सक्ने केही छैन ।

लूका १६:२२-३१




प्रस्थान २०:१४; लूका ८:२; १ यूहन्ना १:९


ईहीही !
शैतान, त्यसबाट निस्किहाल् !
म तँलाई बाहिर निस्कने र नफर्कने आज्ञा दिन्छु ।
येशूको आज्ञामा सातवटा दुष्टात्माहरू त्यो स्त्रीबाट भागे
तिनीहरू गइसके !
तपाईं को हो ?
म येशू हुँ ।
तिमीले पाप गर्न छोडेर परमेश्वरको आराधना गर्नुपर्छ नत्रता ती दुष्टात्माहरू अझै खराब दुष्टात्माहरू लिएर फर्कनेछन् ।
म परमेश्वरको सेवा गर्न चाहन्छु । म तपाईंको पछि लागेर अझै धेरै सिक्नेछु ।
उनलाई के भयो ?




हितोपदेश १२:१४, मत्ती २३:२५, ६:१९-२१, २५, २८-३०, १२:३६; लूका १५:१-३


कुनै मानिसका दुई छोराहरू थिए । कान्छो छोरो विद्रोही थियो र उसले आफ्नो जीवन शारीरिक मोजमज्जामा जिउन चाहन्थ्यो ।
मलाई कथा मन पर्‍यो ।


त्यसकारण उसले आफ्नो अंश माग्यो ।
बुबा, मलाई दिने हो भने मेरो अंशको खेत दिइहाल्नोस्, अहिले नै । म सहरमा गएर अझै कमाउनेछु ।
तर छोरा, मसँग भएका सबैतिम्रा हुन्। म अब धेरैबाँच्दिनँ, तिमी र तिम्रा दाजुले यो पाउनेछौ। तिम्रो बाँकी जीवन सुखसँग बित्नेछ । हाम्रा धेरैभेडा र गोरुहरू छन्। हाम्रो खेतमा हरेक साल प्रशस्त उब्जनी हुन्छ । हाम्रा धेरैसेवकहरू छन्... ।
तर म बाहिर निस्केर संसार देख्न चाहन्छु । म खेतमा बसेर जीवनभरि दासले जस्तै काम गर्न चाहन्नँ । म युवा हुँदा नै रमाइलो गर्न चाहन्छु । मेरा साथीहरू... ।
तिम्रा साथीहरू अल्छी छन् । तिनीहरूले छिटो दौडने घोडा, रक्सी र सुन्दरीको बारेमा मात्रै सोचिरहन्छन् ।
तपाईंलाई जीवनको बारेमा के थाहा छ र ? तपाई सधैँ यही खेतमा जोतिनुहुन्छ । म मेरो भागको खेत अहिल्यै चाहन्छु । म सहरमा गएर आफ्नै किसिमको जीवन बनाउनेछु ।
उसलाई दिनुहोस् । हामीलाई ऊ नभए पनि राम्रै हुनेछ । उसले आफ्नो भाग कहिल्यै माग्नेछैन ।


पिताले कान्छो छोरोलाई उसको भाग दिए । त्यसकारण ऊ समुद्र किनारमा भएको सहरमा खुसी खोज्न गयो ।
अब यो जीवित छ, कसैले मलाई गर्नुपर्छ भनी सिकाउँदैन ।


कान्छो छोरो...
वा, यो त मैले सोचेको भन्दा रमाइलो रहेछ, यी मानिस र भवनहरू । यो भइरहेका ठाउँहरू ।
म असल घरमा भाडामा बस्नेछु ।


यो मज्जाको देखिन्छ । म यो लिनेछु ।
तपाईंलाई केही चाहियो भने खबर गर्नुहोस् । हामी राती र दिन दुवैमा सेवा दिनेछौं ।


अब कसले योभन्दा बढी माग्न सक्छ । भोलि म बाहिर गएर केही मानिसहरूलाई भेट्छु ।


हे, हामीसँग यहाँ के छ ? एउटा गाउँले केटो ? हामीले उसको अनुहार हेर्न पाए ऊ सुन्दर छ होला ।
हे मित्र, तिमीले कुनै २ मा ठूलो कुरा खोजेको हो भने दारी काटेर राम्रा कपडा लाऊ ।
तिमी अशिष्ट मानिस । तिमी यो कपडामा त्यति नराम्रो देखिँदैनौ ।
तिमीले हामीसँगै खाना खाएको देखेर खुसी लाग्यो ।
उसले आफ्नो अनुहारबाट नसुहाउने दारी हटाएपछि अब ऊ सुन्दर देखिएको छैन र ?
हाम्रो नयाँ साथीको लागि एउटा रोटी । ऊ सधैँ खुसी र आनन्दित रहोस्
...र प्रेम
वेटर, मेरा साथीको लागि अझै रक्सी ।


हामी हाम्रो घरमा जान सक्दैनौं र, हामी दुई मात्र ?
त्यसरी त्यो युवक घरबाट टाढा भएर धेरै समयसम्म रमाइलोमा बस्यो । उसको पैसा सकिएपछि उसले आफ्ना साथीहरू पनि गुमायो ।
केही समयपछि मूर्ख आनन्दले उसका पैसा सबै सिध्यायो, तर ऊसँग अझै साथीहरू उसको धन सिध्याउन थिए ।
अब पैसा छैन भनेर तिमीले के भनेको ? तिमी धनी थियौ भन्ने मैले सोचेथें ।
यहाँ बाँच्न धेरै खर्च लाग्यो र मैले गत हप्ताको दौडमा बाँकी रहेको अन्तिम भाग पनि सकें । मैले म नै विजय हुन्छु भन्ने आशा गरेको थिएँ र मैले सोचेको पनि...
तिमीले भन्न चाहेको तिमीले टुटायौ ? तिमीले प्रतिज्ञा गरेको कपडा कसरी मलाई किनिदिन्छौ त ?
मलाई आशा छ कि तिम्रा पिताले मलाई कुनै काम दिनुहोला, उहाँका सामानहरू मिलाउने ।
काम ?
म सुँगुर चराउँदै छु भन्ने विश्वास आफैं गर्न सक्तिनँ, यी अशुद्ध, फोहोरी जनावरहरू ।
मेरा साथीहरू भएको म विचार गर्छु । उनीहरू अहिले मसँग बोल्दा पनि बोल्दैनन् । तर म राम्रो काम खोजेर फेरि माथि पुग्नेछु ।
घ्वाँ, चुइँ

लूका १५:१३-१५


तँ कति कमजोर छस् भन्ने मलाई मतलब छैन । गएर सुँगुरहरू चरा । म तँलाई निकालेर अर्को ल्याउनेछु । अब लैजा !
हुन्छ हजुर, मलाई माफ गर्नुहोस् । म गइहाल्छु ।
यो काममा मैले खाने पैसा पनि पाउँदिनँ । मेरा साथी भनाउँदाहरूले मीठो खाना खाँदैहोलान् ।
हेर, म कस्तो भएँ । मलाई ठण्डी लाग्यो, भोक लाग्यो र म थाकें । म यो सुँगुरको दाना खान सक्छु । मेरा पिताका नोकरहरूको उनीहरूले खानेभन्दा बढी खाना छ । म मात्रै... तर होइन, म त्यहाँ फर्केर जान सक्दिनँ, मैले छोडेको बाटो फर्किन सक्दिनँ । उनीहरूले मलाई अस्वीकार गर्नेछन् ।
म कस्तो मूर्ख भएछु । म गएर एउटा नोकर मात्रै हुन्छु भने के हुन्छ र ? मेले मेरो अंश पनि उडाइसकें । उनीहरूले मलाई राखे भने म एउटा नोकर हुन सक्छु नि ।
म घर जाँदै छु ।
तिमी मूर्ख ! तिमीसँग पैसा छैन । तिमीले हजारौं माइल हिंड्नुपर्छ ।
हप्तौंको हिंडाइपछि ऊ घरको नजिकै पुग्यो ।
म घरमा पुग्नैलागें । मैले त्यहाँ गएर दयाको लागि बिन्ती गर्ने कुनै अधिकार मसँग छैन । म भन्नेछु, “बुबा, मैले पाप गरेको छु र म तपाईंको छोरा भनिन योग्य छैन । मलाई तपाईंका नोकरहरूमध्ये एक बनाउनुहोस् ।”

लूका १५:१६-१९


तिमीले त्यो मानिस आइरहेको देख्यौ ? मेरो बुढो आँखाले प्रष्टगरी देख्दैन, तर म तिमीलाई भन्छु ऊ मेरो धेरै अघि हराएको छोराझैँ हिड्छ ।
हो, उनी अलि दुब्लाएका र बुढा देखिन्छन्, तर म विश्वास गर्छु, तपाईंकै छोरा हुन् ।
मेरो छोरा !
मेरो छोरा, मेरो छोरा ! तिमी घर आयौ !
बुबा, मैले तपाईंको विरुद्धमा पाप गरेको छु... ।
...र म तपाईंको छोरो भनिन योग्य छैनँ ।
हामीले तिमी मरिसक्यौ भन्ने ठान्यौं र अब तिमी जीवित छौ । हामी तिमीलाई अहिले नै नुहाइधुवाइ गरिदिनेछौं ।
तिमी यस्तै भएर घरभित्र जान सक्दैनौ । मेरो नोकरले तिमीलाई राम्रो कपडा र तिम्रो खुट्टाको लागि राम्रो जुत्ता ल्याइदिनेछ । तिम्रो औंठी पनि सकियो । हो, तिमीलाई औंठी चाहिन्छ । मेरो छोरो हराएको थियो, अब भेटिएको छ ।

लूका १५:२०-२२


मोटो पशु मार र भोज तयार पार, पाहुनाहरू बोलाऊ र हामी उत्सव मनाउनेछौं किनभने आज आनन्दको दिन हो ।
तपाईंहरू सबैजना यो रमाइलो समयमा हामीसँग हुनुभएकोमा म धेरै खुसी छु । मेरो छोरो अझै पनि कमजोर छ । यो मेरो जीवनको सबैभन्दा असल दिन हो ।
ठूलो छोरा धेरै दिनको लागि बाहिर थियो । ऊ घर फर्किंदा उसले भोज भइरहेको देख्यो ।
यो नाचगान यहाँ किन हो ?
तपाईंका भाइ घरमा ज्यादै दुब्लाएर फर्केका छन् । उनी बिरामी र गरीब भएका छन् । उनी घरमा आएकामा तपाईंका पिता खुसी भएका छन् । चाँडै भित्र जानुहोस् ।
म यो मूर्खतामा सहभागी हुन्नँ । उसले पाप र लाजको जीवन जिएको छ ।
उनको छोराले जे भनेको थियो, नोकरले बुबालाई सुनाइदियो र उनी छोरासँग कुरा गर्न बाहिर आए ।
मैले उसलाई धेरै खोजें हराएको ठानेर, सधैंको लागि । म त्यागिदिन तयार थिएँ, तब ऊ बाटोमा हिंड्दै आयो । तिमीले यस्तो आशिष्को विश्वास गर्न सक्छौ त ? परमेश्वर असल हुनुहुन्छ ।
तपाईं यस्तो पापीसँग रमाएको म विश्वास गर्न सक्दिनँ । म यसमा भाग लिन्नँ ।
त्यो रमाइलो कथा हो, तर तिमीले हामीलाई त्यो दाइजस्तो बनाउँदै छौ ।
जसको सुन्ने कान छ, त्यसले सुनोस् ।





मत्ती २०:१७-२०; यूहन्ना ११:१-१५



येशू र उहाँका चेलाहरू ढोका बाहिर छन् ।
ग्वाँ...... !
ह्वाँ... !
तिनीहरूलाई त्यहीँ मेरो लागि पर्खन भन् । यी फरिसी र पूजाहारी भएकोले यो भित्र आउन तिनीहरूलाई निकै खतरा छ । तिनीहरूले अझै पनि उहाँलाई मार्न खोज्दै छन् ।
प्यारो लाजरस !
तिम्रो भाइ मृत्युबाट ब्यूँतनेछ ।
प्रभु, तपाईं यहाँ हुनुभएको भए मेरो भाइ मर्नेथिएन । अझै पनि तपाईं परमेश्वरले के मद्दत गर्न सक्नुहुन्छ भनेर सोध्नुहुन्छ ।
मलाई थाहा छ, ऊ संसारको अन्त्यमा पुनरुत्थानमा उठ्नेछ ।
पुनरुत्थान र जीवन म नै हुँ ।
ममाथि विश्वास गर्ने मर्‍यो भने पनि जीवित हुनेछ । जीवित र ममाथि विश्वास गर्ने कहिल्यै मर्नेछैन । तिमी मलाई विश्वास गर्छौ ?
ज्यू प्रभु । तपाईं परमेश्वरका पुत्र मसीह हुनुहुन्छ, जो पृथ्वीमा आउने बारेमा भविष्यवाणी भएको थियो ।
मार्थाले येशूसँग बोलिसकेपछि मरियमलाई लिन एउटा नोकर पठाइन् ।
ह्वाँ
आऊ । उनी रुनलाई चिहानमा जान्छिन् ।


प्रभु, तपाईं यहाँ भएको भए मेरो भाइ मर्नेथिएन ।
उसलाई कहाँ सुताइएको छ ?
हामीले उसलाई धेरै सम्झेका छौं ।
येशूले लाजरसलाई कति प्रेम गर्नुहुन्छ हेर ।
उहाँले अन्धालाई निको पार्नुभयो भने आफ्नो मित्रलाई उहाँले मर्नबाट बचाउन सक्नुहुन्थेन र ?
ढुङ्गा हटाओ ।
तर प्रभु, अब त ऊ गन्हाउँछ किनभने ऊ मरेको चार दिन भइसक्यो ।
ममाथि विश्वास गर्‍यौ भने तिमीहरूले परमेश्वरको महिमा देख्नेछौ भनेर मैले भनेको थिइनँ र ? ढुङ्गा हटाओ ।
पिता, तपाईंले मेरो प्रार्थना सुन्नुभएको लागि तपाईंलाई धन्यवाद । म आफ्नै लागि प्रार्थना गर्दिनँ किनभने मलाई थाहा छ, तपाईंले मेरो कुरा सधैं सुन्नुहुन्छ । तर म प्रार्थना गर्छु कि यहाँ हेरिरहनेहरूले तपाईंले मलाई पठाउनुभएको हो भनेर विश्वास गर्नेछन् । पिता, अब आफ्नो महिमा गर्नुहोस् ।

यूहन्ना ११:३२-४२


लाजरस बाहिर आऊ ।
यो पटक ऊ निकै पर गएको छ ।
हो, उसले आफैँलाई मूर्ख बनाउँदै छ ।
किन ? लाश कुहिसक्यो ।
जब सबै मानिसहरूले ऊ झूटो हो भनेर देख्नेछन्, हामीलाई उसलाई पक्रेर मार्न सजिलो हुन्छ ।
के ? मलाई यो विश्वासै लाग्दैन ।
त्यो हुनैसक्दैन ।
परमेश्वरलाई महिमा !
आम्मामा !
मरियम, उहाँले यो गर्नुभयो । उहाँले गर्नुभयो ।
ऊ जीवित भयो ! चार दिनपछि ऊ जीवित भयो ।


लाजरस मरेको ४ दिनपछि चिहानबाट बाहिर आयो, हात र खुट्टा बाँधिएको अवस्थामा, कात्रोमै ।
उसलाई खोलेर जान देओ ।
यस्तो काम परमेश्वर बाहेक अरू कसले गर्नसक्छ र ?
यो सबै धुलो के हो ? मलाई कात्रोबाट बाहिर निकाल ।
तिमी चार दिनदेखि मरेका थियौ ।
गुरुज्यू, तपाईंलाई भेट्दा खुसी लाग्यो । म मान्दछु कि तपाईंले नै मलाई जीवित पार्नुभएको हो ।
हे लाजरस, हामीले तिमीलाई धेरै सम्झ्यौं ।
मलाई भोक लाग्यो । रुनेहरूलाई घर पठाउनुहोस् र हामी खाना खानेछौं ।
हे हाम्रा प्रभु, तपाईं धन्य हुनुहुन्छ ।
हामीले भर्खरै देखेको कुरा तिमी विश्वास गर्न सक्छौ त ? उसले यो त झुक्याएको पक्कै होइन । तिनीहरूले गाड्नुपहिले मैले लाजरसको लाशलाई देखेको थिएँ । ऊ त गत वर्षको निस्तार चाडको पाठोझैं मुर्दा थियो ।
यरूशलेमले यो सुनेपछि उसलाई सबैले राजा बनाउनेछन् । चाँडै केही गर्नैपर्छ ।
हामी तुरुन्तै शास्त्री र फरिसीहरूलाई भनौं ।
त्यो येशूले आज ठूलो काम गऱ्यो । उसले लाशलाई ब्यूँताएको सबै मानिसहरूले देखे ।
उसले कसरी गऱ्यो भन्ने कुरा ठूलो होइन, उसलाई रोकिएन भने उसले मानिसहरूको हृदय कब्जा गर्नेछ ।
अर्को विद्रोह भयो भने रोमीहरूले हामीलाई सत्ताच्यूत गर्नेछन् । उनीहरू हामीले शान्ति बनाइराखेको चाहन्छन् ।




मत्ती १०:२२, २४:२, ५-९,२१,२७-३१; लूका १९:४३-४४, २१:८; यूहन्ना ११:४९-५३; प्रकाश २:१०




मत्ती १०:२२, २४:२, ५-९,२१,२७-३१; लूका १९:४३-४४, २१:८; यूहन्ना ११:४९-५३; प्रकाश २:१०





मत्ती २०:१९ ; यूहन्ना १२:३-८, १०:११


सम्पूर्ण यरूशलेमले तपाईंको आगमनको प्रतीक्षा गरेको छ ।
गएर म चढ्नलाई एउटा गधा लिएर आओ । हामी अन्तिम पटक यरूशलेम जानेछौं ।
प्रभु, हजारौं मानिसहरू तपाईंलाई यरूशलेममा स्वागत गर्न पर्खिरहेका छन् । तिनीहरूले तपाईंलाई राजा बनाउनेछन् ।
मलाई अस्वीकार गरेर क्रूसमा चढाइनेछ, तर तेस्रो दिन म मृत्युबाट बौरिउठ्नेछु ।
यहूदीहरूका राजा !
दाऊदका पुत्रलाई प्रशंसा
दाऊदको पुत्रलाई प्रशंसा होस् ।
इस्राएलका राजाको लागि बाटो बनाउनोस् ।
परमेश्वरको प्रशंसा होस् ।
प्रतिज्ञा गरिएका छुडाउनेवाला


दाऊदका पुत्र, हामीलाई छुटकारा दिनुहोस् ।
मानिसहरूले उसलाई यहूदीहरूका राजा भन्छन् ।
उनीहरूले उसलाई प्रतिज्ञा गरिएका मसीह भन्ने ठान्दछन् ।
ऊ किन मन्दिरमा आउँदै छ, उसको जीवन खतरामा छ भन्ने उसले जान्नुपर्छ ?


तिनीहरूले अझै पनि परमेश्वरको भवनलाई बिगार्दै छन् । यो प्रार्थनाको घरको साटो बजारजस्तै देखिन्छ ।
म यो तिमीलाई सस्तोमा दिन सक्छु । यो बलिदानको लागि सिफारिस भैसकेको छ ।
मलाई माफ गर्नुहोस् तर योभन्दा बढी भाउ पाउने हो भने तपाईं अन्तै जानुपर्छ । मैले दिन सक्ने यति नै हो ।




भजनसंग्रह ६९:९; मत्ती २१:१२-१३




मत्ती २६:१४-१६; मर्कूस १३:५-१३; लूका १७:२६-३७; यूहन्ना १२:२३-२४; २ पत्रुस ३:१०



अब मेरो हृदय कष्टले भरिएको छ र म के भनौं ? "पिता, मलाई यो समयबाट बचाउनुहोस् ?" होइन, तर म यही समयको लागि पृथ्वीमा आएको हुँ ।
पिता, आफ्नो नाउँ महिमित बनाउनुहोस् ।
मैले पहिले नै मेरो नाम महिमित पारिसकेको छु र म फेरि त्यसै गर्नेछु ।
परमेश्वर उहाँसँग बोल्नुभएको छ !
यो गर्जनजस्तै ठूलो थियो ।
उहाँसँग स्वर्गदूत बोले !
आवाज मेरो लागि थिएन, तर तिमीहरूको लागि थियो । अब संसारको राजकुमार शैतान हार्ने बेला आएको छ । म क्रूसमा उचालिएँ भने म सबै मानिसहरूलाई आफूतिर खिच्नेछु ।
अगमवक्ताहरूले मसीह सदा जीवित रहनेछन् भनेका कुरा तिमीहरूलाई थाहा छ, तर तपाईं मर्नेछु भन्नुहुन्छ । त्यसोभए मसीह को हो त ?
तिमीहरूसँग अब केही समयको लागि मात्रै ज्योति हुनेछ । तिमीहरूसँग ज्योति हुँदा नै यसमाथि विश्वास गर ताकि तिमीहरू परमेश्वरका सन्तान बन्नेछौ ।
मेरो लागि अनौठो कुरो हो ।
कसैले मलाई र मेरा वचनलाई अस्वीकार गर्छ भने त्यसले परमेश्वरलाई अस्वीकार गर्छ । म संसारको ज्योति हुँ । तिमीहरूले मलाई विश्वास गर्‍यौ भने तिमीहरू अँध्यारोमा हुनेछैनौ, तर तिमीहरूसँग अनन्त जीवन हुनेछ ।

यूहन्ना १२:२७-३६



# अध्याय १०:
# निस्तार चाड र ख्रीष्टको कष्ट


गएर हाम्रा लागि निस्तारको भोज तयार पार ।


मैले कष्ट भोग्नुअघि यो निस्तारको भोज खाने इच्छा गरेको तिएँ । अब परमेश्वरको राज्य पृथ्वीमा नआउन्जेल म यो खानेछैन अनि तिमीहरूले मेरो टेबलमा बसेर खानेछौ र सिंहासनमा बसेर इस्राएलका १२ कुलको इन्साफ गर्नेछौ ।
म तिमीहरूलाई यो भन्नेछु र यो घटना भएपछि तिमीहरूले विश्वास गर्नेछौ । भजनसंग्रह ४१:९ मा धर्मशास्त्रले अगमवाणी गर्छ, “जसले मेरै रोटी खान्थ्यो, त्यसले मेरो विरुद्धमा लात उठाएको छ ।” मसँगै एउटै टेबलमा खाने तिमीहरूमध्ये एउटाले मलाई धोखा दिनेछ ।
नाइँ ।


त्यो हुनु नै पर्छ, तर धिक्कार त्यो मानिसलाई जसले यसो गर्छ ।


प्रभु, म त्यो हुँ ? म तपाईंलाई कहिल्यै धोखा दिन्नँ ।
प्रभु, त्यो म त होइन ?
प्रभु, म तपाईंलाई कहिल्यै धोखा दिनेछैन ।





मत्ती २६:२३-२९; यूहन्ना १३:२६-३०




मत्ती २६:३३-३५; यूहन्ना १३:३१-३८; १ कोरिन्थी ११:२४-२५




यूहन्ना १४: १-३; १ कोरिन्थी ११:२४-२६




यूहन्ना १४: १-३; १ कोरिन्थी ११:२४-२६




मत्ती २६:३१, ३८; यूहन्ना १६:१९-२०, १७:१-१०




भजनसङ्ग्रह २३:५-६; लूका २२:४१-४४, हिब्रू ६:६, १२:२




मत्ती २६:४०, ४५-५०; यूहन्ना १२:२७, १८:१-४


नासरतका येशूलाई ।
म नै हुँ ।
हेर ! उसँग शक्ति छ ।
सैनिकहरू येशूसँग डराएर भूइँमा लडे ।
ऊ हो । तिमीहरू किन डराएको ? उसलाई पक्र !
तिमीले मेरा गुरुलाई लान सक्दैनौ ।
स्वाट् !
ऐया !




मत्ती २६:५२-५७; मर्कूस १४:५१-५२; लूका २२:५०-५१


हिंड; तिनीहरूले यो कुरा मानिसहरूले सुन्नुअघि नै सिद्धिएको चाहन्छन् ।
तिनीहरूले येशूलाई पूजाहारी र साक्षीहरू भएको ठाउँमा ल्याए ।
तिनीहरूले मलाई भने कि तिमी आफूलाई मसीह भन्छौ र परमेश्वर तिम्रा पिता हुनुहुन्छ रे । तिमी यस संसारबाट आएको होइन भन्छौ । तिमी कहाँबाट आएका हौ त ?
मैले मन्दिर र सभाघरमा शिक्षा दिएको छु । मैले गुप्तमा सिकाइनँ । तपाईं किन मलाई सोध्दै हुनुहुन्छ ? मैले सिकाएको सुन्नेहरूलाई सोध्नुहोस् । तिनीहरूलाई मैले के भनें भन्ने थाहा छ ।
चड्याम्
तिमीले प्रधान पूजाहारीलाई यसरी मुख फर्काउनुहुँदैन ।
मैले खराब कुरा बोलेको हो भने साक्षी ल्याऊ । मैले बोलेको कुरा ठीक छ भने मलाई किन पिटेको ?
यो मानिसको विरुद्ध बोल्ने साक्षी ल्याऊ ।

यूहन्ना १८:१९-२३


उसले मन्दिर भत्काएर उसको हात नलगाई तीन दिनमा फेरि बनाउँछु भन्यो ।
होइन, उसले कसैले मन्दिर भत्कायो भने फेरि बनाउँछु भन्यो ।
तिमी त्यहाँ थिएनौ । उसले के भन्यो, मैले सुनेको थिएँ । उसले आफैँलाई देखाएर मन्दिर भत्काउने कुरा गऱ्यो । मेरो विचारमा उसले आफ्नै शरीर भत्काउने कुरा गऱ्यो ।
त्यो असम्भव । उसले आफ्नो शरीर ३ दिनपछि कसरी फेरि बनाउन सक्छ ?
मलाई थाहा छैन । उसले कसरी मन्दिर ३ दिनमा फेरि बनाउन सक्छ त ?
तिनीहरूले तिमीलाई आरोप लाएको सुन्दैनौ ? आफ्नो पक्षमा उत्तर दिँदैनौ र ?
येशू चुपचाप बस्नुभयो ।
मूर्खले उत्तर दिँदैन ।
म तिमीलाई जीवित परमेश्वरमा तिमी जीवित परमेश्वरका पुत्र ख्रीष्ट हौ भने बोल्ने आज्ञा दिन्छु ।
म परमेश्वरको पुत्र हुँ । तिमीहरूले मलाई परमेश्वरको शक्तिको दाहिने हातपट्टि बसेको र बादलको सवारीमा पृथ्वीमा फर्केर आएको देख्नेछौ ।
हामीलाई अरू साक्षी चाहिएन । हामीले आफ्नै कानले सुनेका छौं । उसले आफैँलाई परमेश्वरको पुत्र भन्ने दाबी गरेर ईश्वर निन्दा गरेको छ । उसलाई मृत्युदण्ड दिनुपर्छ !
उसको आँखामा पट्टि लाइदेओ र हामी ऊ कस्तो अगमवक्ता हो भन्ने थाहा पाउनेछौं ।
पूजाहारीले ठूलो दुःखको चिन्हस्वरूप आफ्नो कपडा च्याते ।




मत्ती २६:६७-७०; लूका २२: ६४-६५




मत्ती २६:७१-७५, २७:१-२; लूका २२:५८-६२, २३:१



काँडेदार कोर्राले उसलाई ठोक ।
परमेश्वर, मैले के गरें । उहाँले भनेझैँ मैले उहाँलाई तीन पटक इन्कार गरें । किन यस्तो हुँदै छ ? उहाँले किन यसरी कष्ट भोग्दै हुनुहुन्छ ?
आइज । हामीसँग पूरै रात छैन ।
पिता, मलाई सामर्थ्य दिनुहोस् ।
तिमी यहाँ के चाहन्छौ ? तिम्रो गुरुलाई धोखा दिएको पूरा मूल्य हामीले तिरेनौं र ?
मेरो मन परिवर्तन भयो । उहाँलाई छोडिदिनुहोस् र म तपाईंहरूको पैसा फिर्ता दिनेछु ।
यो रगतको पैसा हो, अशुद्ध, हामी यसलाई छुँदैनौं । आजको दिन बित्नुअघि तिम्रो गुरुलाई मारिनेछ । तिमी डराउनुपर्ने कुनै कारण छैन । हामी तिमीलाई अरूलाई घुमाउन प्रयोग गर्न सक्छौं ।
तपाईंको पैसा लिनुहोस् । मलाई यो चाहिन्नँ । म दोष बोकेर बाँच्न सक्दिनँ ।
टङरङ्
मूर्ख मान्छे ।
म यो बोकेर बाँच्न सक्दिनँ ।




मत्ती २७:५; प्रेरित १:१८




मत्ती २७:८; मर्कूस १५:१४; लूका २३:१-४; यूहन्ना १८:२९-३८; प्रेरित १:१८







लूका २३:११; यूहन्ना १९:१-२


हो, हामी सधैँ एउटा राजालाई ठोक्न चाहन्छौँ ।
उसको ढाड फोहोर भइसक्यो !
उसले आफैँलाई राजा हुँ भन्यो । यो वैजनी वस्त्र उसलाई पहिराओ ।
राजालाई मुकुट चाहिन्छ ।
हा हा हा यसको राम्रो मुकुट हुन्छ ।
ऐया !
अब आफ्नो राजदण्ड लिनुहोस्, महाराजा । हा हा हा !
उसको टाउकोमा राम्ररी बेस्सरी कसेर मुकुट लाइदेओ ।
तपाईं संसारका राजालाई हामी मुकुट पहिर्‍याउँछौं ।
ऐया
अब खडा हो ।
हे राजा, तपाईंको राजदण्ड समाउनुहोस् ।
हा हा ! राजा चिरायु रहून् ।
ऊ भाग्यमानी छ भने सूर्यास्तसम्म ।




लूका २३:१३-२२; यूहन्ना १९:४-८




मत्ती २७:२४; यूहन्ना १९:९-१७


उठ, नत्र म तँलाई कोर्रा हान्छु ।
ड्याम्, ठ्वाङ्
उठ्नत्र म तँलाई कोर्रा लाउनेछु ।
तिमी ! यो मानिसलाई क्रूस बोक्न मद्दत गर ।
किन म ?
उसले के गऱ्यो ?
उसले सबैलाई माया गऱ्यो ।
हे येशू, हामी दुःखी छौं ।
यरूशलेमका छोरी हो, मेरो लागि नरोओ । आफैँ र आफ्ना सन्तानको लागि रोओ किनभने समय आउनेछ, जब यरूशलेम डरले लुक्नेछ र मर्नको लागि प्रार्थना गर्नेछ ।
येशूले आफ्नो क्रूस मर्ने ठाउँसम्म बोक्नुभयो । त्यो दिन दुईटा डाकु र हत्याराले पनि आफ्नो क्रूस बोकिरहेका थिए ।
येशूलाई प्रेम र सम्मान गर्नेहरू अझै धेरै थिए, तर तिनीहरू बोल्न धेरै डराएका थिए ।


यो पी, यसले तेरो कष्ट घटाउनेछ ।
नाइँ, मैले मेरा पिताको इच्छा पूरा गर्नुपर्छ ।
उसले अझै पनि आफूलाई परमेश्‍वरको पुत्र ठान्छ ।
उसलाई तन्काऊ ।
घन र काँटीहरू ल्याऊ ।
उसलाई बेस्सरी समाओ । उनीहरूले पागलझैँ व्यवहार गर्नेछन् । काँटीले हाड छेडेर काठ नभेटुन्जेल बेस्सरी समाइराख्नुपर्छ ।
नाइँ ! मेरो छोरो !
ड्वाङ् ! ठ्याक
तिमीले किन ऊ परमेश्‍वरको पुत्र हो भन्ने ठान्छौ ?
पुराना अगमवक्ताहरूको केही कुरा । कसलाई थाहा छ र ?


खुट्टा राम्ररी समाऊ । धेरै ठाउँमा खोपेर मात्रै हाड र काठमा ठोकिन्छ ।
हे मरियम, म यो सहन सक्दिनँ ।
यस्तो हुन्छ भन्ने मैले कहिल्यै सोचेको थिइनँ ।
तान, तिमी काम नलाग्नेहरू ।
म सानो सहयोग गर्न सक्छु, तिमी अल्छी ।
पिता, तिनीहरूलाई क्षमा गर्नुहोस् किनभने तिनीहरूले के गर्दै छन्, सो जान्दैनन् ।
यूहन्ना, तिमीलाई यहाँ देखेर खुसी लाग्यो । यो निकै कष्टपूर्ण छ ।
हामी सबैले उहाँलाई त्याग्यौं ।

लूका २३:३२-३४




भजनसंग्रह २२:१८; मत्ती २७:३९-४३; यूहन्ना १९:२३-२४




लूका २३:३६-४३; यूहन्ना १९:२५-२७




मत्ती २७:४५-५०; लूका २३:४४-४६; यूहन्ना १९:३०; २ कोरिन्थी ५:२१


र अकस्मात् त्यहाँ ठूलो भैँचालो गयो ।
के भयो ? पहिले आकाश रातजस्तै अँध्यारो भयो र अब जमिन हल्लिँदै छ ।
उसले अहिले कुनै आश्चर्यकर्म गरेको छैन । अब ऊ मरिसक्यो ।
उहाँ येशू हुनुहुन्छ, यहूदीहरूका राजा । उहाँ आश्चर्यकर्महरू गर्ने व्यक्ति हुनुहुन्छ
फेरि उज्यालो हुँदैछ । यो अनौठो दिन हो ।
हो, यो मानिस मर्नेबित्तिकै यो सबै भयो ।
साँच्चै उहाँ परमेश्वरका पुत्र हुनुहुन्छ ।
हामीलाई उसको खुट्टा भाँच्ने आदेश भएको छ । तिनीहरू ऊ मरेको र बेलुका हुञ्जेल क्रूसबाट लास झारेको चाहन्छन् । भोलि तिनीहरूको पवित्र दिन हो ।
भाँच्नुपर्दैन । ऊ मरिसक्यो । ऊ मर्नुअघि उसले के भन्यो भन्ने तिमीलाई याद छ ? हामीले उसलाई मारेकोमा हामीलाई क्षमा दिन उसको पितालाई बिन्ती गरेको थियो । उनीहरूले मलाई भने कि ऊ आश्चर्यकर्म गर्ने पवित्र मानिस हो ।
उहाँ क्रूसमा मर्नुहुने र उहाँको एउटै पनि हाड नभाँचिने भविष्यवाणी पनि गरिएको थियो । यो पूरा भयो ।
कर्‍याक


तिनीहरूले उहाँको खुट्टा त भाँचेनन् ।
मरीयम, म उहाँलाई गाड्न तयार पार्ने कोही पाइन्छ कि खोज्छु ।
सूर्यास्त भएपछि शबाथ सुरु हुन्छ र ढिलो हुँदै थियो । लाशलाई चिहानमा राख्न तिनीहरूले हतार गर्नुपर्थ्यो ।
धनी मानिस योसेफ, जो बाह्र चेलामध्येका थिएनन्, उनले आफ्नो चिहानमा येशूको लाश गाड्न दिए ।
INRI
चाँडै शबाथ हुँदै छ । हामी उनलाई मेरो आफ्नै नयाँ चिहानमा राख्नेछौं ।
योसेफ, यो तपाईंको भलाइ हो । तपाईं असल मित्र हुनुभएको छ ।

यूहन्ना १९:३१, ३८



# अध्याय ११:
# पुनरुत्थान, पेन्तिकोस र सुरुको मण्डली




मत्ती २७:५९-६६; यूहन्ना १९:४०


तपाईंको मृत मसीह भाग्ने बारेमा तपाईंलाई चिन्ता लाग्दैन । हामी कुन पनि मानिसको लाशलाई छोड्दैनौं, होइन र ?
हा हा हा !
येशूलाई गाडेको ३ दिनपछि
हामीले लाश रुँगेको जीवनमै पहिलो पटक हो ।
चाँडै उज्यालो हुनेछ, हामीलाई देखाइनेछ ।
चाँडै उज्यालो हुनेछ । छिटो गरौं । अब त ३ दिनभन्दा बढी भइसक्यो ।
हामीले यो चाँडै गरेको भए हुनेथियो ।
फेरि भूइँचालो गयो !
ए !


यो निकै ठूलो छ ।
ती मानिसहरूको रुवाइ सुन ! कसैलाई चोट लाग्यो होला ।
अरे !
के... ?
यो परमेश्वर हो ।
उसले ढुङ्गा हटाउँदै छ ।
उहाँले हामीलाई मार्नुहुनेछ ।
परमेश्वरकी आमा, कृपा गर ।
मलाई नछोड्नुहोस् । परमेश्वर, कृपा गर्नुहोस् ।
यो हुनै सक्दैन ।
ज्यान जोगाउन भाग !


त्यो ढुङ्गा ठूलो छ । त्यसलाई हटाउने मान्छे कसरी भेट्ने ?
मलाई थाहा छैन, तर ३ दिन र ३ रात भइसक्यो । मसलाबिना लाश गन्हाउँछ ।
तिनीहरूलाई सैनिकहरूले चिहानको पहरा दिएको कुरा थाहा थिएन ।
कसैले पहिले नै ढुङ्गा हटाइसकेछ ।
केही समयपछि
उहाँको शरीर छैन । चिहान खाली छ ।
ओहो ! तपाईं को ? येशूको लाश खै ?
कात्रो मात्रै छ !
आश्चर्य नमान । तिमीहरू क्रूसमा टाँगिनुभएका येशूलाई खोज्दै छौ उहाँ यहाँ हुनुहुन्न । उहाँले भन्नुभएझैँ जीवित भई उठ्नुभएको छ ।
आऊ उहाँलाई राखिएको ठाउँ हेर र येशूका चेलाहरूलाई गएर भनिदेओ कि उहाँले तिनीहरूलाई गालीलमा भेट्नुहुनेछ ।
येशू जीवित हुनुहुन्छ ! लाजरसजस्तै उहाँ मृतकबाट जीवित हुनुहुन्छ भनी तपाईंले भन्नुभयो ।
छिटो गर । हामीले गएर चेलाहरूलाईख बर गर्नुपर्छ ।
येशू जीवित हुनुहुन्छ ।
छिटो गर । हामीले गएर चेलाहरूलाई खबर गर्नुपर्छ ।

मर्कूस ३:८



येशू जीवित हुनुहुन्छ ! हामी चिहानबाटै भर्खरै आउँदै छौं ।
येशू त्यहाँ हुनुहुन्न, तर त्यहाँ स्वर्गदूतहरू छन् ।
येशूले आफू तेस्रो दिनमा बौरिउठ्ने कुरा गर्नुभएको हामीलाई सम्झना छ ।
येशूले तिमीहरूलाई गालीलमा भेट्नुहुन्छ भनी स्वर्गदूतले भनेका थिए ।
पत्रुस, हामी कहाँ जाँदै छौं ?
चिहानमा
यूहन्नाले पछ्याए र पत्रुस धेरै दौडे ।
यूहन्ना ! पर्ख, म तिमीजस्तो दौडन सक्दिनँ ।
यो खाली छ !
यसको अर्थ के हो ?


यूहन्ना, उहाँ भर्खरै उठेर हिंडेजस्तै कात्रो पट्याइएको छ ।
नाइँ, यो हुनैसक्दैन ।
तर स्वर्गदूतहरू खैत ? स्त्रीहरूले सबै कुरा देखेकै हुनुपर्छ ।
सेतो कपडा लाएका मानिसलाई देख्यौ त ?
त्यहाँ कोही पनि थिएन, स्वर्गदूत वा केही पनि थिएन । उहाँको लाश पनि छैन ।
ग्वाँ, ग्वाँ ।
हे स्त्री, किन रोएको ?
किनभने तिनीहरूले मेरा प्रभुलाई लगेछन् र तिनीहरूले कहाँ राखेका छन् भन्ने मलाई थाहा छैन ।
मरियम
गुरुज्यू
मरीयम, मलाई अहिले नछोऊ । म अहिलेसम्म मेरा पिताकहाँ गएको छैन । तर गएर तिमीले देखेका सबै कुरा मेरा चेलाहरूलाई भन । म तिनीहरूलाई गालीलमा भेट्नेछु पनि भन ।
मेरा प्रभु, तपाईं जीवित हुनुहुन्छ ।

यूहन्ना २०:७-१७


येशू मृतकबाट बौरिउठ्नुभएको खबर चेलाहरूले विश्वास गरेनन् ।
पत्रुस र यूहन्नाले चिहानमा केही पनि भेटेनन् । त्यसकारण मेरो विचारमा कसैले लाश चोऱ्यो होला । ती पागल स्त्रीहरूले आफ्नो कुरा बन्द गर्नुपर्छ । यसले सबैलाई दुःखी बनाउँछ ।
हामी इम्माउस जाँदै छौं । हाम्रो लागि यहाँ बाँकी केही पनि छैन ।
यो तेस्रो दिन हो ।
हो, तर उहाँ मृत्युबाट बौरिउठ्ने हो भने उहाँ किन तिनीहरूको हातमा मर्न तयार हुनुभयो ?
हो, उहाँ राजा हुन चाहने हो भने उहाँले यी सबै काम गोप्यमा गर्नुहुने थिएन, होइन र ?
म पनि तपाईंहरूसँगै जान सक्छु ?
ओ हो ! तपाईंले मलाई डराउनुभयो । तपाई कहाँबाट आउनुभयो ?
हुन्छ, आज हिंड्न रमाइलो छ ।
तपाईंको अनुहारजस्तै तपाईंको कुराकानी भएको मैले सुनें । तपाईंहरू दुःखी देखिनुहुन्छ ।
नासरतका येशूको बारेमा गत ३ दिनभरिमा के भयो भनेर तपाईंले सुन्नुभएको छैन र ?
हामीले उहाँ मसीह हुनुहुन्छ भनेर आशा राखेका थियौं, तर उहाँलाई क्रूसमा चढाइयो ।
आज बिहान केही स्त्रीहरू चिहानमा गएर उहाँको लाश हराएको थाहा पाए ! उनीहरूले स्वर्गदूत देखेको र तिनीहरूले येशू जीवित भएको दाबी गर्छन् ।
त्यसकारण दुईजना चेलाहरू दौडेर चिहानतिर गए, तर तिनीहरूले येशू वा स्वर्गदूतलाई देखेनन्, येशूको लाश हराएको थियो ।
मसीहको बारेमा भविष्यवक्ताहरूले लेखेको कुरो विश्वास गर्न तिमीहरू ढिलो गर्छौ । येशूले आफ्नो महिमित राज्य ल्याउनुअघि उहाँले यसरी कष्ट भोग्नुपर्छ भनेर धर्मशास्त्रले भविष्यवाणी गर्दैन र ?

लूका २४:१३-२६






यशैया ७:१४, १६, ९:६, ११:१, ४००:११, ४२:७, ४९:७, ५३:१, ३; ५९:२०; मीका ५:२, यर्मिया २३:५-६; भजनसंग्रह ११:४, २२:१५, ४१:९, ४२:४, ६, ४५:२३, ४९:६, ५२:१३, ५३:९, १०, ६६, ८९; जकरिया ११:१२-१३, १२:१०, १३:६-७, ५०:६, ५२:१४, ५३:५, ७, ९, १२; यूहन्ना १०:१८


यो मेरो घर हो। आज ढिलो भयो, भित्रै जाऔं। आज राती हामीसँगै बसौं। म येशूको बारेमा गरिएका भविष्यवाणीहरू बारे अझै सुन्न चाहन्छु।
हाम्रो रोटीलाई प्रार्थना गरेर आशिष् मागिदिनुहुन्थ्यो कि ?
हे हाम्रा परमप्रभु परमेश्वर, सारा संसारका राजा तपाईं धन्य हुनुहुन्छ, जसले पृथ्वीबाट अन्न उब्जाउनुहुन्छ। यो रोटीको लागि हामी तपाईंलाई धन्यवाद दिन्छौं।
लेऊ र खाऊ।
तपाईं येशू हुनुहुन्छ।
गुरुज्यू !
उहाँ अलप हुनुभयो।
उहाँ गइसक्नुभएछ !
यो सबै समयमा येशू हुनुहुन्थ्यो।
उहाँलाई सबै भविष्यवाणीहरू थाहा छ।
येशू जीवित हुनुहुन्छ। मृत्युले उहाँलाई रोक्न सकेन। उहाँ जीवित हुनुहुन्छ। यरूशलेम फर्केर सबै चेलाहरूलाई यो खबर दिऊँ।




यूहन्ना २०:२६-३१; लूका २४:३६-४३




मत्ती २८:१८-२०; लूका २४:४४-४९; यूहन्ना १४:२-४




लूका २४:४९-५१; प्रेरित १:७-११





प्रेरित १:१२-१४, २:१-१३, ३२, ३६




प्रेरित २:१७, ३७-४१


हजुर, यो गरीब लङ्गडालाई केही रुपैयाँ दिनुहोस् ?
पत्रुस, मसँग त पैसै छैन । तिमीसँग एक-दुई रुपैयाँ छ भने देऊ ?
छैन, तर पवित्र आत्मा हामीमा आउनुभएपछि हामीसँग उसलाई दिन केही छ ।
मसँग सुन वा चाँदी छैन, तर मसँग जे छ, म दिन्छु । येशू ख्रीष्टको नाउँमा उठेर हिँड् ।
त्यस्तो कठोर नबन । त्यो मानिस जन्मैदेखि लङ्गडो छ । उसका खुट्टाहरू काम नलाग्ने खालका छन् ।
येशू ख्रीष्टले तँलाई पूर्ण बनाउनुभयो ।
ओहो !
सर्वशक्तिमान् परमेश्वर ।
उसको खुट्टा बढ्दै छ ।
मलाई यो विश्वास लाग्दैन । लङ्गडो मानिस हिँड्दै छ !
होइन, ऊ उफ्रँदै छ ।
परमेश्वरलाई महिमा ! धन्यवाद येशू !

प्रेरित ३:१-११


त्यो नै लङ्गडो मानिस हो । उसका खुट्टाहरू काम नलाग्ने गरी सुकेका थिए ।
उनीहरू भन्छन् कि ऊ क्रूसमा चढाइएको येशूको नाउँमा निको पारियो ।
तिमीहरू किन हामीलाई यो आश्चर्यकर्म हामीले गरेझैं गरी हेर्छौ ? तिमीहरूले क्रूसमा चढाएका येशू ख्रीष्टद्वारा अब्राहाम, इसहाक र याकूबका परमेश्वर महिमित हुनुभयो । उहाँ येशू हुनुहुन्छ ।
तिमीहरूले जीवनको प्रभुलाई मार्‍यौ, तर परमेश्वरले उहाँलाई मृत्युबाट ब्यूँताउनुभयो र हामीले उहाँलाई जीवित देख्यौं । विश्वासमा येशू ख्रीष्टको नाउँमा यो मानिस निको भयो ।
तिमीहरूले नजानेर येशूलाई क्रूसमा चढायौ, तर भविष्यवक्ताहरूले यो बारेमा भविष्यवाणी गरेका थिए र यस्तो हुन्छ भनी चेतावनी दिएका थिए ।
तिमीहरू सबले मलाई चिन्छौ । परमेश्वरले मात्रै मलाई मेरो खुट्टा फिर्ता दिन सक्नुहुन्थ्यो । येशूलाई विश्वास गर र पछ्याओ ।
तिमीहरूको मन येशूतिर फर्काओ र उहाँलाई पछ्याओ अनि तिमीहरूका पाप पखालिनेछन् ।
येशूलाई क्रूसमा चढाउने पूजाहारीहरूले नै पत्रुस यूहन्नालाई पक्रन सिपाहीहरू पठाए र तिनीहरूले पत्रुस र यूहन्नालाई पक्रे ।
हाम्रो धर्मको विरुद्धमा मानिसहरूलाई भड्काउनु गैह्रकानुनी हो ।
उनीहरूले कुनै गल्ती गरेका छैनन् ।


अब तिनीहरूले लङ्गडालाई हिँडेकोमा समाउँदै छन् ।
यो येशूले यहाँ हुँदा गरेको जस्तै आश्चर्यकर्म हो ।
मैले येशू मरेपछि फेरि जीवित भएको देख्ने एउटै मानिस पनि भेटेको छैन । तिनीहरू उहाँ एक पटक ५०० जनाकहाँ देखा पर्नुभयो भन्दै छन् ।
म अरू चेलाहरूलाई भेटेर अझै सिक्नेछु ।


हामीले उनीहरूका अगुवालाई क्रूसमा चढाएपछि हामीले त्यो विरोधीबाट छुटकारा पाएको ठानेका थियौं ।
ऊ मरेको छैन भन्ने दाबी तिनीहरू गर्छन् ।
त्यसो हो भने हामी उसलाई फेरि र उसको पछि लाग्ने सबैलाई मारौं ।
चाँडै ती दुईले उसलाई साथ दिनेछन् ।
तिनीहरू भन्दछन् कि ऊ पितासँग स्वर्गमा छ ।


यो मानिस जन्मैदेखि लङ्गडो थियो भन्ने हामीलाई थाहा छ । तिमीले उसलाई कसरी निको पाऱ्यौ ? यो तिमीहरूले कसको नाउँमा गऱ्यौ ?
नासरतका येशू ख्रीष्टको नाउँमा, जसलाई तपाईंहरूले क्रूसमा चढाउनुभयो, जसलाई परमेश्वरले मृतकबाट ब्यूँताउनुभयो, यो मानिस निको भयो । धर्मशास्त्रले भनेको कुरा सम्झनुहोस्, "जुन ढुङ्गालाई भवन निर्माण गर्नेहरूले रद्द गरे, त्यही नै कुनाको शिर ढुङ्गो बन्यो ।"
पृथ्वीमुनि अरू कसैको नाउँ दिउको छैन, जुन नाउँमा मानिसहरूले मुक्ति पाउनु आवश्यक छ ।


यी मानिसहरू अज्ञानी छन् । तिनीहरूलाई कहिल्यै सिकाइएन तर पनि स्वतन्त्र भएर भविष्यवक्ताको कुरा गर्छन् ।
आश्चर्यकर्मलाई अस्वीकार गरेर कुनै काम छैन । सबैलाई ऊ निको भएको थाहा छ र यो येशूका चेलाहरूले उसैको नाममा गरेका हुन् भन्ने पनि थाहा छ । अब हामीलाई समस्या भयो ।
मैले तिनीहरूलाई चिनें । साँच्चै तिनीहरू येशूसँगै थिए ।


तिनीहरूलाई यहाँबाट मुन्ट्याइदेओ ।
तिमीहरूले यो मरेको येशूको नाउँमा बोल्ने र निको पार्नेकाम गरिरहयौ भने तिमीहरूले पनि उसले झैं सजायँ भोग्नेछौ । तिमीहरूले बुझ्यौ ? अब यहाँबाट गइहाल र अब मैले फेरि यो बेअर्थको पुनरुत्थानको बारेमा सुन्नुनपरोस् ।
तपाईंले परमेश्वरभन्दा तपाईंको आज्ञा पालन गर्ने न्याय सुनाउनुभयो, तर हामीले देखेका र सुनेका कुरा हामीले बोल्नैपर्छ ।




प्रेरित १३:३०-३२, ४:१०



तपाईं इस्राएलका मानिसहरू,
तपाईंहरूलाई परमेश्वरले हाम्रा पूर्खालाई
तिनीहरूका सन्तान प्रवास लगिनेछन् भन्नुभएको
थाहा छ र त्यहाँ तिनीहरू ४०० वर्षसम्म रहनेछन् ।
त्यसपछि परमेश्वरले भन्नुभयो कि उहाँले त्यो
देशलाई दण्ड दिनुहुनेछ र उहाँका
मानिसहरूलाई अब्राहामलाई दिएको
भूमिमा ल्याउनुहुनेछ ।
तर सोलोमोनले परमेश्वरको लागि
भवन बनाए । तर पनि सर्वोच्च परमेश्वर मानिसले
बनाएको मन्दिरमा बस्नुहुन्न, भविष्यवक्ताहरूले भनेझैं,
“स्वर्ग मेरो सिंहासन र पृथ्वी मेरो पाउदान हो ।
तिमीहरूले मेरा लागि कस्तो घर नबनाउने ? परमप्रभु
भन्नुहुन्छ: मैले आराम गर्ने ठाउँ कुन हो ? सबै
कुरा मेरै हातले बनाएको होइन र ?”
स्तीफनस्,
आफैँलाई मूर्ख
नबनाऊ ।
तिमीले हाम्रो
मन्दिरको विरुद्धमा
बोल्यौ !
तिमीहरू ढिट र विद्रोही छौ ।
तिमीहरूको हृदय परमेश्वरतिर ठीक छैन ।
तिमीहरूका पूर्खाहरूले गरेझैं तिमीहरूले पनि पवित्र
आत्मालाई विरोध गर्छौ । तिमी र तिम्रा पुर्खाहरूले
येशू ख्रीष्टको आगमनको बारेमा भविष्यवाणी गर्ने
अगमवक्ताहरूलाई मार्‍यौ, तिमीहरूले उनीहरूलाई
धोखा दियौ र मार्‍यौ पनि ।
स्तीफनस, तिमी आफैं पनि
आफूलाई यहूदी भन्छौ ?
तिमीले हाम्रो व्यवस्था र परम्परा
तोडेर अर्को के स्थापित गर्न खोजेको ?
एउटा मरेको मानिसलाई रोमीहरूले
क्रूसमा चढाएपछि कसैले देखेको छैन ?
हेर, मैले स्वर्ग उघ्रिएको र
मानिसका पुत्रलाई परमेश्वरको दाहिने
हाततिर उभिरहेको देखें । ओहो !
कस्तो महिमा !
आफ्नो हातले कान
थुन । यस्तो
ईश्वरनिन्दा नसुन !
ऊ मारिनुपर्छ ।
उसलाई सहर
बाहिर लगेर
ढुङ्गाले हानेर
मार ।


ईश्वरनिन्दक ।
हामीले ख्रीष्टलाई क्रूसमा चढायौं । तिमीलाई ढुङ्गाले हान्नेछौं ।
उसले हाम्रो धर्म मास्न खोज्दै छ ।
तिमीहरूले मलाई ढुङ्गाले हाने पनि येशू नै प्रभु हुनुहुन्छ ।
उसले हाम्रो धर्मको निन्दा गऱ्यो । ऊ मारिनुपर्छ । शावल हामीलाई अधिकारीहरूको मद्दत छ, हैन ?
म यो दण्डको लागि हस्ताक्षर गर्नेछु । ऊ मरेको नासरतको येशूको एउटा पछुवा हो । यो निन्दा रोकिनुपर्छ । ढुङ्गा हान ।
शाऊल, मेरो कोट हेर ।
प्रभु येशू, मेरो आत्मा लिनुहोस् र मलाई मारेको दोष तिनीहरूलाई नलागोस् ।

प्रेरित ७:५८-५९


टुङ्!
ईश्वरको निन्दा गर्नेलाई मार !
येशूका मानिसहरूलाई सिध्यायो !
यो सुरु मात्रै हो ।
त्यो समयमा यरूशलेमको मण्डलीमा ठूलो सतावट आयो र प्रेरितहरूबाहेक सबैले सहर छोडे ।
शाऊल नामका फरिसी मण्डलीको विरुद्ध लडे, हरेक घरमा पसे र मानिसहरूलाई झ्यालखानमा हाले ।
ख्रीष्टलाई पछ्याउनेहरू बाँकी छन् र ?
मेरा बुबालाई नपिट्नुहोस् !
त्यो स्त्रीलाई पनि पक्र ।


फिलिप नामका खीष्टियानले प्रार्थना गरिरहँदा एउटा स्वर्गदूत उनीसँग बोले ।
फिलिप, उठेर यरूशलेमबाट गाजा जाने मूल बाटोमा दक्षिणतिर जा ।
म त्यहाँ गएको किन उहाँले चाहनुहुन्छ भन्ने मलाई थाहा छैन, तर परमेश्वरले भन्नुहुन्छ भने म जान्छु ।
यही ठाउँ होला । प्रभु, अब के ?
प्रभु, तपाईंले के चाहनुहुन्छ ?
यात्रीहरू ! प्रभु, तपाईंले मलाई यसैको लागि यहाँ ल्याउनुभएको हो र ? यहाँ भएका कसैलाई तपाईंले आफ्नो बनाउन छान्नुभएको छ र ?
गएर यी यात्रीहरूसँग हिंड् ।











प्रेरित ८:२७, ३०-३४




यशैया ५३:३-१०; प्रेरित ८:३५; रोमी २:१६







भजनसंग्रह २२:१६ ले हामीलाई उहाँका हात छेडिनेछ भन्छ, उहाँको हातमा काँटी ठोकियो । भजनसंग्रह २२ को १४ पदले उहाँ तिर्खाउनुहुनेछ र मृत्युमा उहाँका हाडका जोर्नीहरू फुस्केका छन्, तर भजनसंग्रह ३८:२० ले भन्छ कि उहाँलाई क्रूसमा चढाउँदा उहाँका कुनै हाडहरू भाँचिएका हुँदैनन् । तपाईलाई थाहा छ हाड भाँच्ने त परम्परा नै हो, क्रूसमा चढाइएकाहरूको, तर येशू तिनीहरूले ही भाँच्नुपहिले नै मर्नुभयो ।

भजनसंग्रह २२:१७ ले भन्छ कि तिनीहरूले उहाँको नङ्नता हेरे र पद १८ ले तिनीहरूले उहाँको वस्त्र कसरी भाग लगाए भनी बताउँछ ।

जकरीया १२:१० ले पनि उहाँका हत्केलाहरू छेडिने र पछि त्यसका डोबहरू यहूदीहरूले देख्नेछन् भनेर लेखिएको छ ।

यशैया ५०:६ ले भन्छ कि उहाँको ढाडमा पिटिनेछ र गालामा थप्पड लगाइनेछ । भजनसंग्रह १६:१० ले भन्छ कि उहाँलाई गाडिए पनि उहाँको शरीर लामो समयसम्म कुहुनलाई त्यहाँ रहनेछैन ।

भविष्यवाणीहरूले भन्छन् कि उहाँलाई आफ्नै मित्रले धोखा दिनेछ र त्यसपछि धोखा दिनेले आफैँलाई झुण्ड्याएर मार्नेछ र उसको लाश भूइँमा झरेर मासु छरपष्ट हुनेछ, त्यो ठाउँ विदेशीहरूको लाश गाड्न प्रयोग गरिनेछ ।

भविष्यवक्ताहरूले लेखेका यी र अरू थुप्रै कुराहरू पूरा भए । नासरतका येशू ख्रीष्ट नै मसीह र सारा संसारका मुक्तिदाता हुनुहुन्छ भन्ने कुरामा कुनै प्रश्न छैन ।

भजनसंग्रह २२:६, १७-१८, १६:१०, ३४:२०; यशैया ५०:६, जकरिया १२:१०


म येशूलाई मसीहको रूपमा विश्वास गर्छु । उहाँ हाम्रा पापहरू उठाइलैजान प्रतिज्ञा गरिएका थुमा हुनुहुन्छ । हामीले अझै बलिदान चढाउनुपर्दैन । येशू परमेश्वरकहाँ पुग्ने ढोका हुनुहुन्छ । म येशूको चेला बन्नेछु ।
तपाईंले येशूलाई पूरा हृदयले विश्वास गर्नुहुन्छ भने म बप्तिस्मा दिन्छु ।
यहाँ पानी छ ! मलाई बप्तिस्मा लिन केले रोक्छ ?
ओहो ! तर म गर्छु ! म विश्वास गर्छु ।
म तपाईंलाई हाम्रा मुक्तिदाता प्रभु येशू ख्रीष्टको नाउँमा बप्तिस्मा दिन्छु ।
परमेश्वरको प्रशंसा होस् !
ती मानिस कता गए ?
उहाँ हराउनुभयो ।
परमेश्वरलाई अर्कै ठाउँमा उहाँको खाँचो पर्‍यो होला । हामी फर्केर इथियोपिया गई रानीलाई हामीले मसीहको बारेमा सिकेको कुरा बताऔं ।
इथियोपियामा मण्डली स्थापित भयो र आधुनिक समयमा मुस्लिमहरूले ख्रीष्टियानहरूलाई नमारुञ्जेल निरन्तर भइरह्यो ।

प्रेरित ८:३६-३९



# अध्याय १२:
# सारा संसारलाई




मत्ती १६:२४; मर्कूस ६:२४; प्रेरित ९:१-२



यहाँ अर्को पनि तिम्रो ख्रीष्टको प्रेमी छ ।
हामीले ख्रीष्टियान हुँदा नै यो हुन्छ भन्ने हामीलाई थाहा थियो ।
उनी शावल नाम गरेका फरिसी हुन् । उनले घृणा र गाली ओकल्छन् ।
हो, हामीले उनको लागि प्रार्थना गर्नुपर्छ । प्रार्थना गरौं कि परमेश्वरले उनको हृदय नरम पारून् र उनले सत्य देखून् ।
शावल घृणा गरिनुपर्ने मूर्ख हो ।
सम्झ, हामीहरूमध्ये कोहीकोही सुरुमा शङ्कालु थियौं ।
शावल, तपाईंले यरूशलेमलाई येशूका पछुवा किराहरूबाट सफा गरिसक्नुभयो भन्ने मलाई लाग्छ ।
होइन, हामीले जति बढी माछौं र जेलमा हाल्छौं, तिनीहरू त्यति नै बढी हुन्छन् । तिनीहरू अरू सहरमा पनि छरिएका छन् । दमस्कसको सभाघर नै तिनीहरूले भरिएको छ ।
म तपाईंलाई तिनीहरूलाई पक्रने अधिकार दिन्छु र तपाईं दमस्कस जान सक्नुहुन्छ ।
म तुरुन्तै जान्छु ।
शावलले अरू विश्वासबाट आफ्नो धर्म र जातिलाई जोगाउनु आफ्नो कर्तव्य सम्झे । तर उनले कहिल्यै नजानेको शान्ति ख्रीष्टियानहरूसँग हुनुले उनलाई सतायो ।
अकस्मात् शावलको अघि सूर्यभन्दा चम्किलो ज्योति आयो ।
**शावल, शावल, तिमी मलाई किन सताउँछौ ?**
शावलको घोडा यति डराएको थियो कि त्यसले उनलाई सडकमा फालेर दौड्यो ।
तपाईं को हो, प्रभु, मैले तपाईंलाई कसरी सताएँ ?
**म येशू हुँ, तिमीले मेरा चेलाहरूलाई दण्ड दिन्छौ, त्यो मलाई सताएको हो ।**
प्रभु, म के गरूँ त ?
**उठ । सहरमा जाऊ र तिमीले गर्नुपर्ने कुरा तिमीलाई भनिनेछ ।**


तिमीले आवाज सुन्यौ ?
सुनें, तर त्यसले के भनेको भन बुझ्निनँ ।
मैले पनि बुझ्निनँ । यो त गर्जनजस्तै सुनिन्थ्यो ।
यो परमेश्वरको आवाज थियो !
मैले देख्न सकिनँ ! मलाई मद्दत गर । मैले देखिनँ । मलाई सहरतिर डोऱ्याऊ ।
मेरो नाम हननिया हो । येशूले मलाई दर्शनमा तपाईंकहाँ आउन भन्नुभएको छ । उहाँले तपाईंको दृष्टि फेरि ल्याइदिनुहुनेछ ।
म साँच्चै अन्धो हुँ ।
येशू ख्रीष्टको नाउँमा दृष्टि पाउनुहोस् ।
म देख्न सक्छु ! येशूले यो गर्नुभयो भन्नुभयो । मलाई येशूको बारेमा अझै धेरै भन्नुहोस् ।
त्यसकारण हननियाले धर्मशास्त्र खोलेर येशूको बारेमा भएका भविष्यवाणीहरू देखाए ।
हो, म त्यस्तो मूर्ख थिएँ । धर्मशास्त्रमा सदा यो कुरा थियो । म धार्मिक जोशले अन्धो बनेको थिएँ । म बप्तिस्मा लिएर येशूलाई पछ्याउन चाहन्छु ।
परमेश्वरले शावलको नामलाई पावल बनाउनुभयो ।





प्रेरित ९:२०-२२, १०:१-२७, ३८:४१













प्रेरित ९:२०-२२, १०:१-२७, ३८-४१


यहूदी जातिले खीष्टलाई इन्कार गरिहरन्छ भनेर पावललाई प्रष्ट भएपछि आफ्नो प्रयास अयहूदी अन्यजातिहरूतिर लगाए ।
परमेश्वर र उहाँका पुत्र येशूको प्रशंसा होस् । मुक्ति अन्यजातिहरूमा आएको छ ।
पावल, मलाई बप्तिस्मा दिनुहोस् ।
येशूको बारेमा भएका भविष्यवाणीहरू अझै धेरै हामीलाई भन्नुहोस् ।
धेरै यहूदी र अन्यजातिहरूले सुसमाचारमा विश्वास गरेर अनुग्रहमा बढ्दैगए ।
यहूदीहरू रिसाएर पावल र वर्णवासलाई सहरबाट बाहिर निकालिदिए, तिनीहरूले मार्ने धम्की दिएर फर्के । त्यसकारण पावल र वर्णवास एसियामा गएर आफूले भेटेका हरेकलाई सुसमाचार सुनाए ।
म लडे पनि दौडिरहनू । नरोकिनू ।
लिस्त्रामा यहूदीहरूले पावललाई मार्नलाई ढुङ्गाले हानेर सहर बाहिर फालिदिए ।
परमेश्वर, तिनीहरूलाई क्षमा दिनुहोस् । तिनीहरूले पावललाई मारे ।




प्रेरित १४:१९-२०, १६:२३-२५; २ कोरिन्थी ११:२४-२५




१ कोरिन्थी १०:१४, १२:१२-१३, १८; २ कोरिन्थी ११:२५; गलाती २:६; एफिसी २:१९



येशूले मत्ती २४:९-११ मा चेलाहरूलाई चेतावनी दिनुभएको थियो, “तब तिनीहरूले तिमीहरूलाई सङ्कष्टको लागि सुम्पिदिनेछन् र तिमीहरूलाई मार्नेछन् र मेरो नाउँको खातिर सबै जातिहरूले तिमीहरूलाई घृणा गर्नेछन् । तब धेरैजना भड्केर जानेछन् र ठेस खानेछन् र एउटाले अर्कालाई विश्वासघात गरेर सुम्पिदिनेछ र घृणा गर्नेछ । धेरै झूटा अगमवक्ताहरू खडा भएर धेरैलाई बहकाउनेछन् ।”
येशू ख्रीष्टलाई देख्नेहरू बुढा भए र मण्डली पूरै रोमी साम्राज्यभरि फैलियो र रोमीहरूले ख्रीष्टियानहरूलाई खोजेर मार्न थाले । विश्वासीहरूले ख्रीष्टलाई इन्कार नगरे तिनीहरूले विश्वासीहरूलाई रङ्गशालामा राखेर सिंहहरूले टुक्राटुक्रा पारेको हेरेर मज्जा लिन्थे ।
प्रभु येशू, मेरो आत्मा लिनुहोस् ।
पिता, तिनीहरूले हामीलाई गरेका सबै कुराको लागि तिनीहरूलाई दण्ड नदिनुहोस् ।
झ्वार्र !
ओहो !
कहिलेकाहीँ ख्रीष्टियानहरूलाई रोमी सैनिकहरूले झुण्ड्याएर मार्थे । विश्वासीहरूले आफ्नो विश्वास अस्वीकार नगरेकोमा मानिसहरू छक्क पर्थे । तिनीहरू येशूको लागि मर्न तयार थिए ।
जेशन, म तिमीलाई स्वर्गलोकमा भेट्नेछु ।
नाइँ !




मत्ती २४:२; लूका १९:४३:४४




मत्ती १४:१०; यूहन्ना २१:१८


येशूको पुनरुत्थानको ५० वर्षपछि यूहन्ना प्रेरित मात्रै बाँकी थिए । उनलाई चट्टानी टापु पत्मोसमा बन्दी बनाइएको थियो । आत्माले यूहन्नालाई स्वर्ग लानुभयो, जहाँ परमेश्वरले उनलाई भविष्य देखाउनुभयो ।
यूहन्ना, म तिमीलाई भविष्यमा हुने कुरा देखाउनेछु । तिमीले देखेका कुरा लेख र किताब बनाएर एसियामा भएका सातवटा मण्डलीहरूलाई पठाऊ ।
यो युगको अन्त्यमा येशू फर्केर आउनुहुनेछ र उहाँका मानिसहरूलाई चिहानबाट उठाउनुहुनेछ । तिनीहरू आकाशमा येशूलाई भेट्न ब्यूँतनेछन् र उहाँसँग अनन्तसम्म रहनेछन् ।
दिनको अन्त्यमा परमेश्वरले पृथ्वीमा डरलाग्दा विपत्तिहरू पठाउनुहुनेछ । आगो बर्षनेछ पृथ्वीमा भएका सबै मानिसहरूलाई महामारीले नष्ट पार्नेछ ।
आफैँलाई मसीह भन्ने मानिस पनि आउनेछ र उसले धेरै मानिसहरूलाई धोखा दिनेछ । उसले मानिसहरूबाट आदर लिनेछ र उसको सरकारले मानिसका निधार र दाहिने हातको बाहिरपट्टि चिन्ह प्रयोग गरेर ।
जसले चिन्ह लिन अस्वीकार गर्नेछ, ऊ निर्दयी किसिमले मारिनेछ । यो पृथ्वीमा छोडिएकाहरूको लागि ठूलो कष्टको समय हो ।




१ थेसलोनिकी ४:१६, प्रकाश १:१६, १९:११-२१, २०:१०-१५, २१:१-४







१ थेसलोनिकी ४:१६; प्रकाश १:१६, १९:११-२१, २०:१०-१५, २१:१-४


सन् १९९९ मा केही ख्रीष्टियानहरूले अहिलेसम्म सुसमाचार नसुनेका मानिसहरूको बारेमा वास्ता गरेर छलफल गरे र संसारका विभिन्न भाषामा कसरी सुसमाचार पुऱ्याउन सकिन्छ भनेर विचार गरे ।
तिनीहरूले चित्रकथाको किताब बनाएर मानिसले बुझ्ने भाषामा बाइबलका कथाहरू सुनाउने निर्णय गरे ।
कथा लेखेपछि तिनीहरूले ड्यानी बुलानाडी नामक विश्वचर्चित कार्टुनिष्टलाई भेटेर चित्रहरू बनाउने काम दिए ।
चित्र बनाउन, लेख्न र यो पुस्तक तयार पार्न ७ वर्ष लाग्यो ।
यो पुस्तक अहिले संसारका धेरै भाषामा अनुवाद भएर वितरण भइरहेको छ, मूल्य वास्ता राख्ने ख्रीष्टियानहरूले तिरेका छन् ।
येशू ख्रीष्टको सुसमाचार अहिलेसम्म नसुन्नेहरूलाई सुनाउन ख्रीष्टियानहरूले आफ्नो पैसा र समय खर्च गरिरहेका छन् ।
मित्र, तपाईंलाई कस्तो लाग्छ ? म तपाईंलाई एउटा पुस्तक दिन चाहन्छु । यसले तपाईंलाई आफ्नो पापबाट कसरी क्षमा पाउने र मरेपछि कसरी स्वर्ग जाने भनेर बताउँछ ।
म यसको मूल्य तिर्न सक्दिनँ ।
मलाई पैसा चाहिन्नँ । यो उपहार हो ।
तपाईंले किन मलाई सित्तैमा दिएको ?
किनभने म तपाईंलाई प्रेम गर्छु र मेरा साथी, यसमा खुसीको खबर छ ।
त्यसो हो भने म यसलाई पढेर संसारमा सुसमाचार बाँकी छ कि जान्नेछु ।
अर्को दिन ।
मेरो धर्मले मलाई कहिल्यै यस्तो कुरा भनेन । यो प्रेम र क्षमादान हो ।
यो सत्य हो भन्ने मलाई थाहा छ ! मैले परमेश्वरको विरुद्धमा पाप गरेको छु, तर उहाँले मेरो लागि मर्न आफ्नो पुत्र पठाउनुभयो । कस्तो अचम्म र रमाइलो !

यूहन्ना ३:१६, १४:६


प्यारो येशू, मलाई प्रेम गरेर मेरो साटोमा मर्नुभएकोमा धन्यवाद । म मेरो बाँकी जीवनमा तपाईंलाई पछ्याउन चाहन्छु ।
मलाई क्षमा दिइयो ! अब परमेश्वर मभित्र बास गर्नुहुन्छ ।
श्रीमती, अचम्मको कुरा भयो । मैले कहिल्यै नभेटेको मानिसले यो किताब दिए । यसले परमेश्वर कसरी पृथ्वीमा मानिसको रूपमा आउनुभयो र हाम्रा पापहरू हटाइदिनुभो भनेर सिकाउँछ ।
यसलाई हाम्रो लागि पढिदिनुहुन्छ कि ?
बुबा, म पढौं त ?
पाप र मुक्तिको बारेमा हामीलाई केही कुरा थाहा छ । तर पापबाट मुक्ति पाउने उपाय हाम्रो धर्मग्रन्थमा छैन । परमेश्वरले आफ्ना पुत्र येशूलाई हाम्रो पापको मोल तिर्न आफ्नो रगत बगाउन पठाउनुभयो ।
के स्त्रीहरू पनि पुरुषहरूझैँ क्षमा पाएर परमेश्वरको परिवारमा स्वीकारिन सक्छन् ?
हो, येशूले सबैलाई स्वागत गर्नुहुन्छ ।
अरूले पनि रावल परिवारमा आएको शान्तिको बारेमा सुने र अचम्मको समाचार सुन्न आए ।
यो साँच्चै अचम्मको समाचार हो । म मेरो परिवारलाई पनि यो सुन्न ल्याउनेछु ।
चाँडै किरणले यो चित्रकथा गाउँका सबैका लागि पढिदिए । तर किरणलाई अझै धेरै जान्न मन लागेको थियो ।


किरण, मैले यो कथा पहिले पनि सुनेथें । बजारमा एकजना मानिसले हरेक हप्ता आएर येशूको बारेमा बताउँछन् । कुनै दिन मैले नदीको किनारमा हिँडिरहँदा यो पुस्तकमा भनेझैं ती मानिसले अरूलाई बप्तिस्मा दिइरहेको देखें ।
मैले गएर यी मानिसलाई भेट्नुपर्छ । तपाईंले तिनलाई देखेको ठाउँमा मलाई लैजानुहोस् ।
हामी यहाँ आएको ३ दिन भइसक्यो तर उनलाई भेटेका छैनौं । हामी घर फर्कौं ?
मैले उनलाई भेट्नैपर्छ ।
तपाईंले यी किताब कहाँबाट पाउनुभयो ? यो किताब दिने मान्छे कहाँ छन् ?
उहाँ यहाँ भोलि मात्रै आउनुहुन्छ, तर अहिले दिउँसो तल खोलामा आउनुहुन्छ ।
तिनीहरू त्यहाँ छन् !
मेरी बहिनी, म तिमीलाई येशू ख्रीष्टको नाउँमा बप्तिस्मा दिन्छु ।
यहाँ कोही हुनुहुन्छ, जसले प्रभु येशू ख्रीष्टमा विश्वास गर्नुभएको छ र विश्वासीको बप्तिस्मामा उहाँको आज्ञाको पालन गर्नुहुन्छ ? तल पानीमा आउनुहोस् ।
मैले यो बारेमा किताबमा पढें । विश्वासीहरूले आफ्नो पुरानो जीवन बितेर गयो र येशू ख्रीष्टमा नयाँ सृष्टि हुँ भनेर देखाउन गर्छन् । मैले येशूलाई पछ्याउनुपर्छ ।




प्रेरित १९:२-५; रोमी ६:३-४




प्रेरित ८:३७, ४:१०-१२; रोमी १०:९


हामीले छिटो गर्नुपर्छ, भवन चाँडै हामीमाथि खस्नेछ !
किरणले आफ्नो भाइलाई आगोबाट बाहिर ताने ।
जब किरण अरूहरूलाई लिन जलिरहेको भवनमा जाँदै थिए...
क्याक् !
फुस्
भवन ती दुवैमाथि लड्यो !
ऊ हाम्रो धर्मको सेवामा मऱ्यो । हामी यसको लागि खीष्टियानहरूलाई दण्ड दिनेछौं ।
तिनीहरूले पूजाहारीलाई दुःखसँग डराउँदै गाडे किनभने तिनीहरूलाई अनन्त जीवनको आशा थिएन ।
किरणले आफ्नो जीवन आफ्ना साथीहरूको लागि दिए । त्योभन्दा ठूलो प्रेम अर्को छैन ।
आमा, दुःखी नहुनुहोस् । बुबा अहिले येशूसँग हुनुहुन्छ ।

यूहन्ना १५:१३




मत्ती ७:२१-२७, २५:२१, २५:३०; १ कोरिन्थी ६:९-११; याकूब ४:११-१७